मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

पूर्णाङ्क ६४

कात्तिक–मंसिर ०६४

मूल्य रु. १५।–



## शिक्षाको अधिकार र गुणस्तरीय शिक्षाको सवाल

RESEARCHERS

STUDENTS

ACADEMICS

ACTIVISTS




# Visit INSEC Library to have access to

# Human Righs Resources and Information

## Books on Human Rights Including :

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages





## Facilities :

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

**Informal Sector Service Centre (INSEC)**

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

**मानवका लागि मानवअधिकार**
**मानवअधिकारका लागि**
**उपयुक्त संस्कृति**

# प्राची

**संचेतना द्वैमासिक**

**वर्ष १५, पूर्णाङ्क ६४, कात्तिक-मंसिर २०६४**

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
लक्ष्मणदत्त पन्त

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा
गोपीकृष्ण भट्टराई

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

## शिक्षाको अधिकार र गुणस्तरीय शिक्षाको सवाल




- शिक्षाको अधिकार र गुणस्तरीय शिक्षाको सवाल ८
- मातृभाषामा शिक्षाको आवश्यकता, शैक्षिक नीति र विद्यमान चुनौतीहरू १४
- गुणस्तरीय शिक्षाका चुनौती र सरोकारवालाको भूमिका ३०
- मातृभाषा शिक्षाको वर्तमान स्थिति र शिक्षाका आवश्यक तत्वहरू ३४
- प्राथमिक शिक्षा : नि:शुल्क र गुणस्तरको सवाल ३९
- शिक्षा क्षेत्रका समस्या: गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको सवाल ४१

**आवरण फोटो**

सशस्त्र द्वन्द्वका कारण शिक्षकको अनुपस्थितिले विद्यालयमा पढाइ नहुने थाहा पाएर खिन्न मुद्रामा बाजुरा जिल्ला कोटिला गाविसस्थित श्री बागेश्वरी प्राविका विद्यार्थीहरू (२०६० सालमा) ।

- सरकारका यस्ता नीतिले दलितको धोको पूरा होला ? ४३
- सानै छ भुन्टे तर, पिठ्यूमाथि भारि..... ४४
- बेपत्ता नागरिक परिवारको पीडा: छोरीलाई कसरी पढाउँ ? ४५
- लघु कथा : शीत लहर ५५
- फेरि बालिका शिक्षाको कुरा ५५

**नियमित स्तम्भहरू**

- यथावत २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- प्राची वार्ता ५४
- जनमत ५०
- मानवअधिकार सामान्य ज्ञान ४६
- पुस्तक परिचय ५६

## हार्दिक बधाई



इन्सेकका महासचिव तथा प्राचीका सल्लाहकार श्री कुन्दन अर्याल हिमाल खबरपत्रिकाको सम्पादक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**प्राची परिवार**

संघीय लोकतान्त्रिक गणतन्त्रको लामो तर निरर्थक नारा दिएर कांग्रेसले वी पी कोइराला र गणेशमान सिंहलाई चटक्कै बिर्सिएको छ।



**कृष्णप्रसाद भट्टराई**
संस्थापक नेता- नेपाली कांग्रेस
०६४ असोज ९ गते
कांग्रेस महासमिति वैठकमा पठाइएको हस्तलिखित पत्रमा

---

संविधानसभा निर्वाचन नभएसम्म गणतन्त्र असम्भव छ।



**माधवकुमार नेपाल**
महासचिव- नेकपा (एमाले)
०६४ असोज २८ गते
काठमाडौंमा आयोजित गैरआवासीय नेपालीहरूको तेस्रो विश्व सम्मेलनमा बोल्दै

---

कांग्रेसको गणतन्त्रमा जाने निर्णयले निरंकुश राजतन्त्रलाई शान्तिपूर्ण रूपमा बिदाइ गरेर रक्तहीन क्रान्तिलाई सम्भव बनाएको छ।



**रामचन्द्र पौडेल**
शान्ति तथा पुन:निर्माण मन्त्री
०६४ असोज ९ गते कांग्रेस महासमिति वैठकमा

---

माओवादीको पहिलो प्रयत्न संसदबाट गणतन्त्र घोषणा हो। यो मान्य नभए जनमतसंग्रह वा अन्य कुनै विकल्प खोजेर पनि राजतन्त्र बारे तत्काल निर्णय गर्नुपर्छ।



**डा. बाबुराम भट्टराई**
वरिष्ठ नेता- नेकपा (माओवादी)
०६४ असोज २० गते बालुवाटारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँगको भेटमा

## कार्टून

बासु क्षितिज



...कौं बिच्काउनु। चुनाव सान्या जिम्मेवारी कसले लिन्छ नेताज्यू भनेर सोध्यामात्र थें!

**साभार** : अन्नपूर्ण पोष्ट दैनिक
०६४ असोज २१ गते

**प्रिय पाठक !**

**तपाईलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला ।**

email : prachi@insec.org.np

**सम्पादक**

सन् १९४८ मा पारित मानवअधिकारको बिश्वब्यापी घोषणापत्रको धारा २६ मा प्रत्येक ब्यक्तिलाई कमसेकम प्रारम्भिक तथा आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुने तथा मानव ब्यक्तित्वको पूर्ण विकास र मौलिक स्वतन्त्रतालाई बलियो पार्नेतर्फ शिक्षाको प्रचार-प्रसार गरिने उल्लेख गरिएको छ । सो घोषणापत्रले प्राविधिक र ब्यवसायिक शिक्षा सर्वसुलभ र उच्च शिक्षामा सबैको समान पहुँच हुने अधिकारकोसमेत प्रत्याभूति गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा १३ ले प्राथमिक शिक्षा अनिवार्य, माध्यमिक र उच्च माध्यमिक शिक्षा समान एवम् उच्च शिक्षामा निःशुल्कको अवधारणालाई आत्मसात गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १८ को उपधारा ४ मा सामाजिक र सांस्कृतिक परिवेशअनुसार जनताले धार्मिक तथा नैतिक शिक्षा पाउने अधिकारलाई, र बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको धारा २८ मा सबैलाई प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हनुपर्ने, माध्यमिक शिक्षामा बिभिन्न प्रकृतिका बिषयहरू अध्ययन गर्न पाउनुपर्ने, ब्यवसायिक शिक्षामा सबै बालबालिकाको समान पहुँच हुनुपर्ने र निःशुल्क शिक्षाको क्रमिक थालनी गरिनुपर्नेमा जोड दिइएको छ । आदिवासी तथा प्रजातीय समूहहरूका सम्बन्धमा भएको अन्तर्राष्ट्रिय श्रम संगठनको सम्मेलन १९८१ ले आदिवासी समूदायहरूले राष्ट्रको मूलधारमा रहेका जनतारूले सो सरह शिक्षा पाउने अधिकारको सुनिश्चितता गरेको छ । सन् २००० मा सहस्राब्दी विकास लक्ष्य घोषणा गर्दै नेपाललगायत १ सय ८९ वटा राष्ट्रले बिद्यमान लैङ्गिक असमानतालाई शिक्षाको सबै तहबाट निर्मूल पार्ने र बिश्वब्यापी रूपमा प्राथमिक शिक्षा हासिल गर्ने प्रतिज्ञा गरेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक समूदायलाई कानूनमा ब्यवस्था भएअनुसार माध्यमिक तहसम्म निःशुल्क र आफ्नो मातृभाषामा आधारित शिक्षा पाउने हकको प्रत्याभूति गरेको छ ।

नेपालले शिक्षाको अधिकारको प्रत्याभूति गर्न अन्तर्राष्ट्रिय रूपमा ब्यक्त गरेका प्रतिबद्धताहरूको पालना भने गरेको देखिदैन् । बेलाबखतमा निर्माण गरिएका शिक्षासम्बन्धी नीतिहरू राजनीतिक इच्छाशक्तिको अभावमा कार्यान्वियन हुनसकेका छैनन् । उच्चवर्गको आवश्यकतालाई दृष्टिकोण गरी निर्माण गरिएका शिक्षा नीतिले देश निर्माणको अभियानमा सर्वसाधारण नेपालीको पहुँचलाई कठिन बनाएको छ । बिना योजना शिक्षाका नाममा गरिएको लगानीले राष्ट्रको आर्थिक तथा भौतिक स्रोतमा ह्रास ल्याएको छ भने अनुत्पादक शिक्षा नीतिले लाखौ युवाहरूलाई बेरोजगार तुल्याएको छ । सात दल सम्मिलित  लोकतान्त्रिक सरकारले विभिन्न जातजाति, भाषा, धर्म, लिङ्ग पिछडिएका वर्ग, अल्पसंख्यक, महिला एवम् बालबालिकाका लागि शिक्षामा कुनैपनि आधारमा भेदभाव नगरिने प्रतिबद्धता जाहेर गरेपनि शिक्षासम्बन्धी राष्ट्रिय कार्यक्रमहरूलाई संवैधानिक प्रावधान र अन्तर्राष्ट्रिय संयन्त्रअनुसार प्रभावकारी रूपमा कार्यान्वियन गर्न सकेको छैन् । यसबाट ऐतिहासिक रूपमा पिछडिएका आदिवासी जनजाति, दलित, महिला, बालबालिका र अल्पसंख्यक समूदायहरू शैक्षिक बिभेदको सिकार भएका छन् । समग्रमा नेपालले शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानलाई सैद्धान्तिक रूपमा स्वीकार गरी सोही अनुसार शिक्षा क्षेत्रमा ठूलो मात्रामा बजेट खर्च गरेपनि सो प्रतिबद्धताहरूको कार्यान्वियन पक्षमा उदासिनता देखिनुले राज्य शिक्षाको अधिकार प्रत्याभूतिका लागि कटिबद्ध नदेखिएको आभास हुन्छ ।

नेपाल सरकारले शिक्षाको अधिकारको प्रत्याभूतिका लागि सर्वप्रथम राष्ट्रिय शिक्षा नीति स्पस्ट पार्नु जरूरी छ । यसका लागि राज्यले अधिकारमा आधारित शिक्षानीति अवलम्वन गर्दै दलित, आदिवासी, जनजाति, महिलालगायतका वञ्चित समूदायको शिक्षामा पहुँच हुनेखाले कार्यक्रमहरू निर्माण गर्नुपर्दछ । बिभिन्न भाषाभाषिहरूले आफ्नो मातृभाषामा प्राथमिक शिक्षा अध्ययन गर्न पाउनुपर्ने माग गरिरहेका बेला ती भाषाभाषिहरूमा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री तयार गरी त्यसको प्रभावकारी कार्यान्वयनतर्फ ध्यान दिनु अनिवार्य छ । शिक्षालाई सर्वसाधारणको पहुँचको बिषय बनाउन राज्यले सामाजिक रूपान्तरणको प्रक्रियामा संलग्न समूदायलाई शैक्षिक नेतृत्व प्रदान गर्न कन्जुस्याई गर्नुहुदैन । संविधानसभाको निर्वाचनमार्फत राज्य पुनः संरचनाको कार्यमा जुटेका राजनीतिक खेलाडीहरूले अब बन्ने शिक्षानीति जीवनपयोगी र अधिकारमुखी हुनुपर्ने कुराको हेक्का राख्नुपर्दछ ।

इतिहासको पानाबाट

# त्यहाँ मानव-मल पनि खुवाइन्छ

कुनै मानिसलाई अपराध गरेको अभियोगमा दण्ड स्वरूप मानिसकै मलमूत्र खुवाउनु मानवअधिकारको घोर अपमान होइन ?

आज नेपालका कारागारहरूमा यस्तो कार्य खुल्लेआम इरहेको छ। बन्दी अवस्थामा रहेका मानिसले पटक-पटक कारागारभित्रै अपराध गरेको ठहरिएमा सम्पूर्ण बन्दीहरूकै अगाडि यसरी मानिसको मलमूत्र खुवाएर दण्ड दिने चलन आज पनि रहेको छ। सम्बन्धित निकायले यसप्रति चासो नदेखाएर बसिरहने हो भने यस्तो अमानवीय दण्ड सजायको कुसंस्कार भोलि एउटा वर्गको मनोरञ्जनको साधनमा विकसित हुँदै जानेछ। विस्तारै विस्तारै नेपालको विभिन्न जेलहरूमा यो प्रथा बढ्दै गइरहेको पनि छ।

जेलभित्र राणा शासनको पालादेखि नै यो दण्ड सजाय प्रचलित हुँदै आएको हो। तर "मानिसको मलमूत्र खुवाउने" भन्ने सजाय कुनै कानूनको ठेलीमा उल्लेख गरेको पाइदैन। जेलका प्रशासकहरूले नै यस्तो दण्ड दिने नियम बनाएका हुन्। काठमाडौं स्थित केन्द्रीय कारागारमा हरेक वर्ष बन्दीहरूलाई दुई तीन पल्ट यस्तो दण्ड दिने गरिन्छ।




जसरी गाउँघरमा गोरूलाई तह लगाउन लाठीले भक्कुमार चुटिन्छ, त्यसरी नै आज पनि जेलमा बन्दीहरूलाई कुनै ठूलो अपराध गरेको अभियोगमा जीवन नै बर्बाद हुने गरी ठूला ठूला लाठीले पिट्ने गरिएको पनि पाइन्छ।

जेलभित्र यस्ता भयानक सजाय भोग्नु परेका बन्दीहरूको पछि भविष्य नै अन्धकार भएको पाइएको छ। यस्तो सजाय जेलभित्र जस जसले पाएका छन् ती बन्दीहरू हाडको क्यान्सर, टीवी आदि भयानक रोगको शिकार भएको पनि भेट्टाएको छ।

कुनै अपराध गर्ने मानिसलाई कानूनी कारबाही गर्नुपर्छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन। तर जेलमा आज कुनै पनि बन्दीलाई सम्पूर्ण बन्दीहरूको माझमा मानसिक पीडा हुने गरी गैरकानुनी दण्ड दिने प्रचलन व्याप्त छ।

**- सुजिव बज्राचार्य**

प्राची द्वैमासिक, वर्ष १, अंक २,
पुस-माघ २०४९

## पाठक प्रतिक्रिया

**सम्पादकज्यू**

मानवका लागि मानवअधिकार मानवअधिकारका लागि उपयुक्त संस्कृती भन्ने नारा दिई अभियानको रुपमा अघि बढेको प्राची आज मानवअधिकारकार्मीका लागि मात्र हैन सचेत नागरिक र मानवअधिकारको वारेमा चासो भएका प्रत्येक व्यक्तिको खुराक बनेको छ। मेरो हातमा सर्वप्रथम प्राचीको पुर्णाङ्क २७ मंसिर २०५६ को अंक परेको थियो। जसको आवरण पृष्ठमा तानाशाहको वाहकहरुलाई पठाउन गाह्रो छ भन्ने कविताले नै मलाई प्राचीको अंकले आर्कषित गरेको थियो। तत्पश्चात प्राचीका सवै अंकहरु मैले खोजी खोजी पढने कार्य जारी राखेको छु। खासगरी पछिल्लो अवधिमा आएर प्राचीले प्रत्येक अंकमा कुनै खासखास र महत्वपूर्ण विषयलाई आफ्नो विषयबस्तु बनाएर प्रकाशन हुँदै आएकोले यसले आफ्नो उचाईलाई अझ विशिष्ट बनाएको छ। अझ भन्ने हो भने प्राची अंक ६३ जसको आवरणमा शान्ति स्थापना अवधारणा र अभ्यासका वारेमा महत्वपूर्ण लेखहरु प्रकाशन भएका छन्, यसले प्राचीलाई अझ स्तरीय बनाएको छ। मुलुकको अवस्था र नागरिकहरुको चाहना अनुसार लेख रचनाहरुको प्रकाशन गर्नुमा पनि सम्पादकको आफ्नो परिचय लुकेको हुन्छ। प्राची अंक ६३ ले सम्पादकको कुशल कार्यसम्पादनको परिचय दिएको छ।

प्राचीले चाहे मजदुरको विषयमा होस,चाहे कमैया वा दलित, महिला, जनजाति, वेपत्ता पारिएका नागरिक, मधेसी, शान्ति स्थापना अथवा प्रजातन्त्र, मानवअधिकार र कानूनका विषयमा होस्, प्रत्येक विषयबस्तुलाई गम्भीर रुपमा उठान गरी ठोसरुपमा ती समस्याहरुलाई स्थापित गर्दै लगेको छ। मानवअधिकारको क्षेत्रमा यसले जनचेतना फैलाउने, जनजागरण गर्नेलगायतका महत्वपूर्ण कार्य गरेको मैले पाएको छु। खासगरी विधिको शासन,प्रजातन्त्र, मानवअधिकारका सवालमा आफ्नो कलम अघि बढाउदै आएको प्राचीलाई अब केही निश्चित व्यक्ति र समूहसम्म मात्र हैन सवै वर्ग, तह तप्कामा पुऱ्याउनु जरुरी छ। यसमा उल्लेखित बिषयबस्तुलाई मानवअधिकार उल्लघनका घटनाहरुमा आफ्नो कलम निडर रुपले चलाएको छ। अन्तमा प्राचीले मुलकको बर्तमान अवस्था र समस्याहरुलाई उजागर गर्दै जाओस भन्ने सुभकामना सहित।

**कुलानन्द उपाध्याय,अधिवक्ता,**
**धनगढी नगरपालिका, अदालत रोड, कैलाली**

**सम्पादकज्यू,**

प्राचीका प्रत्येक अंकहरु पढनको लागि एकपछि अर्कोको प्रतिक्षा गरेको हुन्छु। समसामयिक विषयबस्तुलाई जनसामु छर्लङ्ग हुनेगरी पस्किने काम प्राचीले गरेको छ, साथै ओझेलमा परेका विषयहरुलाईसमेत उजागर गरेको पाउँदा अत्यन्तै खुसी लाग्छ। यसपटक पनि प्राचीको ६३ औं अंक पढने अवसर पाए। सुरुवात देखि नै दिगो शान्तिका लागि अपनाउनु पर्ने उपायहरुवारे विभिन्न शिर्षकमा लेख रचनाहरु अत्यन्तै महत्वपूर्ण छन्। स्थानीय स्तरबाट नै जनताहरु आफ्ना अधिकारका बारेमा सचेत र जागरुक भएका थुप्रै उदाहरणहरु पढन पाउदा खुसी लाग्यो। यसैवीच 'शान्ति सहमतिले दिन नसकेको शान्ति' घटना पढन पुगे, जुन खवरले मेरो मन अत्यन्त मर्माहत भयो। मलाई लाग्दथ्यो अव त मधु र नन्दकलीले क्षतिपूर्ति पाए होलान्, मनको घाउ पुरिन थाल्यो होला, तर उनीहरुका आवाजले न त क्षतिपूर्ति नै पाउन सक्यो न त दोषीलाई कारबाही नै भयो। यो देशमा दण्डहीनता अन्त्य नहुदासम्म शान्तिको परिकल्पना सम्म नगरे हुन्छ भन्ने कुरा घाम झैं छर्लङ्ग छ। आगामी दिनका प्राचीका अंकहरुमा थुप्रै मधु र नन्दकलीहरुले न्याय पाएका खवर आउन सकुन म त्यसकै प्रतिक्षा गरिरहेको छु।

**चित्रा पनेरु**
**धनगढी नपा - १, शिवनगर,कैलाली**



# पारदर्शी निर्णय प्रक्रियाको खाँचो

सुबोधराज प्याकुरेल

**खासमा कुरा के हो भने सबै नेतालाई चुनावमा जान डर लागेको छ । माओवादीलाई जनताले दश वर्षको अत्याचारको कारण सोध्लान् भन्ने डर छ । अरूलाई दश वर्षसम्म जनतालाई कहालीलाग्दो अवस्थामा छोडेर 'तिमी कहाँ थियौ ?' भनेर सोध्लान् भन्ने डर छ । जनआन्दोलनको देशव्यापी उभारको सम्भावना ताजै छ । सबैजसो वरिष्ठ नेताहरूले आफ्नो पुरानो इज्जत ओह्रालो लागिसकेको छ भन्ने पनि बुझेका छन् । अमेरिकाका पूर्व राष्ट्रपति जिमी कार्टरले दिएको सुझाव नेपालका मानवअधिकारकर्मीहरूले पनि नदिएको होइन । तर, विदेशीको ओठ नचली कुरा नसुन्ने बानी र प्रवृत्ति नेपालका राजनीतिज्ञमा अति बलियो भइसकेको छ ।**

नेपालको लोकतन्त्र फेरि धरापमा परेको हो कि ? भन्ने चिन्ता अहिले व्याप्त छ। जनतासँग खुल्ला-खुलस्त सम्बन्ध राख्ने र पारदर्शी एवम् सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गर्न नसक्नाले यो समस्या देखिएको हो। आजसम्म जति पनि राजनीतिक सहमति र सम्झौताहरू गरिए त्यसलाई लागू गर्ने क्षमतावान संरचना र त्यसको अनुगमन गर्ने प्रभावशाली र निष्पक्ष व्यवस्था पनि समानान्तर गर्नुपर्छ भन्ने कुरामा मानवअधिकारकर्मीहरूले जोड दिइ आएका छन्। तर, सगोलमा सम्झौता गर्ने र अर्काको कमजोरी मात्र देखाएर आफू चोखो देखिन खोज्ने रोग सबै दलमा देखियो। दण्डहीनतालाई राजनीतिक द्वन्द्वको जिम्मा लगाएर सुरक्षा व्यवस्था अस्तव्यस्त हुनु स्वभाविक हो भन्नेसम्मको गैरजिम्मेवारीपनको पराकाष्ठा गृहमन्त्री स्वयम्ले अभिव्यक्त गर्ने गरेका छन्।

खासमा कुरा के हो भने सबै नेतालाई चुनावमा जान डर लागेको छ। माओवादीलाई जनताले दश वर्षको अत्याचारको कारण सोध्लान् भन्ने डर छ। अरूलाई दश वर्षसम्म जनतालाई कहालीलाग्दो अवस्थामा छोडेर 'तिमी कहाँ थियौ ? भनेर सोध्लान् भन्ने डर छ। जनआन्दोलनको देशव्यापी उभारको सम्भावना ताजै छ। सबैजसो वरिष्ठ नेताहरूले आफ्नो पुरानो इज्जत ओह्रालो लागिसकेको छ भन्ने पनि बुझेका छन्। अमेरिकाका पूर्व राष्ट्रपति जिमी कार्टरले दिएको सुझाव नेपालका मानवअधिकारकर्मीहरूले पनि नदिएको होइन। तर, विदेशीको ओठ नचली कुरा नसुन्ने बानी र प्रवृत्ति नेपालका राजनीतिज्ञमा अति बलियो भइसकेको छ।

संविधानसभाले राज्यको भविष्यको ढाँचा मात्र कागजमा कोर्ने हो। त्यसलाई व्यवहारमा रूपान्तर गर्ने कुरा फेरि पनि आगामी संसद र सरकारकै कार्यभार हो। नेपालको राजनीति अहिले सैद्धान्तिक बहस गर्ने भन्दा जसोतसो थामथुम पार्ने रणनीतिमा अल्झिएको छ। यस्तै अन्यौल धेरै दिन रहेमा नेपालको नियति पनि बंगलादेशको जस्तो हुनसक्छ। अर्काको भरथेग बेगर उभिन नसक्ने त्यस्तो देशलाई लुलो राष्ट्र (Banana State) भनिन्छ। वर्षौंसम्म दलहरूको आपसी झैं झगडाले आक्रान्त भएको बंगलादेशलाई जोगाउने नाममा छिमेकी भारत, बलियो अमेरिका, दाता क्यानडा, अष्ट्रेलिया, लगानीकर्ता विश्व बैंक, एशियाली विकास बैंक र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले लुलो राष्ट्र (Banana State) घोषणा गरे। बंगलादेशको सेना, निजामति प्रशासन र न्यायालयसमेत यो कदमलाई समर्थन गर्न बाध्य भयो। अहिले त्यहाँका दुई ठूला दलका नेताहरू भ्रष्टाचार र अन्य अभियोग लागेर जेलमा छन्। पार्टी जोगाउनु पर्छ भन्दै ती पार्टीका नेताहरूले वैकल्पिक नेतृत्व स्थापना गर्नेदेखि पार्टी जोड्ने सम्मको जमर्को गर्दैछन्। जनताको स्वतन्त्रता धरापमा परेको छ। मानवअधिकारकर्मी र सञ्चारकर्मीहरू त्रासमा छन्। जनताले नेताहरूलाई हात लगाएर सराप्न थालेका छन्। बुद्धिजीवीहरूलाई चिन्ता छ कि फेरि वैकल्पिक लोकतान्त्रिक दलहरूको निर्माण हुन कति लामो समय लाग्ला ? त्यतिन्जेल बंगलादेशको प्राकृतिक स्रोत विदेशीको हात परिसक्ने कुराले देशभक्तहरूको मन पोलेको छ।

यी र यस्ता सारा समस्याको समाधान गर्ने भनेको जनताले हो। आम नागरिक जागरूक भए मात्र राष्ट्र बलियो हुन्छ। जनता बलियो हुन उनीहरूमा आत्मविश्वास हुनुपर्छ। र आत्मविश्वासी जनता तबमात्र हुन्छन् जब उनीहरूले आफ्नो सहभागिता र सम्मान अनुभव गर्छन्। हाम्रा राजनीतिक खेलाडीहरू र विशेषगरी नेताहरूले यो कुरा बुझ्लान् ?



अवतरण

कुन्दन अर्याल

# निरन्तर संघर्ष : वीरेन्द्रप्रतिको श्रद्धाञ्जली

**नेपाली पत्रकारहरु यतिबेला अत्यन्त असुरक्षित छन् । वीरेन्द्रकुमारको हत्याका सम्बन्धमा स्वतन्त्र छानवीन गरेर अपराधीहरूलाई कारबाही नगरिए हामी भविष्यमा अझ बढी असुरक्षित हुनेछौं । हामीले यो देशमा स्वतन्त्रतापूर्वक निर्भिक भएर पत्रकारिता गर्न पाउँछौं कि पाउँदैनौ ? माओवादीले हामीलाई अझै जवाफ दिएको छैन् । माओवादीभित्रका अपराधीहरूलाई कारबाहीको दायरामा ल्याउन त्यस पार्टीले खुलेर सहयोग नगरेसम्म हामी संघर्षरत् भइरहनु पर्दछ ।**

तीन चार महिनाअघि वीरेन्द्रले एक दिन फोन गरेर भने म काठमाण्डौ आएको छु सर। मैले सोधें भेट्ने होइन त ? त्यही दिन कार्यालय समयभन्दा पछि वीरेन्द्र गढीमाई एफ एम, वीरगंजका अध्यक्ष रामचन्द्र प्यासीका साथ इन्सेकमा आइपुगे। त्यसदिन हामी तीन जनाले निकै बेर कुराकानी गर्‍यौ। जानेबेला मैले दुवैलाई केही प्रकाशनहरु दिएँ। वीरेन्द्रले अग्रसर हुँदै भने, 'मलाई सर सुशील प्याकुरेल र तपाईंले मिलेर लेखेको मानवअधिकार र प्रेस भन्ने किताब पनि चाहियो।' मैले भने त्यो त नेपाल प्रेस इन्स्टिच्युटले निकालेको हो। अहिले यहाँ छैन्। उनले फेरि जिद्दी गरे घरमा त एउटा होला नि म त्यही लैजान्छु। मैले मपछि जसरी भए पनि उपलब्ध गराउँला भनेर टारें। अब मैले उनलाई त्यो किताब कहिल्यै दिन नपाउने भएँ।

करिब चार वर्षअघि हेटौंडामा रेडियो पत्रकारितासम्बन्धी एउटा तालिमको प्रशिक्षक भएर गएको थिएँ। फर्किने बेलामा सिमरा एयरपोर्टमा एउटा हँसिलो युवक आएर नमस्कार गर्दै सोध्यो सरले मलाई विर्सनु भयो, म चन्द्रनिगाहपुरको तालिममा थिएँ नि। झण्डै सात वर्षअघि चन्द्रनिगाहपुर, रौतहटमा भएको पत्रकारिता अभिमूखी तालिमका सहभागी पच्चीस जनामध्ये एकजना उनी पनि थिए। हाम्रो पुर्नपरिचय भयो। बेलाबेला फोनमा कुरा हुन्थ्यो। उत्साह र लगनशीलता वीरेन्द्रको सवलताका कारण थिए। जिज्ञासु स्वभाव र लगनशीलताले उनलाई छिटै नै एक साहसी र सकृय पत्रकारका रुपमा स्थापित गरायो। छापा, रेडियो र टेलिभिजन पत्रकारितामा सँगसँगै सकृय ती सहकर्मी नेकपा ( माओवादी)को ज्यादतिको पछिल्लो शिकार भएका छन्। माओवादीबाट मारिएका नेपाली पत्रकारहरुको सूचीमा उनको नाम थपिन पुगेको छ।



स्व. वीरेन्द्र साह

दुई वर्षअघि काठमाण्डौमा भएको अर्को चार महिने पत्रकारिता तालिममा उनी बडो तन्मयका साथ सहभागी भए। फर्केर जाँदा उनले ठूलो परिमाणमा पुस्तकहरु लिएर गए। उनको अपहरणपछि एकजना पत्रकार पोखराको कुनै कार्यकममा केही समयअघि मात्र उनीसँग भएको भेटको सम्झना गर्दै थिए। उनी वीरेन्द्रको जिज्ञासु स्वभाव र सकृयताको सम्झना गर्दै थिए। पत्रकारिताका कक्षाहरुमा मैले कैयन चोटी विधार्थीहरुलाई घोकाएको छु जिज्ञासु स्वभाव एउटा कुशल पत्रकारको आधारभूत गुण हो। यस्तो गुण वीरेन्द्रमा जुनसुकै बेला पनि देखिन्थ्यो।

भदौ १८ गते दिउँसो उनको अपहरण हुने वित्तिक्कैदेखि कलैया, वीरगंज र काठमाण्डौका पत्रकार तथा अधिकारकर्मीहरु सशंकित र सकृय भइसकेका थिए। तर अपहरणको एकसातासम्म पनि स्थानीय प्रशासनले घटनामा जोडिएका कसैलाई गिरफ्तार गर्न सकेन। प्रहरीलाई गृह प्रशासनले गम्भीरतापूर्वका परिचालन नै गरेन। साहकी पत्नीले दुई नाबालक आफूसाथै ल्याएर प्रचण्डसँग पतिको मुक्तिको माग नगरेसम्म माओवादीले ढाँटी नै रह्यो।

घटनाको तेश्रो दिन वीरेन्द्रलाई अपहरण गरिएको गाउँसम्मै पुगेर सारा तथ्य हात पारिसकेपछि म पत्रकार महासंघका केन्द्रीय सदस्य कार्टुनिस्ट रमेश विष्ट र नेपाल प्रेस युनियनका कोषाध्यक्ष जुनारबाबु बस्नेतसँग माओवादी जिल्ला इन्चार्ज अनिल श्रेष्ठ कहाँ पुगेको थिएँ। अनिलले त्यसबखत बोलेका कुराहरु रेकर्डसमेत गरिएका छन्। उनले भनेका थिए, यो घटनामा माओवादीका जिम्मेवार जिल्ला नेता लालबहादुरको कुनै हात छैन्। त्यसबखत उनको सम्पूर्ण प्रयास झूठलाई सत्यका रुपमा स्थापित गर्ने नै थियो। उनको झूठ मैले उनको आँखामा पढेको थिएँ। हामीले वीरगंज पुगेर पत्रकार सम्मेलनमा प्रष्ट पार्यौ वीरेन्द्रको अपहरणमा माओवादीका रुपमा परिचित




व्यक्तिहरु नै संलग्न भएका थिए। तत्कालैदेखि मैले कैयन रेडियो र टेलिभिजनहरुसँगको अन्तरवार्तामा त्यही कुरा प्रष्ट शब्दमा राखें। तर माओवादीहरुले ढाँटी रहे। उनीहरुले ठानेका थिए होलान, त्यसैगरी ढाँट्दा ढाँट्दै अज्ञात समूहद्वारा अपहरित भन्ने बनाबटी तथ्य स्थापित हुनेछ। तर हामी सबैले सत्यको जगमा उभिएर ऐक्यवद्ध र सशक्त संघर्ष सञ्चालन गरि रहयौं।

दुई चार दिनभित्रै वीरेन्द्रको मुक्तिको माग देशव्यापी रुपमा हुन थाल्यो। नेपाली पत्रकारहरुको संघर्षप्रतिको ऐक्यवद्धता विश्वव्यापी रुपमा फिंजियो। त्यसपछि मात्र नेकपा (माओवादी)ले छानवीनको नाटक गरेर अपहरणकारी र हत्याराहरुको नाम सार्वजनिक गऱ्यो। माओवादीको झूठको महल खडा गर्ने सपना चकनाचूर हुन पुग्यो। एक महिनासम्म घटनामा आफ्ना कार्यकर्ताहरुको संलग्नता अस्वीकार गर्ने माओवादीले अन्ततः आफ्नो प्रतिवेदनमा सुरुदेखि लागेका सबै अभियोगहरु स्वीकार गयो। ती सबै नामहरु माओवादी छानवीन टोलीले जस्ताको त्यस्तै दोहोऱ्यायो, जो त्यसअघि पत्रकार महासंघ, मानवअधिकारकर्मी र संसदीय टोलीले उल्लेख गरेका थिए। त्यसअघि अपहरणको पच्चीसौं दिन प्रचण्डले आफ्नो कार्यकर्ताको संलग्नता स्वीकार गरेका थिए।

अपहरणको बत्तीस दिनपछि नेकपा (माओवादी)ले घटनासम्बन्धी प्रतिवेदनका नाममा जे जस्तो विवरण अघि सार्‍यो, सरकारले त्यसभन्दा अगाडि छानवीन गर्न सकेको छैन। परिवारलाई दस लाख रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराएर सरकार अपराधीहरुलाई कारबाही गर्नुपर्ने मागको वेवास्ता गर्न खोज्दैछ। नेपाली पत्रकारहरु यतिबेला अत्यन्त असुरक्षित छन्। वीरेन्द्रकुमारको हत्याका सम्वन्धमा स्वतन्त्र छानवीन गरेर अपराधीहरुलाई कारवाही नगरिए हामी भविष्यमा अझ बढी असुरक्षित हुनेछौं। हामीले यो देशमा स्वतन्त्रतापूर्वका निर्भिक भएर पत्रकारिता गर्न पाउँछौं कि पाउँदैनौ ? माओवादीले हामीलाई अझै जवाफ दिएको छैन्। माओवादीभित्रका अपराधीहरुलाई कारबाहीको दायरामा ल्याउन त्यस पार्टीले खुलेर सहयोग नगरेसम्म हामी संघर्षरत् भइरहनु पर्दछ।

वीरेन्द्रको उत्साह, जिज्ञासु स्वभाव र निर्भिकता माओवादीभित्रका अपराधी तत्वको आँखामा बिझायो। अभिव्यक्ति स्वतन्त्रताका विरोधी त्यस्तो प्रवृत्तिविरुद्ध संघर्ष कायम राख्ने दायित्व अब हामी वीरेन्द्रका सहकर्मीहरुको काँधमा छ।

भदौ २१ गते हामी जव वाराको जंगल-जंगल कच्ची बाटो वीरेन्द्रको अपहरणका सम्बन्धमी तथ्य संकलनका निम्ति अघि बढिरहेका थियौं। मलाई कताकता लागिरहेको थियो वीरेन्द्र अनयासै मेरा सामुन्ने आइपुग्ने छन् र हँसिलो अनुहारमा भन्ने छन् ओहो सर मलाई खोज्न जंगल जंगल कुद्दै हुनुहुन्छ । मलाई दशैंभरि पनि लागिरहन्थ्यो, वीरेन्द्र जीवित भइदिए हुन्थ्यो। अपहरणको एक महिनापछि माओवादीले निर्लज्तापूर्वक मेरो साथीलाई मैले अब कहिल्यै भेट्न पाउँदैनस् भन्ने घोषणा गरिसकेका छन्। तर माओवादीहरुको यो घोषणाले नेपाली पत्रकारहरुलाई तर्साएको छैन। बरु प्रेस स्वतन्त्रताका दुश्मनहरुलाई परास्त गर्न हामी अझ उत्साहका साथ अग्रसर छौं। वीरेन्द्रकुमार साहप्रति साँचो श्रद्धाञ्जली यसैगरी मात्र व्यक्त गर्न सकिन्छ भन्ने कुरामा हामी अत्यन्त सचेष्ट छौं।

# शिक्षाको अधिकार र गुणस्तरीय शिक्षाको सवाल

ऋषिकेश पाण्डे

**शिक्षा समाज परिवर्तनको शक्ति हो । मानवअधिकारका विविध पाटाहरु मध्ये शिक्षाको अधिकार एउटा पाटो हो । शिक्षाले मात्र नागरिकलाई आफ्ना अधिकारबारे सचेत रहन र अधिकार उपभोग गर्न सक्ने बनाउँछ ।**

**१. विषय प्रवेश**

"विद्यालय भत्कने डरले पढ्न जानै बन्द। पुल नहुँदा विद्यालय जानबाट वञ्चित। गोठमा विद्यालय। विद्यालयमा पानी चुहियो। कक्षाकोठा अभाव। विद्यालय छाडेर ऋण तिर्न गोठालो। शिक्षक फर्काउन माग गर्दै तोडफोड। त्रि.वि. पाठ्यक्रम २० वर्ष पुरानै। अर्को माग थपिएको छ पढदै नपढी प्रमाणपत्र। उच्च मा.वि.द्वारा विभिन्न प्रलोभनमा विद्यार्थी तानातान, क्याम्पस सुनसान। कम भर्नाका कारण भर्ना भएका विद्यार्थी फर्काइयो। लौ हेर ! आफ्नो भर्ना हुने फिस पनि बोक्न सक्दैन ए यो त ...।"

नेपालमा शिक्षाको अवस्थाको सन्दर्भमा पत्र-पत्रिकामा यस्ता समाचारहरु नियमित नै आई रहन्छन् जसले नेपालको शैक्षिक अवस्थाको केहि झझल्को दिन्छ। शिक्षा समाज परिवर्तनको शक्तिं हो। मानवअधिकारका विविध पाटाहरु मध्ये शिक्षाको अधिकार एउटा पाटो हो। शिक्षाले मात्र नागरिकलाई आफ्ना अधिकारबारे सचेत रहन र अधिकार उपभोग गर्न सक्ने बनाउँछ। नेपाल जस्तो संरचनात्मक तथा शसस्त्र द्वन्द्वको भूमरीमा रुमल्लिएको देशमा शिक्षा द्वन्द्व रुपान्तरण तथा शान्ति स्थापनाको माध्यमसमेत बन्न सक्छ। शिक्षाले सामाजिक विविधता जस्तै सामाजिक-धार्मिक-क्षेत्रीय-जातीय विविधताको मात्र नभै राष्ट्रिय विविधतामासमेत समझदारी वनाउन, सह-अस्तित्व स्वीकार गरी सहिष्णुता र मित्रताको भावनाले सामन्यायिकता विकास गरी शान्तिपूर्ण समाज निर्माणमा सघाउ पुऱ्याउछ। भाषा तथा साँस्कृतिक पहिचान, तिनको सम्मान तथा अरुको सस्कृती र सभ्यताको पहिचान गराउने हुँदा शिक्षा अति आवश्यक छ। त्यतिमात्र नभै गरिबीले तड्पिएको देशलाई शिक्षा गरिबीवाट छुटकारा दिलाउने संसाधनसमेत बन्न सक्छ किनकि मानव संसाधन नै सबै संसाधनको जननी हो। अझ शिक्षाले प्राकृतिक सम्पत्ति र विविधताको सम्मान गर्न सिकाई संसाधनको उचित व्यवस्थापनमा सहयोग पुऱ्याउने हुनाले शिक्षा मानव जातिको अस्थित्व र सामर्थ्य सँग समेत जोडीएको छ। शिक्षाले बालबालिकाको व्यक्तित्व विकाश, तिक्ष्णता विकाश, क्षमता विकास, र मानसिक एवं शारिरीक विकासमा सहयोग गरी बालबालिकालाई स्वतन्त्र समाजको जिम्मेवार सदस्य बनाउँने हुँदा विश्वमा शिक्षाको अपरिहार्यता माथि प्रश्न उठेको पाँइदैन। बरु पटक-पटक सबैकालागि शिक्षाको प्रतिवद्धता र शिक्षाको अधिकारको सुनिश्चितताको प्रयासहरु भैरहेका छन्। यति हुँदाहुँदै पनि शिक्षामा गुणस्तर विशिष्ट सवाल रहेको छ जसले शिक्षाले गर्ने र गर्न सक्ने भनि माथि उल्लेख गरिएका सबै कुराहरुलाई निर्धारण गर्दछ।

हुनत गुणस्तर एउटा सापेक्षित कुरा हो जुन स्थान, समय, समाज, वजार, आवश्यकता र आकाँक्षा जस्ता तत्वसँगै फरक पर्न सक्छ। तर कुनै पनि देश तथा समाजलाई निश्चित समयमा निश्चित स्तरको गुणस्तर आवश्यक पर्छ। जनआन्दोलन २ को सफलता सँगै आगाडी बढेको नयाँ नेपाल को अवधारणामा नयाँ नेपालको निर्माणमा कस्तो शैक्षिक गुणस्तर आवश्यक छ र त्यसको प्राप्तिको लागि कसले के गर्नुपर्छ भन्ने सम्बन्धमा खासै बहस भएको छैन। यसका अतिरिक्त विद्यमान शिक्षा प्रणालीले नयाँ नेपालको आवश्यकता पुरा गर्छ भन्न सकिने अवस्था पनि छैन। यसै सन्दर्भमा मध्य पश्चिमका छ वटा जिल्ला (बाँके, बर्दिया, दाङ, प्युठान, सुर्खेत र जाजरकोट) का चौबिस वटा गाविस र तीन वटा मुक्त कमैया शिविर (बाँके: बनकटवा, रझेना, शमशेरगञ्ज, नौवस्ता गाविस र कृष्ण मुक्त कमैया शिविर, बर्दिया: मोतिपुर, डेउडाकला, मगरागढी, धधवार र लम्किफाँटा मुक्त कमैया शिविर, दाङ : डुरुवा, मानपुर, हापुर, ढिकपुर, र अम्बापुर कपासि डाँडा मुक्त कमैया शिविर, सुर्खेत: कुनाथरि, लेखगाउँ, दशरथपुर र मैनतडा, जाजरकोट: कार्किगाउँ, पुन्मा , भुर र खलङ्गा, र प्युठान: माझकोट, धर्मावति, विजुवार र विजयनगर) मा अवस्थित २ सय ३३ वटा विद्यालय, ती विद्यालयका व्यवस्थापन समिति, शिक्षाका लागि आफ्ना वालवालिका पठाउने अभिभावकहरु, जिल्ला स्तरका शिक्षाका सरोकारवालाहरु तथा केन्द्रीय स्तरमा आयोजना गरिएको गुणस्तरीय शिक्षाका चुनौतीहरु र

सरोकारवालाहरुको भूमिका विषयक अन्तरकृयामा अभिव्यक्त विचारहरुको आधारमा शिक्षाक्षेत्रमा रहेका समस्या र नयाँ नेपालको निर्माणको लागि आवश्यक पर्ने गुणस्तरीय शिक्षा कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने सन्दर्भलाई यहाँ चर्चा गर्न खोजिएको छ।

**२. शिक्षा क्षेत्रमा व्याप्त समस्याहरु**

एक्काईसौं शताब्दीको सूचना र प्रविधिको युगमा नेपालमा भण्डै पचास प्रतिशत जनता पढ्न-लेख्न नै जान्दैनन्। मध्य-पश्चिमको कुरा गर्दा शिक्षाको अवस्था अझ दयनीय रहेको कुरा विर्सन सकिदैन। जनगणना २०५८ अनुसार अध्ययन गरिएका मध्ये प्युठान, जाजरकोट र बर्दिया जिल्लाको साक्षरताको स्थिति राष्ट्रिय औषत (५४.१%) तथा क्षेत्रीय औषत (५१.३ %) भन्दा कम रहेको छ भने गाविसको स्थितिलाई हेर्दा १९ वटा गाविसको साक्षरताको स्थिति राष्ट्रिय औषत भन्दा कम तथा १५ वटा गाविसको स्थिति क्षेत्रीय औषत भन्दा कम रहेको छ। शिक्षामा लैङ्गिक असमानता नेपाल भरी नै छ जुन कुरा अध्ययनले समेटेका जिल्लाहरुमा पनि रहेको छ। यसका अतिरिक्त प्युठानमा यो दुरी सबैभन्दा बढी (६२.४% पुरुष साक्षरता को विरुद्ध मात्र ३४% महिला साक्षर) छ। यसैगरी वाँके जिल्लाको शमशेरगञ्ज गाविस नेपालगञ्ज नगरपालिका र कोहलपुर वजारको बीचमा अवस्थित भए पनि साक्षरता दर ३३ प्रतिशत रहनुले भौगोलिक दुरी तथा विद्यालयको अनुपस्थितिले मात्र नभै अन्य विविध कारणले शिक्षाको पहुँचमा प्रभाव पर्ने तथ्य स्पष्ट हुन्छ। गुणस्तरीय शिक्षाको वारेमा चर्चा गर्दा भौतिक पुर्वाधार तथा शैक्षिक सामाग्रीको सवाल उत्तिकै तड्कारो रुपमा आउने गर्दछ। अध्ययन गरीएका २ सय ३३ विद्यालय मध्ये एक चौथाई विद्यालयमा (२४.६ प्रतिशत) कक्षाकोठा, छाना, भवन तथा खेल मैदानको अभाव र त्यत्तिकै प्रतिशत (२४.५ प्रतिशत) विद्यालयमा खानेपानी तथा शौचालयको अभाव रहेको पाईएको छ। त्यसैगरी ३९.५ प्रतिशत विद्यालयमा पर्याप्त शिक्षक छैनन् भने विद्यालय र शिक्षक अनुपात आवश्यकता भन्दा कम तथा शिक्षक र विद्यार्थी अनुपात आवश्यकता भन्दा वढि रहेको छ। उच्च शिक्षक-विद्यार्थी अनुपात को चर्चा गर्दा प्युठान र दाङ जिल्लाका निम्नमाद्यमिक तहमा रहेका प्रति शिक्षक ८० जना भन्दा वढी विद्यार्थी र सोही तहमा वर्दिया जिल्लामा एकसय भन्दा वढी विद्यार्थी को अवस्थाले त्यस क्षेत्रका विद्यार्थीले प्राप्त गर्ने शैक्षिक गुण्स्तर सहजै अनुमान गर्न सकिन्छ।

विविध कारणले विद्यालयमा भर्ना नहुने तथा विद्यालय छाड्ने प्रवृति यस क्षेत्रमा अत्यधिक रहेको छ। अत्यन्त कमजोर आर्थिक अवस्थाको कारण वालवालिकालाई विद्यालय नपठाउने तथा पढाई पुरा नगरी विद्यालय छाड्न लगाउनु परेको कुरा अधिकांश अभिभावकहरु वताउछन भने पटक-पटक परिक्षामा फेल हुनाले, र विद्यालय तथा घर परिवार र समाजमा लैङ्गिक तथा जातीय असमानता हुनाले पनि वालवालिकाहरु विद्यालय नजाने वा छाड्ने गर्दछन्। कानूनले वन्देज लगाए पनि व्यवहारमा परिवर्तन नभएको वालविवाहले विशेष गरी वालिकाहरु विद्यालय छाड्न वाध्य छन् भने विद्यालयको दुरी तथा विद्यमान द्वन्द्वको अवस्था र आन्तरिक विस्थापन समेतले वालवालिकालाई विद्यालय छाड्न बाध्य परेका छन्। यस प्रकारका अवस्था बाट गुज्रिएकाले वालवालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न नसकिरहेका मात्र नभै शिक्षाको अधिकार वाट समेत बञ्चित हुन पुगेका छन्। शिक्षाको अधिकार सम्बन्धि झण्डै ६० वर्ष अघिदेखि गरिएको विश्वव्यापी घोषणापत्र माथि प्रतिबद्धता जनाईको भएता पनि यसको पूर्ण कार्यान्वयन हाम्रो देशमा अझै हुन सकेको छैन। एकातिर वालवालिका शिक्षाको अवसरवाट वञ्चित छन् भने अवसर पाउनेले गुणस्तर पाएका छैनन। विद्यालयमा नत आवश्यकता अनुसार शिक्षक दरबन्दी छ, नत भएकै दरवन्दी अनुसार पदपुर्ति हुन सकेको छ। त्यस्तै एकातिर शिक्षक दरबन्दीको न्यायोचित वितरण छैन भने अर्कोतिर नियुक्ति, र सरुवा/बढुवामा नाताबाद, कृपावाद, चाकडीवाद र पार्टीवाद जस्ता वाद हावि छ। यसैगरि विद्यालय सञ्चालनमा श्रोत साधनको कमी छ। विद्यालयमा भौतिक सेवा सुविधाहरु जस्तो विद्यालय भवन, कक्षाकोठा पर्याप्त नहुँदा सानो कोठामा धेरै विद्यार्थी राखेर पढाउनु पर्ने वाध्यता छ। शिक्षण सामाग्री, खेल मैदान, खानेपानी, चर्पी पर्याप्त नहुनाले प्रभावकारी सिकाई हुन सकेको छैन। यसका साथसाथै स्थानीय क्षमताको प्रयोगवाट कतिपय समस्या समाधान गर्नमा निष्कृय र कमजोर व्यवस्थापकीय क्षमता भएका विद्यालय व्यवस्थापन समितिको कारण समस्याहरु ज्युकात्यू रहेको छ।

नेपालको शिक्षा क्षेत्रमा भएका अनगिन्ति समस्याहरुमा शिक्षा

**कानूनले वन्देज लगाए पनि व्यवहारमा परिवर्तन नभएको वालविवाहले विशेष गरी वालिकाहरु विद्यालय छाड्न वाध्य छन् भने विद्यालयको दूरी तथा विद्यमान द्वन्द्वको अवस्था र आन्तरिक विस्थापन समेतले वालवालिकालाई विद्यालय छाड्न बाध्य पारेका छन् । यस प्रकारका अवस्थाबाट गुज्रिएकाले वालवालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न नसकिरहेका मात्र नभै शिक्षाको अधिकारवाट समेत बञ्चित हुन पुगेका छन् ।**

सरोकारवालाहरु वीच शैक्षिक समस्या र समाधानका बारेमा अन्तरकृया नहुनु, अत्यन्त फितलो तरिकावाट अनुगमन तथा निरिक्षण गरिनु, पठन-पाठन तथा परक्षा प्रणाली सार्थक नहुँदा गुणस्तरहीन गाईड, गेसपेपर, नोट जस्ता पाठ्यसामाग्रीमा सिमित विद्यार्थी परीक्षामा अनुतिर्ण हुने वा मुस्किलले उतिर्ण हुने गरेवाटसमेत शिक्षाको गुणस्तर खस्किएको छ। शिक्षामा गुणस्तर खस्किनुमा यथार्थ जानकारी विना तयार गरिने ऐन नियम त्यत्तिकै जिम्मेवार छन्। शिक्षा सम्वन्धी ऐन नियम तथा नीतिगत विषयमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरकृया गर्ने परिपाटी बसाउनु पर्ने आवश्यकता कहिल्यै देखिएन र वनेका नीति-नियम कमजोर र फितला बन्दै गए। यस्तो नीतिगत निरीहता देशमा विद्यमान द्वन्द्व तथा राजनीतिक खिचातानीका कारणले पनि वढ्न गयो जसले शिक्षाको गुणस्तरलाई दिनानुदिन खस्काई रहेको छ। अझै पनि विद्यालयलाई द्वन्दवाट मुक्त गराउन सकिएको छैन। विद्यालय राजनीतिक थलोको रुपमा परिचित छ र थोरै दिन खुल्ला रही धेरै दिन बन्द रहन्छ। अझ शैक्षिक बेरोजगारी बढ्नाको कारणले आँफु शिक्षित भै सकेपछि त्यहि शिक्षालाई बुर्जुवा शिक्षाको नाम दिई शिक्षाको अधिकारको अपमान गर्ने तथा शैक्षिक गुणस्तर खलवल्याउने कार्य पनि नेपालमा पटक-पटक भैरहेका छन्।

शैक्षिक गुणस्तर खस्कनुमा विभिन्न सरोकारवालाहरुमा जवाफदेहिताको अभाव सबै भन्दा बढी जीम्मेवार छ। शिक्षकहरु स्वयम् लगनशिल र नियमित छैनन्। केही तालिम प्राप्त शिक्षकहरु पनि तालिमका उपलब्धिको प्रयोग गर्दैनन्। शिक्षकहरु ट्यूसनमुखी र बहु पेशाकर्मी भएका छन्। वालवालिकाहरुले सुरक्षित र बालमैत्रीपूर्ण वातावरणमा शिक्षा आर्जन गर्न पाएका छैनन्। एकातिर विद्यालयलाई विभिन्न क्षेत्रबाट बन्द गराइनुले वालमस्तिष्कमा नकारात्मक प्रभाव पर्न गई पठन पाठनमा असहज वातावरण उत्पन्न भएको छ भने अर्कोतिर सिकाई प्रक्रिया, क्षमता अभिवृद्धि र सिर्जना नभै वाडिने वस्तु भएको छ। जवाफदेहिताको अभावमा शिक्षक मात्र पर्दैनन्। विद्यालय निरिक्षकहरुले विद्यालय निरिक्षण गर्दैनन्। नत शैक्षिक प्रशासनले गुणस्तरीय शिक्षाका समस्या प्रति चासो राख्दछ। शैक्षिक प्रशासन ढिलासुस्ती र अनियमितताका लागि प्रख्यात भएको छ। त्यति मात्र होईन गुणस्तरीय शिक्षाको लागि सरकार र राजनीतिक दलको राजनीतिक इन्छाशक्ति कमजोर छ। विद्यालय व्यवस्थापन समिति, अभिभावक, नागरिक समाज कतैवाट पनि गुणस्तरिय शिक्षाको लागि खवरदारी हुन सकेको छैन। शैक्षिक क्षेत्र यसरी तहस नहस छ कि स्पष्ट कार्यदिशा र निति-नियम सहित अगाडी बढे पनि शिक्षा क्षेत्रका समस्या समाधान गर्न निकै समय खर्चिनु पर्ने देखिन्छ। अत: हामीले साँच्चि नयाँ नेपालको आशा गरेका छौ भने सबैले यथा स्थानवाट आफ्नो जिम्मेवरी नैतिकताका साथ निर्वाह गर्नु पर्छ। विचारणीय कुरा के हो भने शिक्षाको अधिकारको सुनिस्चितता र गुणस्तरीय शिक्षा विना नयाँ नेपाल बन्दैन। हालकै शिक्षा प्रणालीले यथास्थितिलाई निरन्तरता दिनु भन्दा केहि गर्न सक्दैन।

**३. विद्यमान शैक्षिक समस्या समाधानका सम्भावित रणनीति**

शिक्षाको अधिकार विश्वव्यापी हो भने गुणस्तरको मुद्दा राज्य र बजारको हो। कुनै पनि राज्यको शिक्षाको गुणस्तर कस्तो हुने भन्ने कुराको निश्चितता गर्ने र उक्त स्तरको गुणस्तरको शिक्षा सुनिश्चित गर्न आवश्यक बन्दोवस्त मिलाउने सर्बोपरी अभिभारा संबन्धित राज्यको नै हो। नेपालको सन्दर्भमा पनि नेपाललाई उपयोगी र आवश्यक गुणस्तरको निर्धारण गरी यसको सुनिश्चितताकोलागि राज्य स्वयम् सक्रिय हुनु अपरिहार्य छ। अनुसन्धान विज्ञानले समाधान गर्न नसकिने वा समाधान नहुने समस्यालाई समस्या

**शिक्षाको अधिकारको कुरा गर्दा वालवालिकाले प्रारम्भिक शिक्षा मातृभाषामा पाउनुपर्ने सवालमा ध्यान दिनु आवश्यक छ। मातृभाषा प्रारम्भिक उमेरको भाषा भएकोले वालवालिकालाई घर वाहिरको वातावरणमा समायोजित हुदै सिकाई प्रक्रियालाई अगाडी बढाउनु पर्ने र यसो गर्दा सिकाई प्रभावकारी हुने हुँदा मातृभाषा शिक्षा प्रणालीको नीति स्पष्ट पार्दै प्राथमिक तहको शिक्षा मातृभाषामा लिन पाउने वालवालिकाको अधिकारको राज्यले सुनिश्चितता गरिदिनु पर्दछ। वालवालिकालाई शारिरीक र मानसिक सजाँय दिई शिक्षा लाद्ने परिपाटीको अन्त्य गरी वालमैत्रीपूर्ण तरिकावाट, खेलको, अभिनय तथा अन्तकृयात्मक शैलीबाट सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक रुपमा सिकाउदा वालवालिकाले पढिरहेको छु भन्ने थाहासमेत नपाई सिकिराख्ने र यसरी सिकेका कुरालाई वालवालिकाले व्यवहारमा लागु गर्न सक्ने हुँदा सिकाई प्रभावकारी हुन्छ।**

मान्दैन। माथी उल्लेख गरिएका मुद्दाहरु यदि गुणस्तरीय शिक्षा प्राप्तिमा समस्याको रुपमा आएका हुन भने तिनको समाधान पनि छ। यसो भने पनि नेपालको शिक्षा क्षेत्रमा देखिएका समस्याहरुको विस्लेषण गर्दा शिक्षाको अधिकारको सुनिस्चितता र गुणस्तरीय शिक्षाकालागि सबै सरोकारवालाहरुको सहकार्यको अपरिहार्यतालाई नकार्न सकिदैन।

शिक्षाको अधिकारको कुरा गर्दा वालवालिकाले प्रारम्भिक शिक्षा मातृभाषामा पाउनुपर्ने सवालमा ध्यान दिनु आवश्यक छ। मातृभाषा प्रारम्भिक उमेरको भाषा भएकोले वालवालिकालाई घर वाहिरको वातावरणमा समायोजित हुदै सिकाई प्रक्रियालाई अगाडी बढाउनु पर्ने र यसो गर्दा सिकाई प्रभावकारी हुने हुँदा मातृभाषा शिक्षा प्रणालीको नीति स्पष्ट पार्दै प्राथमिक तहको शिक्षा मातृभाषामा लिन पाउने वालवालिकाको अधिकारको राज्यले सुनिश्चितता गरिदिनु पर्दछ। वालवालिकालाई शारिरीक र मानसिक सजाँय दिई शिक्षा लाद्ने परिपाटीको अन्त्य गरी वालमैत्रीपुर्ण तरिकावाट, खेलको, अभिनय तथा अन्तकृयात्मक शैलीबाट सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक रुपमा सिकाउदा वालवालिकाले पढिरहेको छु भन्ने थाहासमेत नपाई सिकिराख्ने र यसरी सिकेका कुरालाई वालवालिकाले व्यवहारमा लागु गर्न सक्ने हुँदा सिकाई प्रभावकारी हुन्छ। तालिम प्राप्त शिक्षक / शिक्षिकाको व्यवस्था, बालमनोविज्ञानको जानकारी तथा तालिम प्राप्त शिक्षकहरु एवं महिलाहरुलाई शिक्षण पेशामा प्राथमिकता दिईएमा शैक्षिक गुणस्तर बढाउन मद्दत पुग्ने छ। नयाँ नेपाल निर्माणको लागि अबको शिक्षा प्रणालीले पाठ्यक्रम, पाठ्यपुस्तक र पाठकहरुको सम-सामयिक समाजमा सान्दर्भिकता, आवश्यकता र सिकाउन खोजिएको कुरावारे स्थानीय तहदेखि नै छलफल चलाउने परिपाटी वसाउनु पर्छ। शिक्षा प्रकृयामा बालबालिकाको प्रत्यक्ष सहभागिता, शिक्षार्थीको सम्मान, आत्म विश्वासमा वृद्धि, आत्म अनुशासनप्रति प्रेरित गर्ने सिकाई प्रकृया अगाडी वढाई वालवालिकालाई सिक्न प्रेरित गर्ने तथा वितरणमुखि शिक्षालाई सिर्जनामुखि शिक्षातर्फ रुपान्तरण गर्नु आवश्यक छ जसले स्वरोजगारलाई सहयोग गर्न सकोस। यसका अतिरिक्त राजनीतिक तथा सामाजिक अभियानविना प्राथमिक तहको शिक्षालाई अनिवार्य गर्न सकिने अवस्था नेपालका ग्रामिण क्षेत्रमा रहेको छैन। त्यसैले सबैकालागि शिक्षा भन्ने सहस्राब्दी लक्ष्य पनि प्राप्त हुने अवस्था छैन। राज्यको शिक्षा प्रणाली तथा शिक्षा नीतिले पूर्व प्राथमिक शिक्षा तथा शारिरीक र मानसिक रुपमा कमजोर वा फरक अवस्था रहेका वालवालिकाको शिक्षा प्रति ध्यान दिन

**राज्यले समूदायलाई शिक्षा क्षेत्रमा लगानी गर्दाको दृश्य र मापनीय प्रतिफलको जानकारी गराई शिक्षा शान्ति, लोकतन्त्र र विकासको आधार हो भनि परिभाषित गर्न सके र राज्यले सोही अनुरुपका नीति तयार गरी सहकार्यको लागि आह्वान गर्न सकेमा शिक्षा क्षेत्रमा केही वर्षमानै अभुतपूर्व सफलता हासिल गर्न सकिन्छ।**

सकेको देखिदैन। यस्ता वालवालिकाको बृहत सर्वेक्षणवाट विषेश रेखदेखमा दिईने शिक्षाको व्यवस्था राज्यले छिटो भन्दा छिटो गर्नुपर्छ जसले सबैकालागि शिक्षा भन्ने नारालाई सार्थक वनाउने छ।

शिक्षामा राज्यको पर्याप्त लगानीविना नत शिक्षाको अधिकारको सुनिश्चितता हुनसक्छ नत गुणस्तरका मुद्दाको सम्वोधन। अधिकारमा आधारित शिक्षा प्रणालीले सबैकालागि शिक्षा वा शिक्षामा पहुँच बढाउने भएता पनि आधारभूत सामाजिक सेवामा राज्यको दह्रो सहयोग र आयको ठूलो हिस्सा शिक्षामा लगानी गर्ने प्रतिबद्धता राज्यले नगरे सम्म आधारभूत शिक्षा सुनिश्चित हुन सक्तैन। नागरिकलाई शिक्षित तुल्याउने दायित्व राज्यकै हो भन्ने मनसायले राज्यले शैक्षिक नीति निर्माण र कार्यान्वयन गर्नुपर्छ। अझ नयाँ नेपालको कल्पना गरिरहेका हामी नेपालीको शैक्षिक स्तरको कुरालाई स्मरण गर्ने हो भने सम्पूर्ण रुपमा राज्यको भर पर्दा पनि उपलब्धी छिटो प्राप्त हुन सक्तैन भन्ने तत्थ्य स्पष्ट हुन्छ। अत: राज्य तथा समुदाय र निजि क्षेत्रलेसमेत शिक्षा क्षेत्रमा लगानी बृद्धि गर्नु आवश्यक छ। राज्यले समुदायलाई शिक्षा क्षेत्रमा लगानी गर्दाको दृश्य र मापनीय प्रतिफलको जानकारी गराई शिक्षा शान्ति, लोकतन्त्र र विकासको आधार हो भनि परिभाषित गर्न सके र राज्यले सोही अनुरुपका नीति तयार गरी सहकार्यको लागि आव्हान गर्न सकेमा शिक्षा क्षेत्रमा केही वर्षमानै अभुतपूर्व सफलता हासिल गर्न सकिन्छ। राज्य, समुदाय तथा निजि क्षेत्रको संयुक्त प्रयासवाट शिक्षासँग सम्वन्धित भौतिक पूर्वाधार, भौतिक सुविधा, शिक्षण सामाग्रीको व्यवस्था, स्थानीय स्तरदेखि सम्भाव्य श्रोत साधनको पहिचान र प्रयोग गर्ने परिपाटीद्धारा शिक्षावाट वञ्चितलाई शिक्षाको अवसर दिन आवश्यक पर्ने भौतिक स्रोत र साधनको व्यवस्था गर्न सकिन्छ। यसैगरी गरिवी, अभाव र सिमान्तकृत अवस्थामा रहेका नागरिक तथा वालवालिकाहरुको शिक्षाको अधिकारको सुनिश्चितताको लागि शैक्षिक उत्प्रेरणा जगाउने सकारात्मक शैक्षिक हस्तक्षेपहरु जस्तै: छात्रवृति, शैक्षिक अनुदान, निशुल्क शैक्षिक सामग्री सहयोग,

भर्ना अभियान, महिलालाई विशेष ग्राह्यता जस्ता कृयाकलापहरु अति महत्वपूर्ण हुने र यस्ता सकारात्मक हस्तक्षेपले समुदायमा शैक्षिक पहुँच अभिवृद्धि गर्ने हुँदा विभिन्न गैह्र सरकारी संस्था तथा कल्याणकारी संस्था र व्यक्तिहरुलेसमेत यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ सहयोग गरेर पनि शिक्षाको अधिकारको प्रत्याभूति तथा शैक्षिक गुणस्तर वृद्धिकालागि योगदान दिन सक्छन्।

विद्यार्थीहरुलाई राजनीतिक रुपमा सुसुचित गराउन विभिन्न राजनीतिक पद्दतिहरुको जानकारी विद्यालय पाठयक्रममा समावेश गरी शिक्षा क्षेत्रमा राजनीतिक दल तथा विद्यार्थी सगठनहरुले गर्ने हस्तक्षेपको वातावरणको अन्त्य हुनु जरूरी छ। कुनै पनि बहानामा वा पेशागत हकहित पुरा गराउनकालागि बालबालिकाको पढाइमा असर पुग्ने प्रकृतिका कार्यक्रम नगर्ने प्रतिवद्धता सबै सरोकारवालाहरुले जाहेर गर्ने र विद्यालयलाई शान्ति क्षेत्रको रुपमा स्वीकार गरिएको प्रतिज्ञापत्र जारी गरि व्यवहारमा लागु गर्नु अति आवश्यक छ। अझ विद्यालय शान्ति क्षेत्र भन्ने कुरालाई ख्याल गरी विद्यालयमा विष्फोटक पदार्थ नराख्ने, बन्द/हड्ताल र युद्ध नगर्ने भन्ने संकिर्ण अर्थवाट अगाडी वढि विद्यालय शान्ति क्षेत्र भन्नाले बालबालिकालाई विद्यालयकै औपचारिक कार्यक्रममा बाहेक अन्य कुनै पनि विशिष्ट व्यक्ति विशेषको स्वागत/विदाईमा नलगाउने, विविध खाले ऱ्याली/धर्ना/आन्दोलन वा उत्सवमा नलगाउने जस्तो बृहत रुप सम्झेर विद्यालय शान्ति क्षेत्र बनाउन सबै पक्षबाट प्रतिवद्धता प्रकट गर्दै प्रत्येक विद्यालयले देशको शैक्षिक क्यालेण्डरलाई दृढताका साथ पालना गरी शैक्षिक क्यालेण्डरले तोकेका सबै शैक्षिक कृयाकलाप समयमा सम्पन्न गर्ने परिपाटी वसाउने अति जरुरी देखिन्छ।

सामूदायिक र नीजि विद्यालयको पाठ्यक्रम असमान हुनाले एउटै तह पार गरेका विद्यार्थीहरुको क्षमता असहज रुपमा भिन्न रहेको छ। सामूदायिक र नीजि विद्यालयको पाठ्यक्रममा समायोजन गरी सो अनुसार शिक्षकको क्षमता विकासका क्रियाकलाप कार्यान्वियन गर्न सकेमा सामुदायिक र नीजि विद्यालय बीचको खाडल पुर्न सहयोग पुग्ने थियो। समान शिक्षा/पाठ्यक्रम र समान परीक्षा प्रणाली अपनाई व्यवसायीक, शिपमुलक र प्राविधिक शिक्षामा जोड दिई शिक्षा प्रणालीको व्यवस्थापन र परिक्षा प्रणालीमा समय सापेक्ष परिमार्जनले समेत सामुदायिक र नीजि विद्यालय वीचको खाडल पुर्न सहयोग गर्ने छ। नीजि विद्यालयको कुरा गर्दा नीजि विद्यालयवाट प्रदान गरीने छात्रवृतीको दुरुपयोगको मुद्धा माथि पनि चर्चा गनुपर्ने देखीन्छ। नीजि विद्यालयहरु एकातर्फ आफ्ना प्रोमोशनल अफर समेतलाई छात्रवृतीको नाम दिईरहेका छन् भने अर्कोतिर वास्तविक गरीवका वालवालिकाले छात्रवृती पाईरहेका छैनन्। अत: नीजि विद्यालयहरुको क्षमताको आधारमा हरेक निजि विद्यालयलाई दुर्गम क्षेत्रका एक वा एक भन्दा वढी सामुदायीक विद्यालय सँग संजालमा आवद्ध गरी विभिन्न प्रकारका शैक्षिक तथा व्यवस्थापकीय आदान-प्रदानको माध्यमवाट सामुदायिक वा सरकारी विद्यालयको शैक्षिक गुणस्तरमा उल्लेख्य रुपमा सुधार गर्न सकिन्छ।

शैक्षिक समस्या समाधानकोलागि समुदाय स्तर देखिनै केन्द्रसम्म सुझाव र दबाव दिने र प्राप्त सुझाव र दबावलाई सकारात्मक रुपमा लिने परिपाटी वसाउन सके शिक्षा क्षेत्रको जिम्मेवारी वहन गर्ने कार्य सार्थक हुनसक्छ। शिक्षाको अधिकार र गुणस्तरीय शिक्षाकोलागि स्थानीय तह देखि नै सरोकार र समन्वय बढाइनु पर्दछ। स्थानीय तहदेखि विद्यालय, समुदाय र विद्यालय व्यवस्थापन समिति, राजनीतिक दलहरु, शक्षा क्षेत्रका अगुवा एवं नागरिक समाजका सदस्यका वीचमा छलफल गरी शैक्षिक समस्याहरुको पहिचान र समाधानका उपायको खोजी गर्दै अधिकांश समस्याहरु स्थानीय तहमानै समाधान गर्न सकिन्छ। विद्यालयमा स्थानीय सामुदायिक संस्थाहरुको सञ्जाल र समुदाय तथा नागरिक समाजको सकृयतामा विद्यालय हेर अभियान संञ्चालन गर्ने हो भने विद्यालयको नियमित अनुगमन हुने, शिक्षकलाई नियमित र जिम्मेवार हुन प्रेरित गर्ने तथा शैक्षिक व्यवस्थापन र अभियन्ता बीच स्वीकारयोग्य वातावरण वन्ने देखिन्छ। विद्यमान अवस्थामै पनि समुदाय, नागरिक समाज, विद्यालय परिवार, राजनीतिक दल, तथा राज्यवाट शिक्षा क्षेत्रमा अनुगमन र निरिक्षण नियमित र प्रभावकारी रुपमा गर्ने हो भने केहि हदसम्म भएपनि गुणस्तर कायम हुन सक्छ।

बिगतमा स्थानीय स्वयत्त शासनमार्फत अर्थपूर्ण विकेन्द्रिकरणको परिकल्पना साथ हरेक जसो जिल्लामा आवधिक जिल्ला विकास योजना तयार गरिए। त्यसैगरि गुणस्तरीय शिक्षाको सुनिश्चितताकोलागि हरेक विद्यालयलाई विद्यालय सुधार योजना वनाउन लगाईए पनि। तर कतै पनि योजना अनुसार काम

**वास्तवमा शिक्षामा लगानी बढाउन राष्ट्रको गरीबि समस्या होइन । समस्या त इच्छाशक्ति र प्रतिवद्धता हो । विश्वका धेरै देशमा शिक्षामा गरिने लगानीलाई विश्लेषण गर्दा कतिपय गरीव देशले शिक्षामा गरेको महत्वपूर्ण लगानीको फलले मानवीय विकासमा ती गरीव देशहरु धनि देशहरुको तुलनामा अगाडी रहेको देखिन्छ जुन शिक्षामा लगानी गर्ने उक्त देशको सरकारको इच्छाशक्ति र प्रतिवद्धताको फल हो ।**

अगाडी बढेको पाईदैन। जिल्ला शिक्षा योजनाको प्राथमिकता र लक्ष्य अनुसार एकद्धार प्रणालीद्वारा शिक्षासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने र जिल्ला शिक्षा कार्यालयको प्राविधिक सहयोगमा विद्यालय सहयोगमा दोहोरोपना हटाउने जस्ता कार्यको साथै गैह्र सरकारी संस्थाहरुले स्थानीय समुदायले उठाएका निश्चित सवालहरुमा केन्द्रित भएर काम गर्ने परिपाटीको विकास गर्ने, र अभिभावक शिक्षा, तथा सबैकालागि शिक्षा र गुणस्तरीय शिक्षाको लागि भौतिक तथा बौद्धिक वातावरणको निर्माणमा सहयोग गर्नु पर्ने देखिन्छ। यसका अतिरिक्त सबै सरोकारवालाहरुको संयूक्त पहलमा समुदाय - निजी र सरकारी निकायहरु बीच सहकार्यको वातावरण बनाउन सके शिक्षा क्षेत्रमा रहेका धेरै समस्याहरुको समाधान गर्न सकिन्छ। गुणस्तरीय शिक्षाबाट मात्र नयाँ नेपालको निर्माण हुनसक्छ। नयाँ नेपालको निर्माणकोलागि साँस्कृतिक पहिचान, भाषा, संस्कृति मान्यता, सम्मान र अरुको सभ्यताको पहिचान दिने शिक्षा, र जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक विभेद अन्त्य गर्दै र विश्वव्यापीकरण र प्रविधि पछ्याउने शिक्षाको साथसाथै राष्ट्रियता र राष्ट्रप्रेम तथा नेपाली विविधताको सम्मान गर्न सिकाउने शिक्षा प्रदान गर्ने नसकिएमा नयाँ नेपाल निर्माणमा विद्यमान शिक्षा प्रणालीको योगदान देखिने छैन।

### ४. निष्कर्ष

शिक्षा वालवालिकाको आधारभूत अधिकार हो भने गुणस्तरीय शिक्षा अन्य अधिकार प्राप्त गर्ने आधार हो। सन् १९९० को दशकमा तय गरिएको सहस्राब्दी लक्ष्य सबैका लागि शिक्षा भन्ने कुरा नेपालमा अझसम्म पुरा भएको छैन। हुनत यो लक्ष्य प्राप्तीको समय सन् २०१५ सम्मलाई तोकिएको छ तर हालकै शैक्षिक पद्धती र शैक्षिक समस्या समाधानमा देखिएका उदासिनताले कमसेकम नेपालमा यो लक्ष्य पुरा नहुने स्पष्ट भैसकेको छ। जब सबैका लागि शिक्षाको अधिकार नै सुनिश्चित गर्न सकिएको छैन भने गुणस्तर तर्फ ध्यान पुग्न सक्ने संभावना नै रहेन। तथापी गुणस्तरीय शिक्षा पाउने सबै बालबालिकाको अधिकार हो भने बालबालिकाको व्यक्तित्व, तिक्ष्णता र मानसिक एवं शारिरीक विकासको लागि आवश्यक पर्ने गुणात्मक शिक्षाको व्यवस्था गरी यसवाट वालबालिकाको पूर्ण क्षमतामा विकासको पहल गर्नु सबै सरोकारवालाहरुको दायित्व हो। सहस्राब्दी लक्ष्य प्राप्त गर्ने दृढ संकल्प र कार्य योजनाका साथ शिक्षाका सबै सरोकारवालाहरुको संयुक्त प्रतिबद्धता आजको नेपाली शैक्षिक जगतले खोजेको छ, जसले अनिवार्य र सबैको पहुँचमा प्राथमिक शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, तथा क्षमता र देशको आवश्यकताको आधारमा व्यावसायिक उच्च-शिक्षा जस्ता मागलाई पुरा गर्न सकोस।

शिक्षा वास्तवमा नै एउटा उत्कृष्ट लगानी हो। अझ यसले मानवीय संशाधनमार्फत नयाँ संशाधनको सिर्जनामा सहयोग गर्दछ। शोषणबाट मुक्त समाजको सिर्जना गर्न, सबल स्वास्थ्य वनाई गरिबि विरुद्ध लड्नसमेत शिक्षा आवश्यक पर्छ। शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षा विना नयाँ नेपाल निर्माण हुन सक्तैन। तर गुणस्तर कायम गर्दै सबैकालागि शिक्षाको सुनिश्चितता गर्न शिक्षा क्षेत्रमा अनगिन्ति समस्याहरु छन्। सबै सरोकारवालाहरुको सहकार्य र जिम्मेवारी वहनविना शिक्षा क्षेत्रका समस्याहरु समाधान गर्न सकिने अवस्था छैन। तर पनि शैक्षिक समस्या समाधानमा राज्यको सर्वोपरि जिम्मेवारी हुन्छ। शिक्षाको क्षेत्रमा देखिएका अधिकांश समस्याहरु कुनै न कुनै रुपमा अर्थसँग जोडिएको देखिन्छ। शान्तिकोलागि विकास, विकासको लागि लोकतन्त्र, र लोकतन्त्रको लागि गुणस्तरीय शिक्षा अपरिहार्य भएकोले शिक्षामा लगानी बढाउनु आजको नेपालको सबै भन्दा पहिलो आवश्यकता हो। तर राज्य गरिबीको वहानामा शिक्षामा यथेष्ट लगानी गर्न तयार छैन। नत राज्यले शिक्षामा गरेको लगानीको प्रतिफल अनुगमन गर्ने वा पारदर्शिता कायम गर्ने परिपाटी बसाएको छ।

वास्तवमा शिक्षामा लगानी बढाउन राष्ट्रको गरीबि समस्या होइन। समस्या त इच्छाशक्ति र प्रतिवद्धता हो। विश्वका धेरै देशमा शिक्षामा गरिने लगानीलाई विश्लेषण गर्दा कतिपय गरीव देशले शिक्षामा गरेको महत्वपूर्ण लगानीको फलले मानवीय विकासमा ती गरीव देशहरु धनि देशहरुको तुलनामा अगाडी रहेको देखिन्छ जुन शिक्षामा लगानी गर्ने उक्त देशको सरकारको इच्छाशक्ति र प्रतिवद्धताको फल हो। यसको विपरित नेपालमा त्यहि ईच्छा शक्ति र प्रतिवद्धताको अभावले शिक्षा क्षेत्र डामाडोल हुन पुगेको छ। एकातर्फ लाखौ वालवालिका शिक्षाको अधिकारवाट बञ्चित छन् भने अर्कोतर्फ जसले विद्यालय जाने अवसर पाएका छन् तिनिहरुले जीवन जीउन सहयोगी हुने गुण्स्तरीय शिक्षा पाएका छैनन। यतिखेर राज्यले गम्भीर भएर सोच्नुपर्छ कि एउटा चिकित्सक असक्षम भएमा एक जना विरामी मर्नसक्छ, एउटा इन्जिनियर असक्षम भएमा एउटा पुल भत्कन सक्छ, एउटा व्यवस्थापक असक्षम भएमा एउटा कम्पनी डुब्न सक्छ तर एउटा शिक्षक असक्षम हुँदा हजारौं मानिस मर्न सक्छन, हजारौं घर वा पुल भत्कन सक्छन् र हजारौं कम्पनीहरु डुब्न सक्छन्। अत: शिक्षण पेशालाई "हरेक तहका उत्कृष्ट मध्येका पनि उत्कृष्टले गर्ने पेशाको रुपमा स्थापित गरेर तथा सामुदायिक तथा सरकारी विद्यालयलाई सरकारी सेवामा संलग्न वा सरकारवाट सेवा-सुविधा लिने शिक्षाका सबै सरोकारवालाहरुले आफ्ना वालवालिका पढाउने विद्यालयको रुपमा रुपान्तरण गरी सबै सरोकारवालाहरुलाई जिम्मेवार बनाउनाले विद्यालय शिक्षाको प्रभावकारी अनुगमन हुने र शिक्षाको गुणस्तरमा सुधार आउने देखिन्छ।

# मातृभाषामा शिक्षाको आवश्यकता, शैक्षिक नीति र विद्यमान चुनौतीहरू

अमृत योन्जन-तामाङ

### १. पृष्ठभूमि

मातृभाषामा प्राथमिक शिक्षा प्रारम्भ गर्नको लागि हालै नेपालमा बहुभाषिक शैक्षिक कार्यक्रम[१] सुरु गरिएको छ। फिनल्याण्ड सरकारको सहयोगमा २००७ जनवरीदेखि प्रारम्भ भएको सो कार्यक्रम जुलाई २००९ सम्म परीक्षणको रूपमा सञ्चालन हुनेछ। यस कार्यक्रमले नेपालका छ वटा जिल्लाका छ वटा मातृभाषाको पठनपानठनको लागि सात वटा मातृभाषी विद्यालयको छनौट र ती भाषाहरूमा शैक्षिक सामग्री तयार गर्न प्रारम्भ गरेको छ।[२] यसैगरी पाठ्यक्रम विकास केन्द्र, सानोठिमीबाट २०५४ सालदेखि ऐच्छिक विषयको रूपमा चौधवटा मातृभाषाको प्राथमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरिनुका साथै छवटा मातृभाषामा बालसन्दर्भ सामग्री पनि प्रकाशन गरेको छ। यसैगरी नेपालका विभिन्न मातृभाषी समुदायहरूले विशेष गरी २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि नेवार, लिम्बू, शेर्पा, मगर, तामाङ आदि मातृभाषीहरूले आआफ्नै प्रयासमा मातृभाषी विद्यालय स्थापना गरेर मातृभाषामा पठनपाठनको लागि प्रयास गरेको पाइन्छ।

### २. मातृभाषाको महत्व र पहिचान

#### २.१ मातृभाषाको महत्व

हाल विश्वमा करिब सात हनजार भाषाहरू बोलिन्छन्। नेपालमा पनि १४३ भाषाहरू बोलिन्छन् भन्ने तथ्यांक छ (योन्जन-तामाङ, २००६:२८) छ। यी भाषाहरूमध्ये ४० भाषाहरू मृतप्राय: अवस्थामा पुगिसकेका छन्। कुनै भाषा मर्नु भनेको विश्वकै अद्वितीय ज्ञानको भण्डार हराउनु हो, कुनैकुनै जातिको लागि त पहिचान नै गुमाउनु हो। मातृभाषाको यिनै महत्वले गर्दा ई. १९९९ मा सम्पन्न युनेस्कोको ३० औं अधिवेशनले प्रत्येक वर्षको २१ फरवरीलाई “अन्तराष्ट्रिय मातृभाषा दिवस’ मनाउने घोषणा गरेर र सन् २००० फेब्रुवरी २१ देखि अन्तराष्ट्रिय मातृभाषा दिवस मनाउन थालेको छ। यसको मुख्य उद्देश्य विशेष गरी बहुभाषिक शिक्षालाई उठाउनु र भाषिक तथा साँस्कृतिक परम्पराको उजागार गर्नु रहेको छ।[३] यसैगरी नेपालमा मातृभाषीहरूले मातृभाषाको संरक्षण र विकासको लागि विभिन्न माग राख्दै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्। निश्चय नै मातृभाषामा अभिव्यक्ति र सिकाइ सहज हुन्छ यो सर्वमान्य सिद्दान्त भएको छ।

अल्पसंख्यकहरूको मातृभाषाको संरक्षण र सम्वर्द्धनको लागि विश्वमा विभिन्न आन्दोलन भएको पाइन्छ। प्राय: गरेर मातृभाषालाई आदिवासी जानजातिहरूको पहिचानको आधार मान्ने गरेको छ - “जनजातिको पहिचानको आधार आफ्नै मातृभाषा हो” (हर्क गुरुङ, २००५:१), “जाति र भाषालाई अलग गरेर हेर्न सकिँदैन” (बैरागी काईंला, २०६२:६) र “मातृभाषा नभए जातीय पहिचान नै लोप भएर जान्छ” (डा. गुरुङ र साथीहरू २०००:३) आदि। अमेरिकी आदिवासी डारिल बेब विल्सनले भनेका छन् - “यस संसारमा बाँच्नका लागि हामीले अवश्य नै सेतो (मान्छेको) भाषा जान्नु पर्दछ तर सदासदा बाँच्नका लागि हामीले हाम्रै भाषा जान्नु पर्दछ।”

केन्याका किप्लाङाट चेरूयोत (योन्जन-तामाङ, २००६:८८) ले भनेका छन् “भाषा हराउनु भनेको संस्कृति हराउनु हो र संस्कृति हराउनु भनेको अमूल्य परम्परागत ज्ञानको भण्डार पनि रित्तिनु हो” र “मानिस र समुदायका पूर्खाले आर्जन गरेका ज्ञान, बुद्धि र परम्परागत स्थानीय

---

१. प्रारम्भमा यस कार्यक्रमको नाम “द्वैभाषिक शैक्षिक परियोजना” रहेकोमा २००७ मार्चमा बसेको स्टेरिङ कमिटिको पहिलो बैठकले “बहुभाषिक शैक्षिक परियोजना” र यसै वर्षको अगस्टमा बसेको सुपरभाइजरी बोर्डको पहिलो बैठकले “बहुभाषिक शैक्षिक कार्यक्रम” नामकरण गर्ने निर्णय गरेको छ।

२. मातृभाषा शिक्षणको लागि भाषा छनौट गर्दा (क) भौगोलिक (हिमाल, पहाड र तराईको भाषा) तथा (ख) विकास क्षेत्र (पूर्वांचल, मध्यांचल र पश्चिमांचल), (ग) भाषा परिवार (भारोपेली, भोटबर्मेली, एस्ट्रो-एशियाटिक, ड्राभिडियन) (घ) लेख्य परम्परा (लेख्यपरम्परा भएको, लेख्य परम्परा उन्मुख र लेख्य परम्परा नभएको) र (ङ) कम्तीमा एउटा भाषा अत्यन्तै लोपोन्मुख भाषा भएको र (च) मातृभाषामा सामग्री तयार नभएको (छ) सानो स्थानीय भाषिक समुह भएको हुनु पर्ने आदि छनौट आधारको भाषाहङ छानिएको थियो। यसै आधारमा २००७ को जुन महिनामा शिक्षा विभागमा बसेको स्टेरिङ कमिटीको बैठकले **धनकुटाको आठपहरियाभाषा, सुनसरीको झाँगड (उराव) भाषा तथा मैथिलीभाषा, झापाको सन्थाली भाषा, रसुवाको तामाङभाषा, पाल्पाको मगरभाषा र कञ्चनपुरको थारूभाषा**लाई अनुमोदन गरेको थियो।

३. 'International Mother Language Day aims at promoting linguistic diversity and multilingual education, and at raising awareness of linguistic and cultural traditions based on understanding, tolerance and dialogue.' - *Message from the Director-General, UNESCO, on the occasion of the International Mother Language Day 21 February 2002*

---

**भाषा हराउनु भनेको संस्कृति हराउनु हो र संस्कृति हराउनु भनेको अमूल्य परम्परागत ज्ञानको भण्डार पनि रित्तिनु हो” र “मानिस र समूदायका पूर्खाले आर्जन गरेका ज्ञान, बुद्धि र परम्परागत स्थानीय नामलाई पुस्तान्तरण गरी निरन्तर बचाइ राख्ने सबैभन्दा शसक्त आधिकारिक माध्यम भाषा नै हो ।**

नामलाई पुस्तान्तरण गरी निरन्तर बचाइ राख्ने सबैभन्दा शसक्त आधिकारिक माध्यम भाषा नै हो।" यसै गरी नेटल र रोमेन ( योन्जन-तामाङ, २००६:९४) को विचारमा "भाषा तथा संस्कृति मर्न दिनुको अर्थ हुन्छ संसारको बारेमा भएका हाम्रो कुल ज्ञान घटाउनु हो।" यी अभिव्यक्तिहरूले मातृभाषाको महत्वलाई दर्शाएका छन् र यसको संरक्षण तथा विकास गरिनु अति आवश्यक छ भन्ने सन्देश पनि प्रवाह गरेको छ।

२.२ **मातृभाषा भनेको के हो ?**

भाषावैज्ञानिकहरूको लागि मातृभाषा भनेको बच्चाको पहिलो भाषा हो जुन उसले आमाको काखमै सिक्दछ। बाल्यकालमा बालकले बोलेको वा परिवारमा बोलिने भाषालाई मातृभाषा मानेको पनि पाइन्छ।[४] कुनै व्यक्तिलाई जुनजुन भाषामा अभिव्यक्ति सहज र सक्षम हुन्छ ती सबै भाषाहरू उनको मातृभाषा हुन सक्दछ भनेको पाइन्छ। यसको अर्थ हुन्छ कुनै व्यक्तिको मातृभाषा एकभन्दा धेरै पनि हुन सक्दछ। तर नेपालको वर्तमान सन्दर्भमा मातृभाषा भनेको जातीय भाषा हो, किनकि मातृभाषा जातीय पहिचानको एउटा प्रमुख आधार बनेको छ। मातृभाषा नहुनेहरू आदिवासी हुन सक्दैनन् भन्ने अवधारणा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनले पनि गरेको छ। तसर्थ नेपालको सन्दर्भमा मातृभाषा जातीय पहिचानको द्योतक पनि भएकोले यो जातीय भाषा पनि बनेको छ।

३. **मातृभाषामा शिक्षा किन ?**

परम्परागत तथा वातावरणीय ज्ञानको प्रमुख स्रोतको रूपमा रहेको मातृभाषालाई बचाउन, शिक्षालाई सहज र सबैको पहुँच योग्य बनाउन, विद्यालय छोडने विद्यार्थीको संख्या घटाउन, साक्षरता दरलाई बढाउन, अल्पसंख्यक मातृभाषीहरूप्रति सम्मान प्रकट गर्न, स्थानीय परिवेश र वातावरणलाई उद्घाटन गर्न, साँस्कृतिक विविधतालाई जोगाइ राख्न, साँस्कृतिक सक्षमताको विकास गर्न, धनी र गरिबको बीचको खाल्टो कम गर्न तथा जातीय पहिचानका लागि हुने द्वन्द्व घटाउनका लागि मातृभाषामा शिक्षा प्रदान गरिनु आवश्यक छ भनेर विभिन्न विद्वानहरूले आआफ्ना मत जाहेर गरेका छन्। मातृभाषामा शिक्षाको महत्वको बारेमा विद्वान्हरूले प्रशस्त अध्ययन गरेका छन् र प्रतिवेदनहरू प्रकाशमा ल्याएका छन्।[५] यी सबै अध्ययन र प्रतिवेदनहरूले मातृभाषामा दिइने शिक्षाले शिक्षामा सबैको पहुँच बढाउँछ, उच्च शिक्षालाई सहज र उपयोगी तुल्याउँछ भन्ने रहेको छ। मातृभाषाको शिक्षाले दिगो शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनामा पनि निकै ठूलो मद्दत पुऱ्याउन सक्दछ। आर्थिक स्रोतको व्यवस्थापनको लागि वर्गीय युद्ध लडिन्छ भने जातीय वा राष्ट्रिय पहिचानको लागि भाषिक युद्ध। वंगलादेशलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। यो देश भाषाकै कारणले पाकिस्तानबाट छुट्टिएको थियो। भारतको धेरै जसो प्रान्त भाषाकै आधारमा निर्धारण गरिएको थियो। अहिलेको विश्वमा स्थानीय तहमा पहिचानको युद्धले प्राथमिकता पाउदै गएको छ। नेपालमा पनि दशवर्षे सशस्त्र द्वन्द्वको परिणाम स्वरुप निर्माण भएको अन्तरिम संविधान-२०६३ लागु भएको एक हप्ता बित्दानबित्दै देशले पहिचानको युद्धको सामना गर्नु पऱ्यो र संविधान संशोधनको सिलसिला अगाडि बढ्यो। यो सिलसिला अझै पनि जारी छ। मधेश र आदिवासी जनजातिहरूले सुरु गरेको आन्दोलन पहिचानको आन्दोलन हो र राज्यबाट भाषा संस्कृतिको मान्यता प्राप्तिको लागि हो। पहिचानको युद्ध भनेको अधिकारमूखी युद्ध

---

४. 'Mother Tongue: In the Census of India, 1991 as in earlier censuses, a question was asked on the mother tongue of the individual. Mother tongue was defined as "the language spoken in childhood by the person's mother to the person. If the mother died in infancy, the language mainly spoken in the person's home in childhood will be the mother tongue. In the case of infants and deaf mutes the language usually spoken by the mother should be recorded. In case of doubt, the language mainly spoken in the household may be recorded". - *Office of the Registrar General, India, Last updated on 16th August 2002*

५. Mulama Joyce, 'Kenya : Mother Tongue Education Both Effective and Elusive' writes as
Studies conducted by the United Nations Educational, Scientific and Cultural Organization (UNESCO) have also shown that children who receive basic education in their own language perform better than those only educated in English.
"Learning in the mother tongue has cognitive and emotional value. Minority pupils feel more respected when it is used," says Dutcher.

**EDUCATION**: **The mother-tongue dilemma in** <http://portal.unesco.org/education> mentions as

- Many studies have shown children do better if they get a basic education in their own language. This is important because about 476 million of the world's illiterate people speak minority languages and live in countries where children are mostly not taught in their mother tongue.
- In New Zealand, a recent study showed that Maori children who received basic education in their own language performed better than those educated in English only, notes Don Long, who produces books and teaching materials in the country's minority languages.
- Mother tongue education and multilingualism are increasingly accepted around the world and speaking one's own language is more and more a right. International Mother Language Day, proclaimed in 1999 by UNESCO and marked on 21 February each year, is one example. Encouraging education in the mother tongue, alongside bilingual or multilingual education, is one of the principles set out by UNESCO in a new position paper.
- On top of this, languages are now regarded as an integral part of a people's identity, as shown in the UNESCO Universal Declaration on Cultural Diversity (2001), which recognizes the importance of languages in promoting cultural diversity.

---

**परम्परागत तथा वातावरणीय ज्ञानको प्रमुख स्रोतको रूपमा रहेको मातृभाषालाई बचाउन, शिक्षालाई सहज र सबैको पहुँच योग्य बनाउन, विद्यालय छोडने विद्यार्थीको संख्या घटाउन, साक्षरता दरलाई बढाउन, अल्पसंख्यक मातृभाषीहरूप्रति सम्मान प्रकट गर्न, स्थानीय परिवेश र वातावरणलाई उद्घाटन गर्न, साँस्कृतिक विविधतालाई जोगाइ राख्न, साँस्कृतिक सक्षमताको विकास गर्न, धनी र गरिबको बीचको खाल्टो कम गर्न तथा जातीय पहिचानका लागि हुने द्वन्द्व घटाउनका लागि मातृभाषामा शिक्षा प्रदान गरिनु आवश्यक छ भनेर विभिन्न विद्वानहरूले आआफ्ना मत जाहेर गरेका छन् ।**

**मातृभाषाको शिक्षाले दिगो शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनामा पनि निकै ठूलो मद्दत पुऱ्याउन सक्दछ। आर्थिक स्रोतको व्यवस्थापनको लागि वर्गीय युद्ध लडिन्छ भने जातीय वा राष्ट्रिय पहिचानको लागि भाषिक युद्ध। वंगलादेशलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। यो देश भाषाकै कारणले पाकिस्तानबाट छुट्टिएको थियो। भारतको धेरै जसो प्रान्त भाषाकै आधारमा निर्धारण गरिएको थियो।**

हो र मातृभाषा यसको केन्द्रमा रहेको हुन्छ।[६] मातृभाषाको पठनपाठनबाट दक्षता हासिल हुन्छ र राष्ट्रले दक्ष जनशक्ति पनि प्राप्त गर्ने हुनाले दिगो शान्ति र विकासको आधार पनि मातृभाषामा शिक्षा नै हो भन्ने धारणा पनि पाइन्छ।

### ४. मातृभाषामा शिक्षा सम्वन्धी नीति तथा रणनीतिहरू

नेपालमा मातृभाषामा शिक्षण पद्धतिको बारेमा लेख्नुभन्दा अगाडि ऐतिहासिक कालखण्डमा भएका शैक्षिक नीति तथा प्रयाशहरूलाई पनि हेर्नु आवश्यक हुन्छ। यसरी हेर्दा भाषा संरक्षण र विकासका साथै मातृभाषामा शिक्षाका लागि विभिन्न ऐतिहासिक कालखण्डमा केही न केही प्रयास भएको पाइन्छ, तर ती प्रयासहरू सकारात्मक कार्यान्वयनतिर उन्मुख हुन नसकेकोले उदाहरणीय हुन सकेनन्।

### ४.१ राणाकाल (ई. १८४६-१९५०) मा मातृभाषा सम्वन्धी नीति तथा रणनीति

"नेपालको एकीकरणपछि नेपाललाई "चार जात छत्तीस वर्ण"को फूलबारी भनिए पनि एकात्मक समाज र राष्ट्रको निर्माण नै लक्ष्य रहेकाले एउटा राजा, एउटा भाषा र एउटा धर्म भन्ने मूलमन्त्र अङ्गीकार गरेर राज्य व्यवस्थाको संरचना र परिचालन सुरु भयो" (काइँला २०६२:१६)। राज्यले लिएको यस प्रकारका एकल नीतिले नेपालका धेरै भाषाहरू लोप भए र लोपोन्मुख अवस्थामा पुगेका छन्। यसकालमा थुप्रै भाषिक विभेदहरूको घटनाहरू भएको पाइएको छ। गोर्खा एजेन्सी कार्यालय, काठमाडौं (बि.सं. १८७४:१०-११) द्वारा बैशाखमा "गोरखा भाषा" मा कृष्णचन्द्र अर्याल र बैद्यनाथ जोशीद्वारा मातृभाषा विरूद्ध प्रस्तुत (याखाराई १९९६:२७४-२७५) निम्न विचारलाई क्लासिक उदाहरणको रुपमा लिने गरेको पाइन्छ :

"अझसम्म एक ही "गोरखा भाषा" को सर्वव्यापकता हुन सकेको छैन, किन्तु नेवार, भोटे, मगर, गुरुङ, लिम्बू, सुनुवार, दनुवार, थारू प्रवृत्तिका जङ्गली भाषाहरूले पनि आफ्ना जन्मस्थानलाई एकदम छाड्न सकेका छैनन्। जहाँसम्म एक मात्र "गोरखा भाषा" ले अरू सबै जङ्गली भाषालाई अर्ध-चन्द्र (गलहत्ती) लगाउन्न, त्यहाँसम्म "गोरखा भाषाको उन्नति हुन्छ" भन्नु र "मुख्य भाषा कहिन योग्य छ" भन्नु केवल मनोलड्डु मात्र हो"। यस प्रकारको विभेदपूर्ण अवधारणा र कार्यान्वयनले नेपालका धेरै मातृभाषा र मातृभाषीहरू मारमा परेका थिए।

वि.सं. २००४ साल माघ १३ गते राणा प्राइमिनिस्टर श्री पद्मशमशेरद्वारा जारी गरेको नेपाल सरकारको वैधानिक कानून-२००४ मा "व्यवस्थापक सभामा सबै कुराकानी र छलफल राष्ट्रभाषा नेपालीमा नै हुनेछ" (धारा ४४) भनेर भाषिक विभेदको कानूनी जग यसै कालखण्डको अन्ततिर सुरू गरिएको देखिन्छ।

यसकालमा एउटा बहुलवादी प्रयास पनि भएको पाइन्छ। यो प्रयास हो प्रधानमन्त्री जुद्धशम्शेर जंवराको भाषणको सारांश[७] विभिन्न भाषामा प्रकाशन हुनु। वि.सं. १९८९ कात्तिक १ गतेको "गोरखापत्र"मा श्री ३ युद्धशम्शेर जवराको भाषणको सारांश संस्कृत, गोरखाली, नेवारी, हिन्दी, अंग्रेजी, बङ्गाली, मराठी, गुजराती, उर्दु, कर्णाटकी, पञ्जाबी, फारसी, भोटे-तिब्बती, मारवाडी, तामाङ, तँमु-गुरुङे, रौनियार भाषामा छापिएको छ। तत्कालिन सरकार र छापाले अप्नाएको छुवाछुतको संस्कारलाई केही क्षणको लागि भए पनि हटाउन भएको यो पहिलो प्रयास थियो।

### ४.२ प्रथम प्रजातान्त्रिक काल (१९५१-१९६०) मा मातृभाषा सम्वन्धी नीति तथा कार्यनीति

राणाकालको अन्तपछि वि.सं. २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भएपछि सो वर्ष फागुन २० गतेका दिन निम्न सूचना प्रकाशित भएको जानकारी ग्रीष्मबहादुर देवकोटाले *नेपालको राजनीतिक दर्पण*मा उल्लेख गरेका छन् :

"नेपालको पल्टनमा सिपाहीहरू भर्ना गर्दाखेरि कुनै प्रकारको जाति, धर्म, भाषाको भेद राखिने छैन। जुनसुकै जाति, धर्म, भाषाको व्यक्तिले समानरूपमा सैनिक बन्न पाउनेछ भन्ने सरकारी घोषणा भयो" (देवकोटा १९६०:८८)। राज्यले भाषाका आधारमा भेदभाव नराखिने भनेर जारी गरिएको यो पहिलो ऐतिहासिक विज्ञप्ति थियो। यो सम्भवत: मानवअधिकारको विश्वव्यापी घोषणापत्र (ई. १९४८) जारी भएको प्रभावले हुन सक्दछ। यसपछि यस कालमा मातृभाषाको संरक्षण र विकास गर्ने कुनै नीति, नियम तथा कार्ययोजना बनेन। वि.सं. २००७ मा नेपाल अन्तरिम शासन विधान-२००७ जारी भयो। यस विधानको धारा १४(१) मा "राज्यले धर्म, जाति, जात (वर्ण), लिङ्ग, जन्मस्थान वा यस्ता कुनै

६. Louis-Jean Calvet says : "The war of languages is always part of a wider war," (Hachette, 1999)

७. "गोरखाली प्रजाको सुख, मुलुकको ऐश्वर्य बढाउनमा मेरो दिल लागि रहेकै हुनाले हरतरहबाट सो अभिलाषा पूर्ण गराउनमा म सधैं तत्पर रहनेछु ....." (श्री श्री श्री महाराज युद्धसंशेर राणाबाट बक्सेको वक्तृताको सारांश) १९८९।६।३१।१, *गोरखापत्र* साप्ताहिक-समाचारपत्र, भाग ३२ संख्या २६-२७, १९८९ कार्तिक १।

विषयका आधारमा कुनै नागरिकलाई भेदभाव गर्ने छैन" भनी लेख्यो तर भाषाका आधारमा भेदभाव गर्न पाइने कि नपाइने त त्यसबारे यो संविधान मौन रह्यो।

यसै परिप्रेक्षमा शिक्षा आयोगको पहिलो प्रतिवेदनलाई केलाउन आवश्यक छ। सरदार रूद्रराज पाण्डेको अध्यक्षतामा गठित नेपालमा राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदन ई. १९५६ (२०१३) मा प्रकाशित गऱ्यो। यस आयोगले "नेपाली भाषा नै पढाईको माध्यम हुनुपर्दछ" (पृ. ११६), "नेपाली भाषाबाहेक नेपालका अन्य भाषाको अध्ययनले नेपाली भाषाको प्रभावपूर्ण विकासमा बाधा दिनेछ, किनभने घरमा र समाजमा विद्यार्थीले नेपालीभन्दा अरू भाषालाई बढता प्रयोगमा ल्याउने भएमा नेपाली एक विरानो भाषा हुनेछ। यदि केटाकेटीहरूलाई प्रारम्भिक भाषाको रूपमा नेपाली नै सिकायो भने अरू भाषाहरू क्रमश: गौण हुनेछन्" (पृ. १०८) भन्ने जस्ता मातृभाषाहरूको घाँटी निमोठेर हत्या गर्ने खालका सिफारिस गऱ्यो। एकल सत्ताको मानसिकताले ग्रस्त भएर तयार गरिएको यो प्रतिवेदन विभेदकारी शिक्षा नीतिको मूलस्रोत सावित भयो र पञ्चायती शासनको "एक भाषा एक भेष"को आधार पनि बन्यो। यस्तो भाषानीतिले गर्दा नेपालका झण्डै एकदर्जन रैथाने भाषाहरू मृत भइसकेका छन् (हान्सन १९९१ ई, पोखरेल २०५०:७६, यादव २०६१:२१) र कैयौं भाषाहरू मृतप्राय: अवस्थामा पुगेका छन्। त्यसैले हाल गैरनेपाली भाषीहरूले नेपाली भाषालाई एउटा "हत्यारा भाषा" "किलर ल्याङ्ग्वेज"[८] (विष्णु राई, २००५:५३१) को रूपमा हेर्न थालिएको पाइन्छ।

यसै प्रतिवेदनको आधारमा शिक्षा मन्त्रालयले वि.स. २०१४ असोज २६ गते "नेपाली भाषाको माध्यमबाट अध्यापन गरिने" विज्ञप्ति जारी गरेको थियो। यसबारे जनस्तरबाट कडा प्रतिक्रिया भएपछि ०१४। कात्तिक १४ गते सरकारले अर्को विज्ञप्ति प्रकाशन गऱ्यो (देवकोटा, १९६०:५४७) :

(क) नेपाल सरकारको स्वदेशभित्र प्रचलित भाषा, उपभाषासम्बन्धी नीति उदार तथा प्रजातान्त्रिक रहेको छ।

(ख) नेपालका कुनै क्षेत्रमा कुनै समूहद्धारा बोलिने वा प्रचलन गरिने कुनै जातीय, स्थानीय भाषालाई दबाउने नीति न सरकारले अपनाएको छ न अपनाउने नै छ। सरकारको यो धारणा छ कि प्रत्येक भाषाभाषी कुनै नेपाली जनसमुदाय वा जातीले मिली भाषा वा उपभाषाको विकासार्थ आफ्नो उचित मात्राको प्रजातान्त्रिक अधिकार सदासर्वदा राख्दछन्।

**नेपाली भाषा शुद्ध बोल्न नसकेको भन्दै खिसीटिउरी गर्न र विभेद गर्न कुनै अनुमति लिन परेन। यसको ठूलो मनोवैज्ञानिक असर मातृभाषी विद्यार्थीहरूमा पऱ्यो। मातृभाषामा रहेका बालबालिकाको नाउँ समेत नेपालीभाषी शिक्षकले उच्चारण गर्न नसक्दा ती मातृभाषामा राखिएका नाउहरू नेपालीकरण गरिन थालियो। मनोवैज्ञानिक दबाब यति बढ्यो कि ती बालबालिकालेसमेत आफ्ना भाषामा राखिएको नाम भन्न लजाउने भए। व्यक्ति, स्थान र जातिको नामसमेत हिन्दूकरण गरियो।**

तर न त त्यो उदार नीति व्यवहारमा देखियो न त भाषिक अधिकारलाई प्रोत्साहन नै दिइयो। बरू एक वर्ष पछि लागु भएको नेपाल अधिराज्यको संविधान-२०१५ पूर्णत: एकभाषी भएर यसरी आयो - "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हुनेछ।" "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, तथा जातजातिको आधारमा भेदभाव गरिने छैन" ४(२) र "सरकारको सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण वा जात जातिको आधारमा भेदभाव हुनेछैन, तथा स्त्री, पुरूष दुवै थरीको लागि खुला रहेको सरकारी नोकरीको हकमा लिङ्गको आधारमा पनि भेदभाव हुने छैन" ४(३)। यसैगरी धारा ४(४)मा "नेपाल अधिराज्यका विभिन्न क्षेत्रका जनताका बीच वा जनताका विभिन्न, वर्ग वा जात वा जातिका बीच कसैले घृणा, द्वैष फैलाउन वा भेदभाव पैदा गराउन पाउने छैन" भनिएको छ तर भाषाको आधारमा गरिने भेदभाव गर्न सकिने आधार तयार गऱ्यो र पाण्डे (२०१३) आयोगका सिफारिसहरू लागु गरेको थियो। यसरी "एक भाषा एक भेष"को नीतिको बलियो जगको स्थापना प्रजातन्त्रकालीन संविधानले नै सूत्रपात गरेको प्रष्ट देखिन्छ।

### ४.३ पञ्चायतकाल (१९६१-१९९०) मा मातृभाषामा शिक्षा सम्वन्धी नीति तथा कार्यक्रम

वि.सं. २०१८ को बैसाख २५ गते सर्वाङ्गीण राष्ट्रिय शिक्षा सिमितिको गठन भयो र यस समितिले "शिक्षाको माध्यम नेपाली भाषा नै हुनेछ" (पृ. २०) भनी किटान नै गऱ्यो। सो समितिले संस्कृत भाषाको लागि एउटा च्याप्टर नै खडा गरी विश्वविद्यालयसम्म नि:शुल्क पढन पाइने व्यवस्था (सिफारिस नं. ५) गऱ्यो। यसरी संस्कृत भाषा पढनेहरूले कोल्टे फेरे र एउटा जातिको लागि विश्वविद्यालयको शिक्षा निशुल्क बनाइयो। वि.सं. २०१९ साल पुस १ गते नेपाल अधिराज्यको संविधान-२०१९ लागू भयो र यसले भाषिक विभेद जारी नै राख्यो। यसपछिका सबैजसो संशोधित पञ्चायतकालीन संविधानहरूमा

८. In Nepal language can also be classified as 'endangered languages', 'moribund languages' and 'killer language' on the basis of their status. Languages such as Kusunda and Koyu are moribund as they are hardly used. Puma and Dhimal are endangered because children no longer learn them, and Nepali is the 'killer' because it is replacing all othe languages being spoken in the country.

यीनै धाराहरू सक्रिय रहे अर्थात् भाषिक भेदभावले निरन्तरता पाइरह्यो। नेपाली भाषा शुद्ध बोल्न नसकेको भन्दै खिसीटिउरी गर्न र विभेद गर्न कुनै अनुमति लिन परेन। यसको ठूलो मनोवैज्ञानिक असर मातृभाषी विद्यार्थीहरूमा पर्‍यो। मातृभाषामा रहेका बालबालिकाको नाउँ समेत नेपालीभाषी शिक्षकले उच्चारण गर्न नसक्दा ती मातृभाषामा राखिएका नाउँहरू नेपालीकरण गरिन थालियो। मनोवैज्ञानिक दबाब यति बढ्यो कि ती बालबालिकालेसमेत आफ्ना भाषामा राखिएको नाम भन्न लजाउने भए। व्यक्ति, स्थान र जातिको नामसमेत हिन्दूकरण गरियो।

**४.४ दोस्रो प्रजातान्त्रिक काल (१९९१-२००५) मा मातृभाषामा शिक्षा सम्वन्धी नीति तथा कार्यक्रम**

प्रजातन्त्रको पुर्नस्थापनापछि निर्मित नेपाल अधिराज्यको संविधान-२०४७ ले नेपाललाई बहुजातीय तथा "बहुभाषिक अधिराज्य" को रूपमा स्विकार्‍यो (४.१) र "नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन्" (६.२) भनी संवैधानिक व्यवस्था पनि गर्‍यो। तर भाषाका आधारमा विभेद गर्न सकिने प्रावधान "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (११.२) भने यथावतै राख्यो। यत्ति हुँदाहुँदै पनि पूर्ववर्ती संविधानभन्दा यस संविधानले सरकारी तथा गैरसरकारी निकायहरू र मातृभाषीहरूलाई भाषाको विकासको लागि बाटो खोलिदियो। यद्यपी संविधानको मर्म र भावना विपरित सर्वोच्च अदालतले स्थानीय निकायमा मातृभाषाको प्रयोग गर्न नपाइने गरी बन्देज लगाइदियो। यसले गर्दा मातृभाषीहरूले जेठ १९ गतेलाई कालो दिवस रूपमा मनाउने गरेको छ।

यस कालखण्डमा मातृभाषामा शिक्षाका लागि केही प्रयास भएको देखिन्छ। यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**(१) मातृभाषा सम्वन्धी राष्ट्रिय शिक्षा आयोग-२०४९ को प्रतिवेदन**

प्रजातन्त्रको पुनर्स्थापनापछि गठित राष्ट्रिय शिक्षा आयोग-२०४९ ले प्राथमिक

**तालिका १ : प्राथमिक शिक्षाका निम्ति मातृभाषाको छनोट**

| | भाषाहरू | भाषिक अध्ययन | पाठ्यक्रम र पाठ्यपुस्तकको तयारी | मातृभाषा शिक्षणको कार्यन्वयन | |
|---|---|---|---|---|---|
| क. | १. मैथिली | २०५४-२०५५ | २०५४-२०५५ | २०५५-२०५६ | - |
| | २. भोजपुरी | २०५४-२०५५ | २०५४-२०५५ | २०५५-२०५६ | - |
| | ३. नेवारी | २०५४-२०५५ | २०५४-२०५५ | २०५५-२०५६ | - |
| | ४. लिम्बू | २०५४-२०५५ | २०५४-२०५५ | २०५५-२०५६ | - |
| | ५. अवधी | २०५४-२०५५ | २०५४-२०५५ | २०५५-२०५६ | - |
| | ६. नेपालीका पश्चिमी भाषिकाहरू | २०५४-२०५५ | २०५५-२०५६ | २०५६-२०५७ | बढी समय लाग्न सक्ने |
| ख. | १. थारू | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | - |
| | २. तामाङ | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | - |
| | ३. मगर | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | - |
| | ४. गुरुङ | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | - |
| | ५. शेर्पा | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | - |
| | ६. राजवंशी | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | - |
| | ७. राई तथा किराती भाषाहरू | २०५५-२०५६ | २०५६-२०५७ | २०५७-२०५८ | बढी समय लाग्न सक्ने |
| ग. | १. दनुवार | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | २. सत्तार र सन्थाल | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | ३. चेपाङ | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | ४. धिमाल | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | ५. सुनुवार | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | ६. थामी | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | ७. झाँगढ | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | - |
| | ८. अन्य भाषा भाषिकाहरू | २०५६-२०५७ | २०५७-२०५८ | २०५८-२०५९ | बढी समय लाग्न सक्ने |

तालिका स्रोत : राष्ट्रिय भाषामा प्राथमिक शिक्षा समितिको प्रतिवेदन-२०५४ (पृ. ७)

शिक्षामा मातृभाषाका सम्बन्धमा निम्न सुझावहरू प्रस्तुत गरेको थियो :

- "नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रूपमा राष्ट्रिय भाषाहरूको प्रयोग गर्न सकिनेछ। "बहुभाषिक समुदायका बालबालिका- हरूलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्नुपर्छ।"
- प्राथमिक कक्षामा मातृभाषा अनिवार्य विषयका रूपमा पठनपाठनका लागि प्रस्ताव (पृ.३०) गरिएको छ।
- निम्न माध्यमिक तह (६, ७ र ८ कक्षा) मा पनि आठौंपत्रमा ऐच्छिक भाषाका रूपमा मातृभाषा पठनपाठनका लागि सिफारिस (पृ. ४१) गरिएको छ।

यी सिफारिसहरू लागु भएनन। यस आयोगको प्रतिवेदन सार्वजनिक भएको ६ वर्षपछि गठित अर्को उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५:२१, २७) ले समेत राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०४९ को समीक्षा गर्दै लेखेको छ - "नेपालमा अझै पनि मातृभाषाका रूपमा बोलिने राष्ट्रिय भाषाहरूमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्रीको विकास हुन नसकेको, प्राथमिक तहका शिक्षकको नियुक्ति गर्दा बालबालिकाको मातृभाषा जानेको व्यक्तिलाई प्राथमिकता दिने नीति नलिइएको, स्थानीय मातृभाषामा शिक्षण गर्न सामग्री र शिक्षक तालिमको समेत व्यवस्था हुन नसकेको र राष्ट्रिय भाषामा प्राथमिक शिक्षा प्रदान गर्न ठोस नीति र कार्यक्रम विकास हुन नसकेको देखिन्छ" (२१ पृ.) र "निम्न माध्यमिक कक्षामा ऐच्छिक भाषा अन्तर्गतको पठनपाठनको व्यवस्था पनि भएको छैन"(२७)

**(२) राष्ट्रियभाषा नीति तथा सुझाव आयोगको प्रतिवेदन २०५०**

तत्कालीन सरकारले तिलविक्रम नेम्वाङको संयोजकत्वमा २०५० साल जेठ महिनाको १४ गते ११ सदस्यीय राष्ट्रियभाषा नीति तथा सुझाव आयोग गठन गऱ्यो र यस आयोगले २०५० चैत्र ३१ गते राष्ट्रियभाषा नीति तथा सुझाव आयोगको प्रतिवेदन तत्कालीन शिक्षामन्त्रीसमक्ष प्रस्तुत गऱ्यो। यस प्रतिवेदनमा नेपालको भाषिक स्थिति, राष्ट्रिय भाषाहरूको विकास र संरक्षण, शिक्षामा राष्ट्रिय भाषाहरूको प्रयोगबारे ५८ वटा सुझाव प्रस्तुत गरिएको छ तर यो प्रतिवेदन पनि लागू गरिएन। नेपालका भाषाविकासको लागि विस्तृत अध्ययन गरिएको यो पहिलो प्रतिवेदन थियो र हाल पनि यो चर्चामा रहेको छ।

**(३) राष्ट्रिय भाषामा प्राथमिक शिक्षा समितिको प्रतिवेदन २०५४**

डा. रामावतार यादवको संयोजकत्वमा ५ सदस्यीय राष्ट्रिय भाषामा प्राथमिक शिक्षा समिति गठन (वि.सं. २०५४) भयो र सो समितिले २०५४ असार १ मा आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो।

यस समितिको सुझाव अनुसार नेपालका सबै मातृभाषाहरूमा शिक्षणको कार्यान्वयन २०५८-२०५९ सम्ममा भइसक्नु पर्ने देखिन्छ तर हालसम्ममा पाठ्यक्रम विकास केन्द्रले मात्र १४ वटा मातृभाषाहरूको ऐच्छिक विषयको रूपमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेको छ।

**(४) उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५**

यसपछि श्री ५ को सरकारद्वारा गठित "उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग-२०५५" ले २०५५ जेठ ३१ गते आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो। यस प्रतिवेदनको "मातृभाषाको माध्यम र पाठ्यसामग्री" शीर्षकमा भनिएको छ

- "मातृभाषाको माध्यमद्वारा प्राथमिक शिक्षा दिने नीतिलाई कार्यान्वय गर्न नेपालका राष्ट्रिय भाषाहरूमा विद्यालय खोली शिक्षा दिनका लागि सरकारले पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको निर्माण र शिक्षक तालिमको आवश्यक व्यवस्था र सहयोग गर्नु पर्छ" (२०५५:२५)।
- निमावि तहमा पाठ्यक्रमको सम्बन्धमा पनि आयोगले "ऐच्छिक भाषाअन्तर्गत १०० पूर्णाङ्कको कुनै एक भाषा पढाउने व्यवस्था गरिनु पर्छ। यसमा मातृभाषा, संस्कृत र अंग्रेजी भाषामध्ये कुनै एकको छनोट गर्न दिनु पर्छ।" माध्यमिक तहमा पनि मातृभाषा लिन सक्ने व्यवस्था (२०५५:३१) यस आयोगले गरेको छ।

**(५) शिक्षा ऐन र शिक्षा नियमावली (२०५८-२०५९)**

शिक्षा ऐन-२०२८ (सातौं संशोधन २०५८) र शिक्षा नियमावली-२०५९ (पहिलो संशोधन २०५९) को दफा ७ (१) मा "विद्यालय शिक्षाको माध्यम नेपाली भाषा हुनेछ तर प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ" भनिएको छ। यहाँ नेपाली भाषाको सन्दर्भमा "हुनेछ" शब्दावलीको प्रयोग भएको छ भने मातृभाषाको सन्दर्भमा "दिन सकिनेछ" शब्दावलीको प्रयोग भएको छ। यस सन्दर्भमा मिल्ने एउटा सरकारी *अध्ययन प्रतिवेदन २०५८/२०५९:* बाइलिंगुएल एजुकेशनको *नेपाली रूपान्तर* (२०५९:३७) मा पनि लेखिएको छ : "संवैधानिक र कानूनी व्यवस्थाहरूमा विरोधाभाष देखिन्छ। उदाहरणस्वरूप नेपाल अधिराज्यको संविधान २०४७ का धारा १८(२)ले बालबालिकाहरूको मातृभाषाका प्राथमिक शिक्षा पाउन सक्ने मौलिक हक प्रदान गरेको देखिन्छ। शिक्षा तथा खेदकुद मन्त्रालयले (१९९३) मातृभाषामा प्रदान गरिने शिक्षाले केटाकेटीहरूका अध्ययनसम्बन्धी समस्याहरूलाई कम बनाउन सहयोग गदर्छ भन्ने कुरा स्वीकारेको छ तर शिक्षा ऐनले नेपाली भाषालाई पठनपाठनको माध्यमकोरूपमा लिएको देखिन्छ। यस्ता विरोधाभाषहरू आवधिक शिक्षा योजनाहरूमा पनि भेटिन्छन्।"

**(६) बाइलिंग्युएल एजुकेशन सम्बन्धी प्रतिवेदन** (२०५८/५९)

शिक्षा तथा खेदकुद मन्त्रालयले बाइलिंग्युएल एजुकेशनसम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन गरेको छ। यस प्रतिवेदनले १ प्रतिशत भन्दा माथिका ११

वटा (मैथिली, भोजपुरी, थारू, तामाङ, नेवारी, राई, मगर, अवधी, लिम्बू, गुरुङ र उर्दू) मातृभाषी विद्यार्थीहरूले सामना गरेका अफ्ठ्याराहरूका साथै निराकरणका लागि "स्थानीय भाषाको प्रयोग गर्ने व्यवस्था हुनु पर्ने", "राष्ट्रिय भाषा नीतिको तर्जुमा हुनु पर्ने" आदि सुझावहरू प्रस्तुत गरेको छ। यसै गरी पाठ्यक्रम विकास केन्द्रले पनि Bilingual Transition Education Programme for all non-Nepali Speaking Students (2004-2009) शिर्षकको अध्ययन प्रतिवेदन तयार गरेको छ।

**(७) प्राथमिक शिक्षामा मातृभाषाको प्रवेशसम्बन्धी प्रतिवेदन २०६२**

यसैगरी डा. योगेन्द्रप्रशाद यादवसहितको अध्ययन टोलीले मातृभाषामा शिक्षाको प्रवेश गराउने सम्बन्धमा एउटा अध्ययन गरेर Mother Tongue

**तालिका २ : नेपालमा भाषिक विभेदीकरणका संवैधानिक प्रावधानहरूको समयरेखा (Timeline)**

| साल | संविधानहरू | भाषिक व्यवस्था | प्रभाव |
|---|---|---|---|
| २००४ | नेपाल सरकारको वैधानिक-कानून २००४ | – "व्यवस्थापक सभाका सबै कुराकानी छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा नै हुनेछ।" (४४) | संवैधानिक रूपमा भाषिक विभेदको प्रारम्भ |
| २००७ | नेपाल अन्तरिम शासन विधान २००७ | – "राज्यले धर्म, जाति, जात (वर्ण), लिङ्ग, जन्मस्थान वा यस्ता कुनै विषयका आधारमा कुनै नागरिकलाई भेदभाव गर्ने छैन" (१४.१) | मातृभाषीहरूलाई भाषाको आधारमा विभेद गर्न सकिने राणाकालिन प्रावधानलाई निरन्तरता |
| २०१५ | नेपाल अधिराज्यको संविधान २०१५ | – "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिंग, तथा जातजातिका आधारमा भेदभाव गरिने छैन।" (४.२)<br>– "सरकारी सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण वा जातजातिका आधारमा भेदभाव हुने छैन तथा स्त्री, पुरुष दुवै थरीका लागि खुला रहेको सरकारी नोकरीको हकमा लिङ्गको आधारमा पनि भेदभाव हुने छैन।" (४.३) | प्रजातान्त्रिक संविधानले समेत भाषिक विभेदलाई निरन्तरता दिएको र मातृभाषाप्रति मूलधारका जातिहरूको मातृतभाषाप्रति नकरात्मक दृष्टिकोण। |
| २०१९ | नेपालको संविधान-२०१९ | – "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जात, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (१०.२)<br>– "सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव हुने छैन।" (१०.३) | भाषाको आधारमा आदिवासी जनजातिहरूलाई विभेद यथावत्, एक भाषा एक भेषको नीतिको कार्यन्वयन र स्थानीय मातृभाषामा रहेका खोला, डाँडाँभन्जाङका नामहरूको नेपालीकरण। |
| २०४६ | नेपाल अधिराज्यको संविधान, २०४७ | – "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (११.२)<br>– "राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराका आधारमा भेदभाव गरिने छैन।" (११.३) | राणाकालदेखिकै भाषिक विभेद र नेपालीकरणको प्रक्रियालाई यस संविधानले पनि निरन्तरता दिएको छ। |
| २०६३ | अन्तरिम संविधान-२०६३ | – "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (१३.२)<br>– "राज्यले नागरिकहरूका वीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (१३.३) | पहिलो पल्ट भाषाको आधारमा मातृभाषीप्रति विभेद नगरिने संवैधानिक ग्यारेन्टी गरिएको छ। |

Intervention at Primary Level शीर्षकको प्रतिवेदन २७ जुलाई २००५ मा शिक्षा विभागलाई बुझाएको छ।

**(८) पाठ्यक्रम विकास केन्द्रको प्रयासहरू**

पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले मैथिली, भोजपुरी, अवधी, नेवारी, लिम्बू, तामाङ, थारू, गुरुङ, मगर, बान्तावा-राई, शेर्पा, चाम्लिङ-राई, सुनवार र राजवंशी गरी १४ मातृभाषामा प्राथमिक तहको ऐच्छिक विषयको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरेको छ। यसका साथै मैथिली, थारू, अवधी, भोजपुरी, लिम्बू तथा नेवार भाषामा बालसन्दर्भ सामग्री पनि प्रकाशित गरेको छ। यसैगरी नेवारी, मैथिली, भोजपुरी, अवधी, हिन्दी, उर्दू र तिब्बती गरी सात वटा मातृभाषामा माध्यमिक तहको पाठ्यक्रम पाठ्यपुस्तक तयार गरी पठनपाठन सुरु गरिएको छ।[९]

**४.४ लोकतन्त्र स्थापना (२००६) पछि मातृभाषा सम्वन्धी नीति तथा कार्यक्रम**

जनआन्दोलन-२ को सफलतापछि बनेको "अन्तरिम संविधान-२०६३" माघ १ गते जारी भयो। यस संविधानमा भाषिक व्यवस्था तथा भाषिक सन्दर्भहरू निम्न रहेका छन् :

१. "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त राष्ट्र हो।" (३)
२. "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्।" (४.१)
३. "देवनागरी लिपिमा नेपालीभाषा सरकारी कामकाजको भाषा हुनेछ।" (४.२)
४. "उपधारा (४.२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन। त्यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रुपान्तर गरी अभिलेख राख्नेछ।" (४.३)
५. "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (१३.२)

**मातृभाषामा शिक्षा दिएवापत र लिपि सिकाए बापत जेलको हावा खानु परेको वा मातृभाषामा लेखेबापत देश निकालिनु परेको अवस्था पनि अहिले छैन। पराजित रैती वा प्रजा वा अनागरिकको अनुभव मातृभाषीहरूमा घटदै गएको छ। सडकदेखि सदन र सत्तासम्मको माग गर्ने र सहभागी हुने अवस्थामा उनीहरू पुगेका छन्।**

६. "राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (१३.३)
७. "प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएबमोजिम[१०] आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ।" (१७.१)
८. "नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ।" (१७.३)[११]

यस संविधानले नेपालका सबै भाषालाई राष्ट्र भाषाको मान्यता प्रदान गरेर भषिक विभेदको अन्त गर्ने प्रयास गरेको छ र "आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हकलाई मौलिक हकको रूपमा स्थापना गरेको छ। नेपालमा भाषासम्वन्धी हालसम्वन्धी संवैधानिक प्रावधानहरूलाई संक्षिप्तमा सहजढंगले बुझ्न निम्न अनुसारको समयरेखा प्रस्तुत गरेको छु र यस समयरेखा मार्फत् प्रभाव समेतलाई हेर्न सकिन्छ :

**५. मातृभाषीहरू अहिले के गर्दैछन् ?**

आदिवासी जनजातिहरू अहिले आफ्नो मातृभाषामा कुराकानी गर्दा "गाइ खाने कुरा नगर" वा "मान्छे कुरा नगर" भनेर राज्यका संयन्त्रबाट अपहेलित हुनु परेको छैन। मातृभाषामा शिक्षा दिए वापत र लिपि सिकाए बापत जेलको हावा खानु परेको वा मातृभाषामा लेखेबापत देश निकालिनु परेको अवस्था पनि अहिले छैन। पराजित रैती वा प्रजा वा अनागरिकको अनुभव मातृभाषीहरूमा घटदै गएको छ। सडकदेखि सदन र सत्तासम्मको माग गर्ने र सहभागी हुने अवस्थामा उनीहरू पुगेका छन्। उनीहरूले आफ्नो पहिचानलाई बढाउन दिलो ज्यानले आफ्नो आवाजलाई बुलन्द गरिरहेका छन्। लामोसमयसम्म

---

९. पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले मैथिली, भोजपुरी, अवधी, नेवारी, लिम्बू, थारू, गुरुङ, मगर, बान्तावा-राई र शेर्पा गरी १० वटा भाषामा कक्षा १ को गणित, विज्ञान तथा सामाजिक अध्ययन र सिर्जनात्मक कलाको अनुवाद पनि गरिसकेको छ तर अनुवाद गर्नु ठीक-वेठीक र उचित-अनुचितको विवाद पनि रहेको छ। हाल यी सामग्रीहरू प्रकाशित भएको छैन।

१०. आदिवासी जनजातिहरूले *कानूनमा व्यवस्था भएबमोजिम* वाक्यांशमा प्रश्न उठाउँ छन् मौलिक हकमा यस्तो वाक्यांश किन ?

११. यस अतिरिक्त "राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति" शिर्षकमा पनि भाषिक व्यवस्था यसरी गरेको छ - "विभिन्न धर्म, सँस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाभाषीहरूका बीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्धारा देशको सांस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।" (३५.३) तर यस सम्वन्धमा "यस भागमा लेखिएका विषयहरू कार्यन्वयन भए वा नभएको सम्वन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन" (३६.१) भनी लेखिएको हुनाले भाषिक सन्दर्भमा यसको उल्लेख नगरिएको हो।

**पटकपटक मसाल जुलुस निकाल्न सक्ने, चक्का जाम गर्नसक्ने, बन्द सफल पार्न सक्ने आदिवासी जनजातिको युवा जमातले गत दुइवर्षदेखि राज्यले मातृभाषाको पाठ्यपुस्तक नछाप्ता, ती सामग्रीहरू वितरण नगर्दा सानोतिनो जुलुससमेत निकाल्ने हिम्मत गरेको देखिएन अर्थात् भाषिक मानवअधिकारप्रति उनीहरू सचेत हुनसकेको देखिदैन ।**

एकल भाषी नीतिको मारमा परेकोले उनीहरूको मातृभाषा पहिचानको बलियो आधार हुँदाहुँदै पनि मातृभाषाको संरक्षण र विकासको लागि जुर्मुनाउन सकिराखेका छैनन्। मातृभाषाको सन्दर्भलाई भाषिक मानव अधिकारको रूपमा स्थापना गरेर उठान सकिराखेका छैनन्। मातृभाषामा शिक्षा विकासको लागि व्याकरण लेखन, शब्दकोश तयारी तथा मानक आलेखन जस्ता प्राविधिक पक्षको अज्ञानता र भाषाशास्त्री तथा शिक्षाविद्हरूले भातृभाषिक समुदायलाई देखाउने गरेको हाउगुजीले गर्दा पनि आआफ्ना मातृभाषाको विकासको लागि उनीहरू सहज ढंगले उठन सकेका छैनन्। मातृभाषामा तयार गरिएका पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू पनि अधिकांश आदिवासी संघसंस्थाका पदाधिकारीहरूलाई थाहा नहुदो रहेछ। मगर भाषाका पाठचक्रम तथा पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रीको बारेमा नेपाल मगर संघका जिल्लाका पदाधिकारीहरू र विद्यालयका प्रधानाध्यापक तथा मातृभाषी शिक्षकहरूले पनि अज्ञानता प्रकट गरे। यसरी हेर्दा उनीहरू सुसूचित हुन सकिराखेका छैनन्।

जसरी गाउँघरका स्थानीय मातृभाषिक समुदायहरू आआफ्ना खुट्टामा उभिएका छन् र आआफ्नै पाखुरीमा बाँचेका छन् तर त्यसरी नै पढेलेखेका मातृभाषी जमांत पनि बाँच्ने कोशिसमा रहेका छन् तर ऊनीहरूमा बौद्धिक परनिर्भरता बढेको छ। उनीहरूले बाँच्नका लागि जहिले पनि टेको वा अंकुसेको आवश्यकता महशुस गर्ने गर्दछन्। आफ्ना मातृभाषामा शब्दकोश वा व्याकरण कमैले निकालेका छन्, मानक आलेखनतिर ध्यानै दिन सकेका छैनन्। सरकारले दिएको सिमित शैक्षिक अधिकार (मातृभाषा ऐच्छिक विषय) को पनि राम्रोसँग उपभोग गर्न सकिराखेका छैनन्। पटकपटक मसाल जुलुस निकाल्न सक्ने, चक्का जाम गर्नसक्ने, बन्द सफल पार्न सक्ने आदिवासी जनजातिको युवा जमातले गत दुइवर्षदेखि राज्यले मातृभाषाको पाठ्यपुस्तक नछाप्ता, ती सामग्रीहरू वितरण नगर्दा सानोतिनो जुलुससमेत निकाल्ने हिम्मत गरेको देखिएन अर्थात् भाषिक मानवअधिकारप्रति उनीहरू सचेत हुनसकेको देखिदैन। संयुक्त राष्ट्र संघद्वारा पारित तथा नेपालद्वारा अनुमोदित अभिसन्धी, महासन्धी तथा घोषणापत्रहरू कार्यन्वयनको लागि स्थापित युनेस्को, युनिसेफ तथा दातृसंस्था सेफ द चिल्ड्रन फण्ड जस्ता संस्थाहरूले समेत मातृभाषाको मानव अधिकार[१२]को बारेमा केही नबोल्दा, केही नगर्दा र राज्यको एकभाषी नीतिलाई नै पोषित गर्दा पनि मातृभाषीहरूले चर्को स्वरले बोल्न सकेको देखिदैन।

### ६. मातृभाषामा प्राथमिक शिक्षाका विद्यमान चुनौतीहरू

प्राथमिक तहमा मातृभाषामा शिक्षणको लागि मातृभाषीहरू आफैंले र सरकारी संयन्त्रहरूले पनि विभिन्न प्रकारका चुनौतीहरूको सामना गरिराखेका छन्। मातृभाषीहरूले विशेषगरी भाषिका छनौट, भाषाको नामकरण, लिपि छनौट, मानकआलेखन आदिको छनौटको सामना गरिराखेका छन् भने सरकारी संयन्त्रहरूमा विशेषगरी मातृभाषीविज्ञको अनुपलब्धता तथा तयारी पाठ्यसामग्रीको वितरण तथा शिक्षणकार्यको कार्यन्वयन पक्षको चुनौतीले सताइएका हुन्छन्। सर्वप्रथम प्राथमिक तहमा मातृभाषामा शिक्षणका दुइ विधि वा मोडल देखिएको छ : (क) केन्द्रीभूत वा टप डाउन मोडल र (ख) समुदायिक वा बटम् अप् मोडल।

#### ६.१ मातृभाषामा प्राथमिक शिक्षाका केन्द्रीभूत मोडल र यसका चुनौतीहरू

डा. रामावतार यादवको संयोजकत्वमा गठित कार्यदलले राष्ट्रिय भाषाहरूमा शिक्षा दिने उद्देश्यले "राष्ट्रिय भाषामा प्राथमिक शिक्षा प्रतिवेदन २०५४" प्रस्तुत गऱ्यो। सो प्रतिवेदनमा तीन तहमा कार्यक्रम संचालन गरिनु पर्ने सुझाव प्रस्तुत गरेको छ। यस अनुसार १) भाषिक अध्ययन अन्तर्गत (क) भाषिकाको छनोट(ख) भाषिक अध्ययन, (ग) शब्द संकलन र (घ) व्याकरण निर्माणको हुनु पर्ने सूझाव प्रस्तुत गरिएको छ। यसैगरी २) पाठचक्रम र पाठचपुस्तक निर्माण अन्तर्गत (क) पाँच वर्षका लागि पाठचक्रम निर्माण र (ख) भाषिक स्वरूप, साहित्यिक र अन्य पाठ्यसामग्रीको आधारमा पाठचपुस्तक निर्माण गरिनु पर्ने सुझाव प्रस्तुत गरिएको छ। ३) शिक्षणकार्यको कार्यन्वयन अन्तर्गत (क) विद्यालयको छनौट, (ख) शिक्षक निर्देशिका निर्माण, (ग) शिक्षकलाई प्रशिक्षण अनि (घ) कक्षा सञ्चालन गरिनु पर्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ।

---

१२. नेपालले हस्ताक्षर गरेका महासन्धीहरू (a) Convention on the Rights of Child (Articles-30) - 'Right to use his or her own language', (b) International Convenat on Civil and Political Rights (Article-27) - 'Right to use their own language', (c) Declaration on the Rights of the Person belonging to National or Ethnic, Religious and Linguistics Minorities (Articles 1) - 'States shall protect & promote linguistics identity and right to enjoy', (d) Universal Declaration of Human Right (Article-2) 1948- **'Right and freedom without any discrimination'** and (e) International Convenat on Economic, Social and Cultural Rights (Article-2.2) - **'Right guaranteed without any discrimination.'**

| तालिका ३ : मातृभाषामा प्राथमिक शिक्षा योजनाको ढाँचा | | |
|---|---|---|
| **१. भाषिक अध्ययन** | (क) भाषिकाको छनोट | |
| | ३ल्ब:भ्रु | (१) वर्णविन्यासको निर्धारण |
| | | (२) लिपिको चयन |
| | | (३) लेखनपद्धतिको विकास |
| | (ग) शब्द संकलन | |
| | (घ) व्याकरण निर्माण | |
| **२. पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण** | ३ल्ब:भ्रु | पाठ्यक्रमको निर्माण (५ वर्षको लागि) |
| | (ख) पाठ्यपुस्तकको निर्माण | भाषिक स्वरूप, साहित्यिक सामग्री र अन्य पाठ्यसामग्रीको आधारमा |
| **३. शिक्षणकार्यको कार्यन्वयन** | (क) विद्यालयको छनौट | मातृभाषा शिक्षण गरिने एकभाषिक, दुईभाषिक तथा बहुभाषिक विद्यालयको छनौट |
| | (ख) शिक्षक निर्देशिका | शिक्षक निर्देशन पुस्तिकाको निर्माण |
| | (ग) शिक्षकलाई प्रशिक्षण | विद्यालय शिक्षकलाई प्रशिक्षण दिने |
| | (घ) कक्षा सञ्चालन | |
| | | तालिका विकास : अमृत योन्जन-तामाङ, २०६३ |

पाठ्यक्रम विकास केन्द्रले माथि उल्लेखित मोडलमा नै कुनै मातृभाषाको भाषिक विकासको अध्ययनलाई जाँचेर त्यसैको आधारमा भाषाको छनौट गरी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्नेगरेको छ तर शिक्षणकार्यको कार्यान्वयन पक्षको जिम्मेवारी को हुने हो प्रष्ट देखिदैन। यसले गर्दा मातृभाषाको शिक्षणकार्य अल्झेको देखिन्छ। मातृभाषाका तयारी पुस्तक पनि वितरण र पुन:मुद्रण कसले गर्ने अन्यौलता देखिन्छ। यसै गरी कुनै भाषाको भाषिक अध्ययन कसले गर्ने वा कसलाई गराउने यसबारे पनि कुनै निकाय देखिदैन। २०५४ सालदेखि मातृभाषामा शैक्षिक सामग्री तयार सुरु भएकोमा दशवर्षको अवधिमा मात्र १४ वटा मातृभाषाको ऐच्छिक विषयको पुस्तक तयार भएको छ र कार्यान्वयन पक्ष अहिलेसम्म तयार हुन सकेको देखिदैन।

### ६.२ मातृभाषामा प्राथमिक शिक्षाका समुदाय केन्द्रित मोडल र यसका चुनौतीहरू

मातृभाषा शिक्षा सुरु गर्दा स्थानीय भाषिक समुदायलाई अधिकार प्रत्यायोजन गरेर नेपालमा मातृभाषामा आधारभूत शिक्षाको राम्रो विकास गर्न सकिन्छ। स्थानीय भाषिक समुदाय र विद्यालयलाई नै मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न आवश्यक सहयोग गरी शिक्षणकार्यको कार्यान्वयन पनि गराउने हो भने छोटो अवधिमा नै नेपालले मातृभाषाको शिक्षाको विकासमा फड्को मार्न सक्ने सम्भावना देखिन्छ र सन् २०१५ सम्ममा सबैको लागि शिक्षाको लक्ष्य हासिल गर्न सकिन्छ। पाठ्यक्रम विकास केन्द्रले तयार गरेको प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा १-३ (२०६२) लाई मनन गर्दा यो केन्द्र पनि यसतर्फ उन्मुख भएको प्रष्टै देखिन्छ।

संघात्मक राज्यको परिकल्पना नेपालको अन्तरिम संविधान-२०६३ ले गरिसकेको छ र यस आधारमा हेर्दा नेपाल अब एकलचिन्तन, एकमात्र र एकलबादबाट बहुलबादतिर उन्मुख भइसकेको संकेत गरेको छ। बुहलसँस्कृतिकबादले बहुलकेन्द्रलाई जन्माउँछ र समुदायलाई शसक्त बनाउँदछ। समुदाय शसक्त हुनु भनेको सहभागीमूलक विकास कार्यान्वयनले गति लिनु पनि हो। प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) स्थानीय विद्यालयलाई बलियो बनाउन उन्मुख देखिएको छ। यस पाठ्यक्रम अनुसार विद्यालय आफैंले मातृभाषा विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी लागु गर्न सक्नेछ।[१३] यसको साथै "समाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने" (पृ. ३) प्रावधान राखेको छ। यसलाई समुदाय केन्द्रित मोडलको प्रारम्भ भएको मान्न सकिन्छ। यसरी नै प्राथमिक तहको सबै विषयहरूको पाठ्यक्रम बनाउन सहयोग गरी पाठ्यपुस्तक र सहयोगी पुस्तक तयारी गरी लागु गर्ने जिम्मेवारी दिने आँट, स्थानीय समुदायप्रतिको विश्वास र इमानदारीपूर्वक कार्यक्रम लागु गर्ने जाँगर जिम्मेवार निकायहरूमा हुनसकेमा हाम्रो लक्ष्य धेरै टाडो हुने छैन। यसै मोडलमा

---

१३. "(ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिनेछ। जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्र स्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिनेछ।" (पृ. ३) *प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा १-३* (२०६२)

नेपाली तथा अंग्रेजी भाषामा अभ्यस्त बौद्धिक र प्राज्ञिक समूदाय पनि मातृभाषामा शिक्षा दिनेबारेमा व्यावहारिक हुन सकेका छैनन् । उनीहरूबाट मातृभाषामा शिक्षा प्रारम्भ गर्नमा उनीहरूको सक्रिय सहभागिता नहुन सक्दछ ।

नेपालमा शिक्षा विभाग, बहुभाषिक शैक्षिक कार्यक्रम, प्राविधिक सहयोगी टोलीले कार्य प्रारम्भ गरेको छ। कार्यक्रमको प्रारम्भमा नै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा स्थानीय समुदायको सहयोगमा मातृभाषाको शैक्षिक सर्न्दभ सामग्री तयारी गरिने योजना तर्जुमा गरेको छ। स्थानीय भाषिक समुदाय, शिक्षक र विद्यार्थीहरूको संयुक्त प्रयाशमा मातृभाषाको शैक्षिक सामग्री तयारी र पठनपाठन गर्न सकिने अवधारणा पनि अगाडि सारिदै छ। यस अवधारणा अनुसार विद्यालयका शिक्षक, विद्यार्थी र स्थानीय परम्परागत ज्ञानकाविज्ञ गरी तीनै पक्ष मिलेर पाठ्यसामग्री तयारी गरी शिक्षणकार्य गर्ने गर्नसकेमा र मातृभाषा नजान्ने शिक्षकहरू पनि लाभान्वित हुने देखिन्छ। अहिलेका समस्या भनेको (१) विद्यार्थीले बोल्ने भाषा शिक्षकले नबुझ्ने र (२) शिक्षकले बोल्ने भाषा विद्यार्थीले नबुझ्ने हो। यी दुइ पक्षले गर्दा समस्या जटिल बन्दै गएको देखिन्छ। यसको समाधान हो - (३) स्थानीय मातृभाषी समुदायलाई शैक्षिक सामग्री तयारी गर्न र पठनपाठनमा समावेश गर्नु। यसो गर्न सकेमा स्थानीय विषयहरू पाठ्यसामग्रीमा समावेश हुनुका साथै मातृभाषा शिक्षणमा पनि जीवन्त आउन सक्ने धारणा यस मोडलका प्रयोगकर्त्ताहरूको रहेको छ।

यो मोडल नेपालको लागि अत्यन्त नौलो हो। समुदाय केन्द्रित कार्यक्रम लागु गरिनु केन्द्रीभूत चिन्तन टुटिनसकेको अहिलेको अवस्थामा भने जस्तो सहज हुदैन नै। हजारौं वर्षको केन्द्रीभूत चिन्तन फुमन्त्र वा चुटकीको भरमा विकेन्द्रित हुन्छ भनेर सोच्नु पनि सामयिक हुने छैन। बहुलचिन्तन, बहुलकेन्द्र, बहुभाषिक परिवेश र स्थानीय समुदायको सोंचको आधारमा कार्यक्रम सञ्चालन गर्नुको लागि दृढ इच्छा शक्ति, इमानदारी र प्रतिवद्धता चाहिन्छ। यसको लागि अहिलेको संयन्त्रहरूलाई क्रमश: तयार गरिनु आवश्यक छ।

### ६.३ मातृभाषामा प्राथमिक शिक्षाका अन्य चुनौतीहरू

नेपालमा मातृभाषमा शिक्षाका लागि अन्य चुनौतीहरूलाई निम्नानुसार औंल्याउन सकिन्छ :

- नेपालभित्र र नेपालबाहिर मातृभाषाको विकास र मातृभाषामा शिक्षाबारे भएगरेका गतिविधिबारे मातृभाषी समुदायहरू सुसूचित हुन सकेका छैनन्। उनीहरूलाई कस्ले र कसरी सुसूचित गर्ने यो कार्य चुनौतीको रूपमा उभिएको छ।
- नेपालका योजनाकारहरूले बहुभाषिकतालाई राष्ट्को विकास र मातृभाषामा शिक्षाका लागि समस्याको रूपमा लिने गरेको छ। यस्तो मानसिकताबाट कसरी उन्मुक्त हुने जस्ता चुनौती हामीसामु छ।
- नेपाली तथा अंग्रेजी भाषामा अभ्यस्त बौद्धिक र प्राज्ञिक समुदाय पनि मातृभाषामा शिक्षा दिनेबारेमा व्यावहारिक हुन सकेका छैनन्। उनीहरूबाट मातृभाषामा शिक्षा प्रारम्भ गर्नमा उनीहरूको सक्रिय सहभागिता नहुन सक्दछ। (उदा० शिक्षा मन्त्री प्रदीप नेपालको सोंच र विचार)
- केन्द्रीभूत मोडलको आधारमा स्थानीय भाषिक समुदायलाई मातृभाषामा आधारभूत शिक्षा दिने स्थानीय मोडलतिर फड्को मार्न सम्वन्धित सरकारी संस्थाहरूलाई कसरी तयार गर्ने ? यो पनि चुनौतीको रूपमा देखिन सक्दछ।
- व्यावहारिक रुपमा नै मातृभाषामा शिक्षाको लागि अधिकारमूखी सहभागीता कसरी सम्भव गराउने ? यो पनि नीति निर्माणदेखि कार्यक्रम सञ्चालनसम्मका लागि चुनौती हुन सक्दछ।
- स्थानीय स्तरमा विद्यालय आफैंले मातृभाषाको शैक्षिक सामग्री तयार गरी कक्षा सञ्चालन गर्ने निर्देशन पाठ्यक्रम विकास केन्द्रले गरेको भए पनि विद्यालयहरू तथा मातृभाषी संघसंस्था पनि तयार हुन सकेको देखिदैन। समुदायलाई सक्रिय तुल्याउने यो पनि चुनौतीको रूपमा देखिएको छ।
- मातृभाषा शिक्षाको लागि मातृभाषीहरूले आफ्ना आवाज घन्किाइरहेका छन् र नेपाल

सरकारले तिनीहरूको आवाजलाई सम्वोधन गर्न सकिराखेको छैन। मधेशदेखि आदिवासी जनजातिहरूको आन्दोलनको समान स्वर उनीहरुको भाषालाई मान्यता दिएर मातृभाषामा शिक्षा प्रदान गर्नु रहेको छ र सरकार आलटालको स्थितिमा छ। यसले गर्दा पनि मातृभाषामा शिक्षा दिने प्रक्रिया अल्भिन सक्दछ।

- मातृभाषीहरू अहिलो आआफ्नो पहिचानको लागि लागिपरेको हुनाले पाठ्यसामग्री तयार गर्न सजिलो छैन। एकले अर्कोलाई दोषारोपण गर्ने र मातृभाषाको सामग्री रोक्का गर्ने तथा फुकुवा गर्ने भाषिक राजनीति पनि अगाडि बढेको छ। गत दशकमा किरात राई यायोक्खाले राज्यकै केन्द्रभूत नीति अप्नाएर आफुभित्रको बहुलतालाई समेटन र सम्मान गर्न नसक्दा गैरबान्तावा भाषीराईहरू पहिचानको लागि जुर्मुराएको देखिन्छ। आदिवासी संघसंस्थाहरू राज्यबाट समावेशी खोज्ने र आफ्रूभित्र तानाशाही चिन्तनलाई पाल्ने मानसिकता पनि मातृभाषामा शिक्षाका लागि चुनौतीको रूपमा उभिएको पाइन्छ।
- केही प्रमुख भाषाहरू (तामाङ, गुरुङ, मगर आदि) को लागि लिपिको प्रश्न जटिलतम् चुनौतीको रुपमा उभिएको छ। केन्द्रीभूत चिन्तनको प्रभावले गर्दा लिपिबारे सहमत हुन सकेका छैनन्। यसतो परिस्थितिले केही मातृभाषामा शिक्षा दिने प्रक्रियालाई जटिल तुल्याउन सक्दछ।
- केही मातृभाषाहरू वीच आफ्नो भाषाको नामकरण (खाम/पाङ, कुलुङ/कुलुङराई आदि) बारे द्विविधामा परेकोले ती मातृभाषामा पठनपाठन रोकिएको अवस्था छ। यसलाई कसरी फुकाउने ? यो सामान्य देखिए पनि चुनौतीकै रुपमा उभिएको छ।
- आदिवासी जनजातिहरूले मातृभाषालाई भाषिक मानव अधिकार (Linguistics Human Rights) को रूपमा र मातृभाषामा शिक्षालाई आदिवासी बालअधिकार (Indigeneous Children's Right to education in thier own languages) को रुपमा स्थापना गरेर अघि बढाउन सकिराखेका छैनन्।
- भाषिक अधिकारबारे संयुक्त राष्ट्रसंघका अंगहरू, मानवअधिकारबादी संस्थाहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी

**आफ्नो मातृभाषामा शिक्षा हासिल गर्ने चाहना आदिवासी जनजातिहरूको वर्षौं अगाडि देखिकै हो। राणाकाल तथा पञ्चायत कालको चरम दमनमा पनि उनीहरूले आफ्नो चाहनालाई मर्न दिएनन्। यसको लागि उनीहरूले निरन्तर रूपमा सोझो वा घुमाउरो पाराले जनदवाव सिर्जना गर्दै आएका छन्। नेपाल सरकार पनि जनआन्दोलन-१ पछि यस चाहनालाई पूर्ति गर्नेतिर उन्मुख भएको देखिएको छ तर राज्यको सबै शक्ति केन्द्रमा नै केन्द्रित गर्ने नीति तथा रणनीतिले गर्दा सो कार्यक्रम सफल हुन सकिराखेको छैन।**

संस्थाको भूमिका पनि राज्यको शक्तितिर केन्द्रोन्मुखी देखियो। राज्यको एकभाषिक नीतिलाई नै पोस्ने काम गरे। उनीहरू दोस्रो पुस्ताको मानव अधिकार (आर्थिक तथा सामाजिक-साँस्कृतिक अधिकार) अर्थात् आदिवासी जनजातिहरूको पहिचानको अधिकारतिर उन्मुख हुन सकेका छैनन्। तसर्थ यिनीहरूप्रति आदिवासी जनजातिहरूले विशेषगरी भाषिक अधिकारको सुनिश्चित्ताको विषयमा विश्वास गर्न सकिराखेका छैनन्।

**७. मातृभाषामा प्राथमिक शिक्षा प्रारम्भका लागि केही सुझावहरू**

आफ्नो मातृभाषामा शिक्षा हासिल गर्ने चाहना आदिवासी जनजातिहरूको वर्षौं अगाडि देखिकै हो। राणाकाल तथा पञ्चायत कालको चरम दमनमा पनि उनीहरूले आफ्नो चाहनालाई मर्न दिएनन्। यसको लागि उनीहरूले निरन्तर रूपमा सोझो वा घुमाउरो पाराले जनदवाव सिर्जना गर्दै आएका छन्। नेपाल सरकार पनि जनआन्दोलन-१ पछि यस चाहनालाई पूर्ति गर्नेतिर उन्मुख भएको देखिएको छ तर राज्यको सबै शक्ति केन्द्रमा नै केन्द्रित गर्ने नीति तथा रणनीतिले गर्दा सो कार्यक्रम सफल हुन सकिराखेको छैन। मातृभाषा संरक्षणको महत्वपूर्ण औजार प्राथमिक तहको शिक्षालाई मानिएको छ। बहुभाषिक शैक्षिक कार्यक्रमले दुइ वर्षे कार्यक्रम बनाइ आफ्नो कार्यक्रमको थालनी पनि गरेको छ। यसलाई सफल बनाउन तथा राष्ट्रको भाषा नीति तर्जुमा गर्नका लागि विभिन्न क्षेत्रबाट समयसमयमा उठाउने गरेका केही अवधारणाहरूलाई प्रस्तुत गर्न चाहन्छु :

**(क) सरकारी पक्षले गर्नुपर्ने**

१. नेपालमा बोलिने भाषाहरूको संरक्षण, सम्वर्द्धन र पठनपाठनको लागि हालसम्म भाषा नीति तर्जुमा भएको छैन। राष्ट्रियभाषा नीति सुझाव आयोगको प्रतिवेदन-२०५० पनि थन्क्याएर राखेको छ। भाषा नीति विनाको भाषा विकास "कुइरोको काग" हुनेहुनाले यथाशाक्य छिटो "राष्ट्रिय भाषा नीति" को विकास गरेर लागु गरिनु पर्दछ।

२. नेपालका मातृभाषाहरूको अध्ययन, अनुसन्धान, पाठ्यक्रम तथा पाठ्यपुस्तक तयारी, शिक्षक तालिम, कार्यन्वयन र अनुगमन तथा मूल्यांकनको लागि एउटा "केन्द्रिय भाषा अध्ययन संस्थान"को स्थापना गरिनु पर्दछ। यसको माग निकै पहिलेदेखि हुदै आएको छ।

**मातृभाषामा पठनपाठनको लागि नेपाल सरकार, स्थानीय सरकारी संस्थाहरू र मातृभाषी संघसंस्थाहरू र स्थानीय विद्यालयका अभिभावक तथा स्थानीय आदिवासीज्ञानका विज्ञहरूको सक्रिय पहल र जागर हुन पनि आवश्यक छ। यी सबैको सामूहिक प्रयास बिना सबैको लागि शिक्षाको लक्ष्य हासिल गर्न राज्यलाई गाह्रो पर्नेछ।**

३. हालसम्म मातृभाषा शिक्षणको लागि आवश्यक खण्डिकरण डेटा (Disintegrated Data) संकलन गर्ने र राख्ने परिपाटी छैन। मातृभाषा र लैंगिकताको आधारमा कक्षागत डेटा राखिनु पर्दछ। यस प्रकारको डेटा नभएसम्म मातृभाषा विद्यालय छनौट गर्न, मातृभाषामा शिक्षा लागु गर्न र भाषिकयोजना बनाउन समेत सहज हुदैंन।

४. समुदायलाई शसक्त बनाउने समुदाय केन्द्रित (बटम अपको) अवधारणालाई अवलम्बन गरी स्थानीय तहमा भाषिक समुदायकै पहलमा नै स्थानीय पाठ्यसामग्रीको निर्माण तथा कार्यन्वयन गरिने नीतिको अवलम्बन गरिनु पर्दछ। यसो गर्न सकेमा मात्र तोकिएको अवधिमा लक्ष्यमा पुग्न सकिन्छ।

५. मातृभाषा पठनपाठनको लागि मातृभाषाको शिक्षकको व्यवस्था पनि अनिवार्य शर्त हो। यसको लागि मातृभाषा शिक्षकको दरवन्दी कायम गरी कार्यन्वयन गरिनु पर्दछ र सम्वन्धित मातृभाषीलाई नै नियुक्ति दिनु पर्दछ। यसो हुँदा मातृभाषाको उच्चारण ध्वनिसंरचना अनुकुल हुनेछ, भाषासँगको भावनात्मक सम्वन्ध बलियो हुनेछ र भाषिक समुदायले पनि राज्यले उनीहरूलाई सम्मान गरेको ठहर्नेछ। हाललाई विद्यालयमा रहेको मातृभाषाका शिक्षकलाई नै मातृभाषी शिक्षकको रूपमा नियुक्त गरिनु पर्दछ र मातृभाषी शिक्षक नभए सरुवा गरेर भए पनि मातृभाषा शिक्षकको व्यवस्था गरिनु पर्दछ।

६. ध्याङ/गुम्बा र मदरसा शिक्षालाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनु पर्दछ। धार्मिक शिक्षा बाहेकका अन्य विषयका पठनपाठन मातृभाषामा गरिने तर्फ उन्मुख हुनु पर्दछ। यसो गरिनु सकेमा मातृभाषाको संरक्षर र सम्वर्द्धनमा विकास हुनेछ र मौलिक पहिचान पनि बढनेछ।

७. नेपालमा के कति भाषा तथा भाषिकाहरू छन् यथार्थमा यसको जानकारी कसैसँग छैन। यसको उत्तर खोज्न नेपालमा भाषिक सर्वेक्षण (Linguistics Survey) गरिनु अतिआवश्यक छ। यसले अहिले देखिएको विविध भाषिक समस्यालाई धेरै हदसम्म हल गर्न सक्छ।

८. मातृभाषामा सामग्री तयारी, प्रकाशन र वितरणमा स्थानीय मातृभाषी समुदाय र मातृभाषी संघसंस्थालाई आवश्यक अभिमूखिकरण र तालिम दिएर उनीहरूसँग सहकार्य गर्न सकेमा पाठ्यसामग्री तयारी र वितरणमा सहज हुनेछ।

९. मातृभाषामा पठनपाठनको लागि नेपाल सरकार, स्थानीय सरकारी संस्थाहरू र मातृभाषी संघसंस्थाहरू र स्थानीय विद्यालयका अभिभावक तथा स्थानीय आदिवासीज्ञानका विज्ञहरूको सक्रिय पहल र जाँगर हुन पनि आवश्यक छ। यी सबैको सामूहिक प्रयास बिना सबैको लागि शिक्षाको लक्ष्य हासिल गर्न राज्यलाई गाह्रो पर्नेछ।

१०. प्राथमिक तहको पाठ्यसामग्री अनुवादको प्रक्रिया बारे विभिन्न क्षेत्रका विद्वान्हरू र मातृभाषी समुदायको पनि सहमत नदेखिएकोले मातृभाषामा अनुवाद गरेर पाठ्यसामग्री तयार गर्ने कार्य रोकिनु पर्दछ र सम्वन्धीत समुदायलाईनै दिनु पर्ने सुझाव धेरैले दिएका छन्।

**(ख) गैरसरकारी पक्ष (मातृभाषी, मानवअधिकारबादी र गैरसरकारी संघसंस्थाहरू) ले गर्नुपर्ने**

१. मातृभाषामा सामग्री तयारी, प्रकाशन र वितरणमा स्थानीय मातृभाषी समुदाय र मातृभाषी संघसंस्थालाई आवश्यक अभिमूखिकरण र तालिम दिएर उनीहरूसँग सहकार्य गराउन सरकारसँग सहकार्य गरिनु पर्दछ।

२. नेपालमा कार्यरत् मानव अधिकारवादी संघसंस्था तथा गैरसरकारी संघसंस्थाहरूले भाषिक मानवअधिकार (Linguistics Human Right) को प्रश्नलाई प्राथमिकताका साथ उठाएर सरकार, मातृभाषी संघसंस्थाहरू र मातृभाषी समुदायलाई जागरुक बनाउन पर्दछ।

३. नेपाल सरकारले अन्तराष्ट्रिय श्रम सँगठन (आइएलओ) को महासन्धी नं. १६९ पारित गरिसकेको र संयुक्त राष्ट्रसंघले आदिवासीहरूको मानव अधिकारको घोषणापत्र पारित (१३ सेप्टेम्बर, २००७) गरेको परिप्रेक्ष्यमा यसको मूल्य र मान्यताहरूको प्राप्तिको लागि पनि नेपालका मानव अधिकारवादी संस्था तथा गैरसरकारी संस्थाहरूले टेको दिन आवश्यक छ।

*(लेखक : बहुभाषिक शैक्षिक कार्यक्रम, शिक्षा विभागमा राष्ट्रिय प्राविधिक सल्लाहकार हुनुहुन्छ।)*

**सन्दर्भ सामग्री**


१. काइँला, बैरागी (२०६२) "आदिवासी जनजातिको परिप्रेक्ष्यमा पहिचानको राजनीति र भाषा" *बहा जर्नल* (२.२) ललितपुर: सोसल साइन्स वहा:

२. केन्द्रीय तथ्याङ्क विभाग (२००१) *राष्ट्रिय जनगणनाको प्रतिवेदनहरू,* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग

३. गुरुङ, सन्तबहादुर, अध्यक्ष (२०५३) "राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान कार्यदलको प्रतिवेदन" ललितपुर : राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान कार्यदलको कार्यालय

४. गुरुङ, हर्क (२००५) "आदिवासी जनजाति सूचीकरण अवधारणा तथा अनुभव", आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा आदिवासी दिवस (९ अगस्त २००५) को उपलक्ष्यमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र

५. गुरुङ, हर्क (२००५) "आदिवासी जनजाति सूचीकरण अवधारणा तथा अनुभव", आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा आदिवासी दिवस (९ अगस्त २००५) को उपलक्ष्यमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र

६. गुरुङ, डा. हर्क र साथीहरू (२०००) *जनजाति विकासको जुक्ति* काठमाडौं : जनजाति विकास-समन्वय केन्द

७. देवकोटा, ग्रीष्मबहादुर (१९६०) *नेपालको राजनीतिक दर्पण* भाग १ र २, काठमाडौं : ध्रुबहादुर देवकोटा

८. नेपाल सरकार (२००४) *नेपाल सरकारको वैधानिक-कानून २००४* काठमाडौं : गोरखापत्र

९. नेपाल सरकार (२०६२) *प्राथमिक शिक्षा पाठचक्रम कक्षा १-३* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

१०. नेपाल सरकार (२०६३) *नेपालको अन्तरिम संविधान, २०६३* काठमाडौं : कानूनी किताब व्यवस्था समिति

११. पोखरेल, डा. माधवप्रसाद (२०५०) "नेपालले अंगीकार गर्नुपर्ने भाषिक नीति र भाषिक योजना", *प्रज्ञा* ७९, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

१२. योन्जन-तामाङ, अमृत (२००६) *नेपालका भाषाहरूको पहिचान, वर्तमान स्थिति र भाषा विकास योजना* काठमाड्रौं : आदिवासी भाषाविज्ञान समाज

१३. श्री ५ को सरकार (२००७) *आन्तरिक शासन विधान २००७* काठमाडौं

१४. श्री ५ को सरकार (२०१०) *नेपालमा शिक्षा :नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण* काठमाडौं : शिक्षा मन्त्रालय, शिक्षा विभाग।

१५. श्री ५ को सरकार (२०१५) *नेपाल अधिराज्यको संविधान २०१५* काठमाडौं : कानून तथा संसदीय प्रवन्ध मन्त्रालय

१६. श्री ५ को सरकार (२०१८) *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट २०१८* काठमाडौं : शिक्षा मन्त्रालय, शिक्षा विभाग।

१७. श्री ५ को सरकार (२०१९) *नेपालको संविधान २०१९* काठमाडौं : कानून तथा न्याय मन्त्रालय

१८. श्री ५ को सरकार (२०२८) *राष्ट्रिय शिक्षा पद्धति २०२८-२०३२ सम्मको योजना* काठमाडौं : शिक्षा मन्त्रालय।

१९. श्री ५ को सरकार (२०४०) *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन-२०४०* काठमाडौं : शाही उच्च शिक्षा आयोग।

२०. श्री ५ को सरकार (२०४७) *नेपाल अधिराज्यको संविधान २०४७* काठमाडौं : कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

२१. श्री ५ को सरकार (२०४९) *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०४९* काठमाडौं : राष्ट्रिय शिक्षा आयोग, केशरमहल।

२२. श्री ५ को सरकार (२०५०) *राष्ट्रियभाषा नीति सुझाव आयोगको प्रतिवेदन,* शिक्षा मन्त्रालय, काठमाडौं :

२३. श्री ५ को सरकार (२०५४) *राष्ट्रिय भाषामा प्राथमिक शिक्षा प्रतिवेदन,,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी

२४. श्री ५ को सरकार (२०५५) *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५,* काठमाडौं : उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, केशरमहल।

२५. श्री ५ को सरकार (२०५९) "बाइलिंगुअल इडुकेसन", *अध्ययन प्रतिवेदन आ.वा.२०५८/२०५९: नेपाली रूपान्तर* काठमाडौं: शिक्षा विभाग, अनुसन्धान तथा विकास शाखा

२६. श्री ५ को सरकार, *शिक्षा ऐन २०२८* (सातौं संशोधन २०५८ सहित) र *शिक्षा नियमावली २०५९* (पहिलो संशोधन २०५९ सहित)

२७. Cheruiyot, Kiplangat 'Our Languages are dying' One world wavesite

२८. Nettle, Daniel and Suzanne Romaine, 'The Last Survivors' in http://portal.unesco.org/education

२९. Hansson, Gerd 1991 *The Rai of Eastern Nepal: Ethnic and Linguistic Grouping Findings of the Lignistics Survery of Nepal* Kathmandu: LSN and CNAS

३०. MLE Prougram (July 2007) 'Inception Report: Multilingual Educatio Program for all non-Nepali Speaking Students for Primary Schools in Nepal', Department of Education, Inclusive Education Section, Sanothimi, Bhaktapur

३१. Nettle, Daniel and Suzanne Romaine, 'The Last Survivors' Issue 25.2

३२. Rai, Vishnu S. 2005. 'Endangared Langauge, Maribund Langauge and Killer Language' *Contemporary Issues in Nepalese Linguistics*, Kathmandu: Linguistilcs Society of Nepal.



उदयदेव गाविसस्थित उदयदेव मन्दिर जहाँ दलितहरुमाथि कुटपिट गरिएको थियो । यहाँ ३६ वटा राँगाको वलि दिइएको थियो । ती मध्ये केही राँगा मन्दिर परिसरमै गाडिएको थियो ।



देहीमाण्डौं गाविसस्थित निगंलासैनी मन्दिर जहाँ २ सय ६७ व
राँगाको वलि दिइएको थियो ।



पाटन गाविसस्थित उदयदेव मन्दिर, जहाँ २२ वटा राँगाको बलि दिइएको थियो ।



देहीमाण्डौं गाविसस्थित निगंलासैनी मन्दिर पछाडी फालिएको




पाटन गाविसस्थित उदयदेव मन्दिरमा बलि दिइएका २२ वटा राँगा गाडिएको स्थान, जुन मन्दिरभन्दा करिब दुईसय मिटरको दूरीमा रहेको छ ।



देहीमाण्डौं गाविसस्थित निगंलासैनी मन्दिर पछाडी फालिएका सिनो कु
अन्यत्र लैजाने गरेको छ ।

# राँगाको नाममा दलितमाथि विभेद

०६४ कात्तिक २, ३ र ४ गते बैतडी जिल्लाका क्रमशः देहीमाण्डौ, उदयदेव र पाटन गाविसस्थित मन्दिरहरुमा करिब ३ सय २५ वटा राँगाको बलि दिइएको थियो । उक्त राँगाहरूको मूल्य ३२ लाख ७३ हजार रूपैयाँ रहेको अनुमान गरिएको छ । बलि दिइएका बोका बलि दिन ल्याउने व्यक्ति आफैंले लाने गरेको छ, भने राँगा चाहिँ त्यत्तिकै छाडेर जाने चलन रहेको छ । त्यसरी छाडिएका राँगा दलित समूदायले नै खानुपर्ने चलन रहेको छ । यसरी बलि दिइएका राँगा दलित समुदायले मात्र खाँदा जातीय विभेद भएको महसुस गरी दलितहरूले बलि दिइएका राँगाको मासु बहिष्कार गरेपछि विवाद शुरु भयो । यसै विषयलाई लिएर कथित उपल्लो जातिका केही व्यक्तिहरूले केही दलितहरूलाई दुर्व्यवहार, कुटपिट तथा मन्दिर परिसरमा दलितहरुले थापेका पसलहरूमा लुटपाट गर्नुको साथै क्षतिसमेत पुऱ्याइएको थियो । स्वेच्छाले मासु खान चाहने दलितहरूलाई माओवादी निकट दलितमुक्ति मोर्चा (एकिकृत)का कार्यकर्ताहरूले नखान धम्क्याएका थिए । दलितहरूले बलि दिइएका राँगाको मासु बहिष्कार गरेपछि राँगाहरू मन्दिर परिसरमै गाडिएका थिए । मन्दिर परिसर राँगा गाड्ने स्थान बनेको थियो ।

जातीयताको विषयलाई लिएर दलितहरूमाथि गरिएको कुटपिट, धम्की तथा दलितहरूको पसलमा लुटपाट र क्षति पुऱ्याइएको यो घटनालाई जातीय विभेदकै कारण भएको ठहर मानवअधिकार सन्धि अनुगमन समितिको अध्ययन टोलीले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । यस घटनाका बारेमा पीडितहरूले कुटपिट तथा लुटपाट भएको भनी प्रहरी प्रशासनमा उजुरी दिएका छन् । प्रहरी प्रशासनले पनि यो घटनालाई जातीय विभेदको रूपमा लिएको छैन । यस विषयमा कसैलाई कारबाही गरिएको जानकारी पनि अहिलेसम्म आएको छैन ।

– बिमलचन्द्र शर्मा



देहीमाण्डौं गाविसका दलितहरू



देहीमाण्डौं गाविसस्थित निगंलासैनी मन्दिर नजिकै बाटोमा समेत सिनो फालिएको थियो



७० वर्षीय भगिरथ दयाल जसलाई उदयदेव गाविसस्थित उदयदेव मन्दिरमा शेरबहादुर चन्दले कुटपिट गरेका थिए

# गुणस्तरीय शिक्षाका चुनौती र सरोकारवालाको भूमिका

डा. विद्यानाथ कोइराला

**१. गुणस्तरीय शिक्षा**

नेपालमा शिक्षाको गुणस्तर अर्थ्याउनेहरुले अनेकन चश्मा लिए। विषयवस्तुका पक्षधरहरुले पाठ्यवस्तु र पाठ्यक्रमलाई आधार मानेर गुणस्तर खोजे। पाठ्यवस्तु कम भयो। पाठ्यक्रममा बोझ पुगेन। बढी सैद्धान्तिक भयो। प्रक्रियामा गुणस्तर खोज्नेहरुले पठन-पाठन प्रायोगिक भएन भने। पढाइ भएन भने। सिकाई भएन भने। सिकाउनेहरु भएनन् भने। व्यवस्थापनमा गुणस्तर खोज्नेले बालमैत्री व्यवस्थापन खोजे। महिलामैत्री व्यवस्थापन खोजे। समावेशी व्यवस्थापन खोजे। उत्पादनमा गुणस्तर खोज्नेले उत्पादित विद्यार्थी बजारमा बिक्यो, बिकेन भनी खोजे। प्राज्ञिक क्षमतामा गुणस्तर खोज्नेले विषयवस्तुको जानकारी खोजे। संस्कृतिका पक्षधरहरुले उत्पादित व्यक्ति संस्कृति सापेक्ष बन्यो कि निरपेक्ष बन्यो भन्ने कुरा खोजे। व्यवस्थापकीय समग्रताका हिमायतिहरुले सन्दर्भ, लगानी, प्रक्रिया र उत्पादनमा गुणस्तर खोजे। लगानीको आँखामा गुणस्तर खोज्नेले मोल कति तिरेर कति उपलब्धी भयो भन्ने कुरा खोजे। यथार्थ लागतको कसीमा। सूचक लागतको कसीमा। सुत्रात्मक लागतको कसीमा। विकेन्द्रित लागतको कसीमा। कुल लगानीको कसीमा। लगानीबाट कति उत्पादन भयो भन्ने कुराको कसीमा। यसबाट अरु प्रश्नहरु जन्मिए। हामीले गुणस्तरलाई कुन कसीमा हेर्ने भन्ने प्रश्न। सहमतीजन्य कसरी पहिल्याउने प्रश्न। अर्थात् यी प्रश्नहरुको स्पष्ट जानकारी दिने गुणस्तरको चश्मा हुँदो रहेछ। व्यक्तिको चश्मा। समुदायको चश्मा। राजनीतिज्ञको चश्मा। प्राविधिज्ञको चश्मा। अव प्रश्न थपियो चश्मा खोज्ने कि त्यसले हेरेको दुनियाँ खोज्ने ? गुणस्तर त यसको सिँगो रुपमा प्रतिबिम्बित हुने बिषय हो। यसका लागि हामीले सन्दर्भको गुणस्तरको साथै मधेश ,हिमाल, पहाड, गरीब-धनी, जातजाती , महिला, धर्म, भाषा र संस्कृति सवैको गुणस्तर मापन गर्नु जरूरी छ।

**२. गुणस्तरका चुनौतीहरु**

गुणस्तर परिभाषित नहुनुमा नै चुनौतीहरु छन्। कसको परिभाषा स्वीकार्ने भन्ने चुनौती। सरोकारवालापिच्छेको गुणस्तर खोजौं न त भन्न नसक्ने प्रशासनिक चुनौती। स्कुलपिच्छेको गुणस्तर यहि हो भनी किटान गर्न नचाहने प्रवृत्तिगत चुनौती। केन्द्रले दिएको गुणस्तरको सूची नस्वीकार्ने अटेरीपनाको चुनौती। आफु पनि नबनाउने, अर्कोले बनाएको पनि नस्वीकार्ने बाँदरे बुद्धिको चुनौती। विकेन्द्रिकरण गर्दा पनि केन्द्रबाटै गुणस्तर यो हो भनिरहने दवावी चुनौती। स्थानीय सरकारको तहमै गुणस्तर यो हो भन्न नसक्ने राजनीतिक उदासीनताको चुनौती। सवैलाई जोडजाड गरेर भन्ने हो भने सन्दर्भको चुनौती। यो चुनौतीले स्थानीय प्राज्ञिक, राजनीतिज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक आदि मिलेर हाम्रोलागि शिक्षाको गुणस्तर यो हो भनेर तोक्न नसक्ने अपरिचालित सन्दर्भको चुनौती। लगानीको हिसावमा पेशेवर शिक्षक नपाउने वाध्यात्मक चुनौती। पाईहाले पनि ढिक्किने (Balkanized) स्वभावको चुनौती। विद्यार्थी भएर ढिक्किने। अभिभावक भएर ढिक्किने। विज्ञ भएर ढिक्किने। यस्ता ढिक्काबीच सम्वाद नहुने चुनौती। गुणस्तरकालागि चाहिने न्युनतम भौतिक सेवा नहुने चुनौती। "थाकेकाहरु" ले लिने नेतृत्वको चुनौती। "गतिछाडाहरु" ले पढाउँने चुनौती। पढ्ने र सहयोगी सामाग्री नपुग्ने चुनौती। पढाई "ठप्पपार्ने" जवरजस्ती बुद्धिको चुनौती। बोले अनुसार नगर्ने संस्कारको चुनौती। विकल्पै विकल्पहरुको चुनौती। सामाजिक प्रति सदैव सचेत हुने मानसिकताको चुनौती।

प्रक्रिया सम्वन्धी अर्कैखाले चुनौतीहरु छन्। ती हुन्- को भित्रिन्छन् स्कुलमा भन्ने कुराको खोजी गर्ने चुनौती। भित्रिएकाहरुको पृष्ठभूमि अनुसार शिक्षण सिकाई गर्ने चुनौती। तिनका ज्ञान र अनुभवलाई मुल प्रणालीमा जोड्ने चुनौती। अर्थात् शिक्षण सिकाईमा हामी नै जिम्मेवार छौ भन्ने शिक्षक जन्माउने चुनौती। यसमा पनि शिक्षक र विद्यार्थीको क्षमताबीच तालमेल बनाउने चुनौती। त्यहिं समावेशी भाषा बोल्ने र बोलाउने चुनौती। विद्यार्थीका अनुभवसापेक्षहुने उदाहरण खोज्ने चुनौती। पढाई छोडेका र छोड्न चाहनेलाई वैकल्पिक बाटो खोजिदिने चुनौती। शिक्षक तयारीको चुनौती।

प्रतिफल सम्बन्धी चुनौतीहरुको अर्कै स्वभाव छ। ती चुनौतीहरुले शिक्षालयबाट विद्यार्थी कस्तो निस्कियो भनी खोजी गर्छ। काम लाग्ने र काम नलाग्ने भनी निर्धारण गर्दछ। यस स्थितिमा हाम्रा चुनौतीहरु हुन्- के बनाउँन खोजेको के बने भन्ने कुराको निरोपण गर्ने प्रवन्ध गर्न नसक्नु। यसकोलागि व्यक्तिगत, विद्यालयगत, समाजगत, संस्कारगत र राजनीतिकगत स्वरुपको अपेक्षित प्रतिफलको मापो बनाउँन नसक्नु। व्यक्तिले पनि मेरो यो क्षमता छ भन्ने प्रदर्शन गर्न नसक्नु। समग्रमा भन्दा संचारजन्य चुनौती,

संस्कारजन्य चुनौती। चाहनागत चुनौती। लगानीगत चुनौती अर्थात् हाम्रा चुनौतीहरु एक ठाउँमा मात्रै छैनन्।

**३. प्रश्न के त ?**

शिक्षाका सरोकारवालाहरुले समस्या र चुनौती खुट्याएनौं। समस्यामै रुमलियौं। चुनौती नै स्वीकारेनौं। शैक्षिक वातावरण छैन भनिरहयौं। त्यस्तो वातावरणमा पनि अपेक्षित व्यक्ति जन्माउँन के गर्ने त भनेर सोच नै गरेनौं। किन हामीले त्यस्तो बुद्धि नबनाएको ? बनेको बुद्धि किन नकिनेको ? प्रश्नहरु यिनै हुन्। अर्थात् सन्दर्भ, लगानी, प्रक्रियां र प्रतिफलका चारवटै विन्दूमा यी प्रश्नहरु गर्न सकिन्छ। सन्दर्भ वदल्न म के गर्न सक्छु भन्ने प्रश्न। यहि लगानीमा म कसरी स्तरीय विद्यार्थी उत्पादन गर्न सक्छु भन्ने प्रश्न। यो प्रक्रियामा मैले के फेरवदल गरेमा राम्रो नतिजा हुन्छ भन्ने प्रश्न। यहि स्थितिमा मैले कसरी गुणस्तरीय विद्यार्थी जन्माउन सक्छु भन्ने प्रश्न। यसरी आफैमा प्रश्न गर्ने र प्रश्नको उत्तर सर्वत्र खोज्ने शिक्षक तथा विद्यार्थी बनाउँन सकेनौं। तदनुकुलको अभिमुखिकरण गर्न सकेनौं। दीक्षित हुन सकेनौं। दीक्षा दिन सकेनौं। त्यसैले हाम्रालागि प्रश्न नै बनेनन्।

**४. सरोकारवालाहरुको भूमिका**

को सरोकारवाला हौं भन्ने गहन प्रश्न हो। अध्ययनहरुले धेरै सरोकारवालाहरु चिनाएका छन्। ती हुन्, विद्यार्थी, अभिभावक, शिक्षक, प्रशासक, गैसस, राजनीतिज्ञ, समाजसेवी, पत्रकार आदि। नेपाली सन्दर्भमा यसलाई तीनवटा बुँदामा हेर्नुपर्दछ। पहिलो बुँदा हो - विद्यार्थी र अभिभावक मात्रै प्रारम्भिक सरोकारवालाहरु हुन्। शिक्षक, दोस्रो सरोकारवाला हुन्। यस अर्थमा शैक्षिक गुणस्तरको जिम्मा लिने अरु देखिएनन्। व्यवस्थापन समितिले भौतिक निर्माणको कार्यलाई निरन्तरता दियो। शिक्षक, अभिभावक संघ, पारदर्शिताकै कुरामा अल्भियो। स्थानीय सरकार दाताको रुपमा स्थापित हुन थाल्यो। जिल्ला सरकार र शिक्षा कार्यालय साक्षीको रुपमा आगाडि बढे। शिक्षा विभाग बाहिरिनै सकेन। क्षेत्रीय शिक्षा निर्देशनालय "छेस्किनी" बनेरै बसिरह्यो। अभिभावक र स्थानीय बुद्धिजिवी मानार्थ सदस्य मात्रै बनिरहे। गैससहरु भेलबाढी बने। राजनीतिज्ञहरु "रेडियो" मात्रै बने। पत्रकारहरु "पटके साथी र साक्षी" मात्रै बने। उद्यमी र व्यापारीहरु एकलकाँटे बने। त्यसैले न विद्यालय न विश्वविद्यालय तथा यसका क्याम्पसहरु राष्ट्रिय अर्थतन्त्रका सहायक बने। न तिनले जीवन्त जगतको अनुसन्धेय जानकारी ल्याए। न तिनले पढेको ज्ञानलाई समाजसँग जोड्ने कडी नै थाहा पाए। न सरोकारवालाहरु म यसो गर्छु भने र कुनै विद्यालय, क्याम्पस र विश्वविद्यालयमा जाने काम गरे। यस स्थितिमा उनीहरुको आदान-प्रदानी भूमिका पहिल्याउन गाह्रो हुन्छ।

**५. व्यवस्थापकीय प्रवन्ध के गर्ने त ?**

गुणस्तरीय शिक्षा अहिले शिक्षकमा छोडिएको छ। विद्यार्थीमा छोडिएको छ। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकमा छोडिएको छ। यसरी यो कसैको पनि जवाफदेहीमा परेको छैन। यस निम्ति सरकारी प्रवन्धमा फेरवदल गर्नुपर्छ। पहिलो फेराई हो बालविकास र प्राथमिक शिक्षा दुवैलाई गाउँ वा नगरस्तरको सरकारको जिम्मेवारी अर्न्तगत राख्नुपर्दछ। माध्यमिक एवं उच्च माध्यमिकसम्मको शिक्षा जिल्ला सरकारको जिम्मेवारी अर्न्तगत राख्नुपर्दछ। क्याम्पसको शिक्षा विश्वविद्यालयकै संरचनामा छोडिदिनु पर्दछ। यस क्रममा विद्यार्थीलाई व्यवसायोन्मुख गर्न परियोजना कार्य दिईनु पर्दछ। निजी उद्यमीहरुसँग मिलेर स्थानीय र जिल्ला सरकारले छोटा अवधिको तालिमकेन्द्र खोल्नु पर्दछ। यसरी हेर्दा विद्यालयपिच्छे व्यवस्थापन समिति बनाउने/नबनाउँने, योजना बनाउँने/नबनाउँने, भावी नीति कुन लिने वा कुन नलिने, वैकल्पिक शिक्षा कस्तो लिने र कस्तो नलिने भन्ने जस्ता कुराहरुको निर्णय गर्ने जिम्मा स्थानीय सरकारले नै लिनु पर्दछ। यसता सरकारहरुबीच प्रतियोगिता गराईरहनु पर्दछ।

जल्ला, प्रान्त वा केन्द्रका सरकारहरुको के नीति एवं कार्यनीति छ भन्ने कुराको जानकारी दिन रेडियो, टेलिभिजन, जनसुचना कुना (Public Notice Corner), स्वचालित टेलिफोन जस्ता कुराको प्रवन्ध गरिदिनु पर्छ। अर्को शव्दमा भन्दा यिनीहरुसँग सहकार्य गर्ने वातावरण बनाई दिनु पर्छ। शिक्षालय स्वयंले प्राज्ञिक र स्थानीय सरकारले प्राज्ञिक एवं सामान्य अनुगमन गर्ने प्रवन्ध मिलाउनु पर्दछ। यसकालागि आवश्यक पर्ने नीति, कार्यनीति, नियमावली जस्ता कुराहरुको प्रवन्ध मिलाउने काम द्वितीयक र तृतियक

**क्षेत्रीय शिक्षा निर्देशनालय "छेस्किनी" बनेरै बसिरह्यो। अभिभावक र स्थानीय बुद्धिजिवी मानार्थ सदस्य मात्रै बनिरहे। गैससहरु भेलबाढी बने। राजनीतिज्ञहरु "रेडियो" मात्रै बने। पत्रकारहरु "पटके साथी र साक्षी" मात्रै बने। उद्यमी र व्यापारीहरु एकलकाँटे बने। त्यसैले न विद्यालय न विश्वविद्यालय तथा यसका क्याम्पसहरु राष्ट्रिय अर्थतन्त्रका सहायक बने। न तिनले जीवन्त जगतको अनुसन्धेय जानकारी ल्याए। न तिनले पढेको ज्ञानलाई समाजसँग जोड्ने कडी नै थाहा पाए।**

# तालिका १: सरोकारवालाहरुको भूमिका

| भूमिकाको क्षेत्र | प्रारम्भिक सरोकारवाला | | | द्वितीयक सरोकारवलाहरु | तृतीयक सरोकारवालाहरु |
|---|---|---|---|---|---|
| | विद्यार्थी | शिक्षक | अभिभावक | जिल्ला शिक्षा कार्यालयका व्यक्तिहरु | शिक्षा मन्त्रालय, विभाग, पत्रकार तथा अन्य संघसंस्थाहरु |
| सन्दर्भसम्बन्धी | प्रश्न उठाउने<br>किताबी पढाई र सन्दर्भको बुझाईबारे समानता वा भिन्नता के छ भनी खोज्ने | सन्दर्भ र किताब जोड्ने अनेकन तर्किकहरु सिक्ने र सिकाउने | आफ्ना बालबालिकाले किताबमा के के कुरा पढे भनी सोध्ने | कस्तो खालको विद्यार्थी चाहिन्छ भनी बेला बखतमा सर्भेक्षण गर्ने र शिक्षालयहरुलाई त्यसको जानकारी दिने | अरु ठाउँ/देशमा के कस्तो शैक्षिक गुणस्तर छ र कसरी कायम गरेका छ भन्ने जानकारी बटुल्ने। सो जानकारी शिक्षालयलाई दिई रहने। |
| लगानीसम्बन्धी | आफुलाई चाहिने शैक्षिक सामाग्रीहरु अधिकारको रुपमा प्राप्त गर्ने | आफुलाई चाहिने ज्ञान र सीप आर्जन गर्ने मेरै जिम्मेवारी हो भन्ने दृष्टिकोणले काम गर्ने | आफ्ना बालबालिकालाई शैक्षिक सामाग्रीहरु अनिवार्य रुपमा उपलब्ध गराउने | विद्यार्थी एवं शिक्षकलाई चाहिने शैक्षिक वातावरण बनाउने | विद्यार्थी एवं शिक्षकलाई चाहिने शैक्षिक वातावरण बनाउने |
| प्रक्रियासम्बन्धी | जीवन्त ज्ञान, अनुभव तथा पश्चिमी ज्ञानको घुलनशीलता वा भिन्नता बुझ्नेगरी पढ्न पाउने शैक्षिक वातावरण खोज्ने, खोजाउन लगाउने बनाउने | विद्यार्थीका अनुभव, संस्कार र माटोले दिएका ज्ञान र पश्चिमी ज्ञानबीच तालमेल हुनेगरी पठन- पाठन गर्ने। यसकालागि चाहिने सामग्री एवं प्राविधिहरुको अधिकतम प्रयोग गर्ने रहर, औकात बनाउने।<br>आफ्नो तालिम र योग्यता बृद्धि आफै गर्नुपर्छ भन्ने चिन्तनले काम गर्ने | आफुले जानेका, सुनेका, बुझेका ज्ञानबारे बालबालिकालाई परिचित गराउने | शिक्षक, विद्यार्थी, अभिभावकलाई शिक्षण- सिकाई कार्यमा सहयोगी बन्न/बनाउन लगाउने वातावरण सिर्जना गर्न क्रियाशिल हुने | शिक्षक, विद्यार्थी, अभिभावकको शिक्षण-सिकाई क्रियाकलापमा सहयोगी बन्ने तथा बनाउन वातावरणकालागि क्रियाशील हुने |
| उत्पादनसम्बन्धी | आफु, अभिभावक, समुदाय, स्थानीय, राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारले खोजे अनुसारको व्यक्ति कसरी बन्न सक्छु यसकालागि मैले कसरी काम गर्नुपर्छ भनी सकारात्मक सोच लिने र तदनुसार काम गर्ने | विषयवस्तु, शिक्षण प्रविधि र आधुनिक शिक्षण प्रशिक्षणका यन्त्रबारे परिचित हुने। आफुलाई सदैव अध्यावधिक राख्न अनुसन्धान अध्ययन तथा तालिमका कार्यमा संलग्न हुने। | विद्यार्थी एवं शिक्षकको पठन-पाठनबारे स्वस्थ समालोचना गर्ने, गराउने तदनुसारको आवश्यक परिवेश बनाउने | शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउने<br>स्वदेशी तथा विदेशी विविध उपायहरुको संकलन गर्न, विश्लेषण गर्न र हाम्रो सन्दर्भमा के गर्न सकिन्छ त भनी बेला बखतमा छलफल गराई रहने | नकारात्मक उत्पादनलाई सच्याउन, स्वदेशले र अरु देशले के गरे भनी खोजी गर्ने। शिक्षकलाई यसबारे जानकार गराउने। |

सरोकारवालाहरुले गर्नुपर्दछ। क्याम्पस र विश्वविद्यालयको प्रवन्ध गर्ने काम भने तत् तत् संस्थाले गर्नुपर्छ।

**६. निष्कर्ष**

गुणस्तरीय शिक्षाका मापनकर्ताहरु भिन्न भिन्न छन्। मापनकर्तापिच्छेको मापो फरक फरक छ। त्यसैले पहिलो निचोड हो चक्रीयस्वरुपको गुणस्तरीय शिक्षाको परिभाषा बनाऔं। त्यो गुणस्तरले सवै मापनकर्ताहरुको चासो समेट्दछ। त्यो चासोलाई विद्यालयले कसरी लागु गर्न सक्छ भनी छलफल गरौं। शिक्षकसँग, विद्यार्थीसँग। दोस्रो निचोड हो - गुणस्तरीय शिक्षाको मोल हुन्छ। तिरौं, वातावरण बनाउन चाहिने मोल। शिक्षक तयारीको मोल। विद्यार्थी तयारीको मोल। यो मोलले रकम नै माग्दैन। रहर माग्छ। तेस्रो निचोड हो - सबैलाई सबैमा सर्वोत्तम होईन, उनीहरुकै क्षेत्रमा सर्वोत्तम बनाऔं। कोही गीतमा सर्वोत्तम। कोही प्रविधिमा सर्वोत्तम। कोही पढाईमा सर्वोत्तम। कोही व्यवसायमा सर्वोत्तम। कोही पढ्दै कमाउदै गर्नमा सर्वोत्तम। कोही जनज्ञान र आधुनिक ज्ञान जोड्नमा सर्वोत्तम। ती प्रतिभाहरु यी यी हुन् भन्ने जानकारी दिने दस्तावेज बनाऔं। सोही दस्तावेज जनसमक्ष ल्याऔं। चौथो निचोड हो - "भएन" भन्ने संवाद (Discourse) बदलौं। "म भए गुणस्तरीय शिक्षा यसरी सुनिश्चित गर्थे" भन्ने चिन्तन ल्याऔं। यसरी सुनिश्चित गर्दछु भन्ने अनुभव ल्याऔ। पाँचौ निचोड हो - विविध सामग्री बनाऔं। सुनेर पढ्ने। देखेर पढ्ने। देखेसुनेर पढ्ने। बोलेर पढ्ने। गरेर पढ्ने। यस्ता वैकल्पिक तरीकाहरुले गुणस्तरीय बढ्छ। छैठौं निचोड हो- गुणस्तर खस्काउनमा म कति जिम्मेवार छु भनी खोजौं। शिक्षकले खोजौं। सेवा प्रदायकहरुले खोजौ। एकल खोजौं। एकसाथ खोजौं। खोजेको कुरामा आधारित भई काम गर्न थालौं। सातौं निचोड हो- गरें भन्नेले अरुलाई सिकाऔं। निजीले गरेको भए सरकारीलाई। सरकारीले गरेको भए गैर सरकारीलाई। यसमा कन्जुस्यायी नगरौ।

निचोडले भन्छ - गुणस्तर सापेक्ष हो। सापेक्षतामा यसको निर्णय गरौं। पहिले वर्गमा गुणस्तर देख्यौं। अहिले जनसमुदायमा खोजौं। पहिले राजनीतिमा गुणस्तर खोज्यौं। अहिले पेशागत संघ सँगठनमा गुणस्तर खोजौं। हिजो नैतिकवान व्यक्तिबाट गुणस्तर खोज्यौं। आज साम्प्रदायिक व्यक्तिबाट खोजौं। त्यसैगरी हिजो सामान्यीकरणमा गुणस्तर खोज्यौं। अव वितरित सामान्यीकरणमा गुणस्तर खोजौं। दलितमध्येको गुणस्तर। जनजाती मध्येको गुणस्तर। पहिले एकल उपचारबाट गुणस्तर खोज्यौं। अहिले वहु उपचारबाट गुणस्तर खोजौं। हिजो शिक्षण प्रवृत्ति भएका व्यक्तिबाट शैक्षिक गुणस्तर खोज्यौं। आज वाध्य भएर शिक्षण पेशामा लागेका "प्रवृत्तिहीन" शिक्षकबाट पनि गुणस्तर खोजौं। हिजो हाम्रै ज्ञानमा आधारित गुणस्तर खोज्यौं। वितरण गर्न खटाईएको ज्ञानमा। आज सञ्चार, यातायात र पाठ्यसामग्रीहरुले वितरण गरेको ज्ञानमा पनि गुणस्तर खोजौं।

यी नवीन खोजहरुमा स्थानीय ज्ञान र विकासे ज्ञानवीच मितेरी लाउन सकिन्छ। "हाम्रो मान्छे" खोज्ने वुद्धिमा "हाम्रोमा राम्रो मान्छे" खोज्ने वुद्धि पलाउँछ। एउटैले गुणस्तर यसरी ल्याउँनु पर्छ भन्ने वुद्धि घट्छ। त्यसको ठाउँमा साथीसंगिनीसँगको सिकाईबाट गुणस्तर खोज्ने सोच आउँछ। त्यसैमा शैक्षिक अनुसन्धान जोड्ने वुद्धि पलाउँछ। शिक्षकहरुलाई ट्रेड युनियंनबाट पेशेवार युनियन बनाउँने सोच आउँछ। यही क्रममा राजनीतिक सम्मानभित्रै पनि लालविज्ञ, समाजवादीविज्ञ, लोकतान्त्रिकविज्ञ र स्थानीयविज्ञ बनाउँन सकिन्छ। तदनुरुप पाठ्यक्रम र पाठ्यपुस्तक बदल्न सकिन्छ। परीक्षा प्रणालीमा घोक्नेको सट्टा सोच्ने व्यवस्था मिलाउँन सकिन्छ। विद्यार्थीलाई परियोजना दिने वुद्धि आउँछ। अनि आफैंले तोक्ने, अरुले तोकिदिने, समुदायले भनिदिने भूमिकाको सट्टा आदान प्रदानी भूमिका बनाउँने कार्यको शुरुआत हुन्छ। यो शुरुआत भएमा शिक्षामा सर्वस्वीकार्य गुणस्तर कायम हुन्छ।

**गुणस्तर सापेक्ष हो । सापेक्षतामा यसको निर्णय गरौं । पहिले वर्गमा गुणस्तर देख्यौं । अहिले जनसमूदायमा खोजौं । पहिले राजनीतिमा गुणस्तर खोज्यौं । अहिले पेशागत संघ संगठनमा गुणस्तर खोजौं । हिजो नैतिकवान व्यक्तिबाट गुणस्तर खोज्यौं । आज साम्प्रदायिक व्यक्तिबाट खोजौं । त्यसैगरी हिजो सामान्यीकरणमा गुणस्तर खोज्यौं । अव वितरित सामान्यीकरणमा गुणस्तर खोजौं ।**

# मातृभाषा शिक्षाको वर्तमान स्थिति र शिक्षाका आवश्यक तत्वहरु

प्रेम दवाडी

**१. मातृभाषा शिक्षाको वर्तमान स्थिति**

बालबालिकाहरुको शैक्षिक क्षमताको अभिबृद्धि र भाषिक क्षमता विकास अति महत्वपूर्ण पक्षका रुपमा रहेका हुन्छन्। बालबालिकाको शैक्षिक उपलब्धि र मातृभाषामा शिक्षाको बीचमा सकारात्मक एवं महत्वपूर्ण सम्बन्ध रहेको देखिन्छ। विभिन्न समूहहरुका बीचमा साँस्कृतिक विभिन्नता आउने कारणहरु मध्ये सामाजिक समूह/वर्ग मुख्यरुपमा रहेको हुन्छ। नेपाली भाषी समूहको साँस्कृतिक विशेषता र गैर नेपालीभाषी विद्यार्थीहरुको साँस्कृतिक विशेषता बीचमा फरक हुने हुनाले विद्यालयमा प्रयोग गरिने नेपाली भाषा गैर नेपालीभाषी विद्यार्थहरुलाई बुझ्न कठिन हुन जान्छ। यस किसिमको कठिनाईले बालबालिकाहरुको सिकाइमा प्रत्यक्ष प्रभाव पारिरहेको छ।

संवैधानिक प्रावधान र नीतिगत व्यवस्था हेर्दा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन पाउने व्यवस्थाले राज्यले प्राथमिक शिक्षामा मातृभाषाको महत्वलाई आत्मसात गरेको पाइन्छ तर यो व्यवहारमा आउन सकिरहेको छैन। कक्षाकोठामा नेपाली भाषाको अत्याधिक प्रयोग गर्ने प्रचलन छ। यसका साथै गैर नेपाली भाषी बालबालिकाहरुको आवश्यकता सम्बन्धमा सरोकारबालाहरुले खासै चासो नलिएको अवस्था छ। अहिले पनि १३ प्रतिशत विद्यालय उमेरका बालबालिका विद्यालय शिक्षाबाट बञ्चित छन् जसको मुख्य कारणको रुपमा मातृभाषामा शिक्षाको अभाव रहेको अध्ययन र अनुभवबाट देखिएको छ।

सन् १९९७ मा कक्षा ३ को राष्ट्रियस्तरमा गरिएको मूल्याङ्कनमा कक्षामा माथिल्लो अङ्क प्राप्त गर्ने १० जना विद्यार्थीहरु नेपालीभाषी र सबभन्दा तलको अङ्क प्राप्त गर्ने १० जना नै गैर नेपालीभाषी विद्यार्थीहरु रहेको देखियो। यस अध्ययनबाट विद्यार्थीहरुको घरमा बोलिने भाषा ( मातृभाषा) र उनीहरुको शैक्षिक उपलब्धिस्तरमा प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ। नेपाल विभिन्न भाषाभाषी तथा भाषिक समूहका दृष्टिकोणबाट विविधतायुक्त मुलुक हो। नेपाली भाषालाई माध्यम भाषाका रुपमा प्रयोग गर्ने गरिएको छ। बालबालिकाहरुले आफ्नो जीवनका आधारभूत सीपका कुराहरु मातृभाषामा सजिलै सिक्ने गर्दछन् र गैर नेपाली भाषीले नेपाली भाषालाई दोश्रो भाषाका रुपमा क्रमश: ग्रहण गर्दै आउने गरेका छन्। त्यसकारण शुरुका कक्षा वा प्राथमिक तहमा मातृभाषामा शिक्षा प्रदान गर्न अति आवश्यक देखिन्छ।

प्राथमिक तहमा मातृभाषामा शिक्षा प्रदान गर्न प्रशस्त संवैधानिक तथा कानूनी व्यवस्थाहरु रहेका छन्। संविधानले नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्र भाषाको रुपमा मान्यता दिएको छ र आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने मौलिक हकको व्यवस्था गरेको छ। ऐन नियमहरुले पनि मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्न सक्ने व्यवस्था गरिसकेको छ। राष्ट्रिय पाठ्यक्रमका केही विषयहरुलाई केही सिमित मात्रामा मातृभाषामा अनुवाद गरी शिक्षण गर्ने प्रयास भए पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको भनी हाल मातृभाषालाई माध्यम तथा इच्छाधिन विषयको रुपमा विद्यालयहरुमा लागू गर्ने प्रयास भएको छ। यो पनि अत्यन्त सिमित मात्रमा मात्रै छ। यसको कार्यान्वयनको मुख्य दायित्व शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रलाई सुम्पिएको छ र जुन विकेन्दिकृत हुन सकिरहेको छैन। विद्यालयको भौतिक अवस्था, शैक्षिक वाातावरण, पठनपाठन व्यवस्थापन, पठनपाठनको माध्यम भाषा, राजनीतिक तथा सामाजिक परिवेशले शिक्षाको पहुँच र गुणस्तरमा प्रभाव पारेको हुन्छ। स्थानीय समुदायको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक चेतनास्तर पनि शिक्षाको पहुँच र गुणस्तरको एक प्रमुख तत्वको रहेको हुन्छ। शिक्षाको माध्यमको रुपमा प्रयोग गरिने भाषाले समुदायको सशक्तिकरण, सहभागिता र जवाफदेहितामा असर गर्दछ। भाषिक र साँस्कृतिक विविधता रहेको हाम्रो देशमा मातृभाषामा शिक्षाको अभावका कारण लक्षित समूदायमा शिक्षाको पहुँच र गुणस्तरमा सुधार गर्न सकिएको छैन। मातृभाषामा शिक्षा विना बालबालिकाहरुको शिक्षामा पहुँच तथा गुणस्तरीयता सुनिश्चित गर्न संभव छैन। यसको लागि राज्यले राजनीतिक इन्छा शक्ति सहित मातृभाषामा शिक्षाका लागि लगानी गर्नुपर्छ। स्थानीय समूदाय तथा

**संवैधानिक प्रावधान र नीतिगत व्यवस्था हेर्दा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन पाउने व्यवस्थाले राज्यले प्राथमिक शिक्षामा मातृभाषाको महत्वलाई आत्मसात गरेको पाइन्छ तर यो व्यवहारमा आउन सकिरहेको छैन ।**

संघ/संस्थाहरुले तत्परता देखाउनु तथा सहयोग गर्नु पर्दछ।

युरोपेली आयोगको सहयोगमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा मध्य-पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सत्ताइस वटा गाविसमा गरिएको अध्ययनमा ४२ प्रतिशत आदिबासी तथा दुई प्रतिशत अवधिभाषी मधेशीहरु बसोबास गरेका ठाउँमा विद्यालय व्यवस्थापन समिति, मुख्य शिक्षक र जानिफकार अभिभावकसँग लिइएको अन्तरवार्ताका क्रममा तीन प्रतिशत विद्यालयमा भाषागत समस्याले गुणस्तरीय पठनपाठनमा असर गरेको कुरा व्यक्त गर्दै मातृभाषामा पठनपाठन हुनुपर्ने माग राखेका थिए। सर्वेक्षणको क्रममा उल्लेख्य संख्यामा नागरिक, शिक्षक तथा व्यस्थापन समितिका पदाधिकारीहरु मातृभाषामा शिक्षा सम्बन्धमा असहमत पनि देखिए। त्यसबाट मातृभाषामा शिक्षाको अवधारणा, महत्व र वुझाईमा स्पष्टता नभएको अवस्था रहेको देखियो।

**२. शिक्षाका आवश्वक तत्वहरु**

**२.१ समावेशीकरण**

जातीय, लैङ्गिक तथा साँस्कृतिक असमानताहरुमा जातीय तथा भाषिक सम्पत्ति एवं भाषाको पहुँचले प्रभावित पार्दछ। समुदायमा सिमान्त समूहमा रहेकाहरुको आर्थिक पूँजी पनि न्यून हुने गर्दछ, उनीहरुको सभ्रान्त वर्गसँगको सम्बन्ध कमजोर हुन्छ,। सामाजिकस्तरका कारण साँस्कृतिक पूँजि पनि न्युन हुने र यी तत्वहरुको कारणले विद्यार्थीहरुको शैक्षिक उपलब्धिस्तरमा प्रत्यक्ष असर पारेको तथ्य हिरोयुकी हाताले नेपालमा गरेको अनुसन्धानमा पत्ता लगाएका छन्। उनको अध्ययन अनुसार विद्यार्थीमा उनीहरुको जातजाति तथा वर्गको प्रभाव शैक्षिक उपलब्धिमा परेको हुन्छ। संभ्रान्त जातजातिको तुलनामा पिछडिएका जनजातीका विद्यार्थीहरुको कक्षा छोड्ने दर बढी रहेको अध्ययनले देखाएको छ।

संभ्रान्त वर्गमा पनि महिला र बालिकाहरुबीच भेदभावको स्थिति रहेको छ। यसको साथै जातीय तथा भाषिक रुपले पिछडिएका वर्गका बालिका तथा महिलाहरु बहुपक्षिय बञ्चितिकरणमा रहेका छन् तथा उनीहरुमा औपचारिक तथा अनौपचारिक शिक्षाको अवसर तथा पहुँच ज्यादै सिमित छ। यस प्रकारको भेदभाव नेपालको पूर्वमा भन्दा सुदुर पश्चिममा, हिमाल तथा पहाड र भित्री मधेस भन्दा मधेशमा, जनजाति भन्दा दलितमा बढी देखिन्छ। यसबाट शिक्षामा हुने लैङ्गिक विभेदमा पनि भाषाको ठुलो असर रहेको देखिन्छ। यद्यपी नेपाली भाषाभाषी महिलाहरु तथा बालिकाहरु विशेष गरी बाहृमण/क्षेत्री महिलाहरु अन्य जातजाति तथा भाषाभाषी समूहका भन्दा बढी सशक्त छन् तथा उनीहरुको शैक्षिक स्थिति राम्रो रहेको छ।

नेपालको सन्दर्भमा भाषा र बञ्चितिकरण बीचको सम्बन्धले पठनपाठनमा निम्न किसिमले प्रभाव पारिरहेको छ।

- नेपाली भाषा बोल्न नसक्नेले भर्ना प्रक्रिया, विद्यालय पदाधिकारी तथा शिक्षकसँग संवाद र पढाईको विषयमा बुझ्न सक्दैनन् फलस्वरुप विद्यालय भर्ना नै हुँदैनन्।
- विद्यालय भर्ना भएकाहरु पनि पढाएको कुरा कम बुझ्ने वा बुझ्नै सक्दैनन् र त्यस्तो अवस्थामा पढाईको गुणस्तर राम्रो हुन सक्दैन।
- पढाई चालु राख्नेहरु पनि पढाएको नबुझेर वा कम वुझ्ने कारण फेल हुन्छन् बारम्बार कक्षा दोहोर्‍याउँछन् र अन्त्यमा विद्यालय नै छोड्छन्।
- भाषाको कारण बिद्यार्थी बीच पढाइकोस्तर असमान हुन्छ, अवसरमा असमानता हुन जान्छ र कमजोर पढाइकोस्तर भएकाहरुमा हिनताबोध हुन्छ। फलस्वरुप विद्याथीको आत्मबल कमजोर हुन्छ र परिणाम असफलता तथा विद्यालय छोड्ने दरमा बृद्दि हुन्छ।
- नेपालको ग्रामीण तहमा नेपाली भाषा बाहेक अन्य भाषाभाषिका विद्यार्थीहरुको भर्नादर पनि कम छ, फेल हुने र विद्यालय छोड्ने दर अत्याधिक बढी छ।
- बाहिरी एक्सपोजरको कमीका कारण गैर नेपाली भाषी केटाहरु भन्दा केटीहरुमा भाषाको समस्याका कारण कम भर्नादर, न्यून उतिर्ण र अत्याधिक बिद्यालय छोड्नेदर रहेको तथ्यांले देखाउँछ।
- आधारभूत तह विशेष गरी पूर्व प्राथमिक र प्राथमिक तहमा मातृभाषामा पठनपाठनको प्रभाव माथिल्लो तह भन्दा बढी हुन्छ।

**युरोपेली आयोगको सहयोगमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा मध्य-पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सत्ताइस वटा गाविसमा गरिएको अध्ययनमा ४२ प्रतिशत आदिबासी तथा दुई प्रतिशत अवधिभाषी मधेशीहरु बसोबास गरेका ठाउँमा विद्यालय व्यवस्थापन समिति, मुख्य शिक्षक र जानिफकार अभिभावकसँग लिइएको अन्तरवार्ताका क्रममा ३ प्रतिशत विद्यालयमा भाषागत समस्याले गुणस्तरीय पठनपाठनमा असर गरेको कुरा व्यक्त गर्दै मातृभाषामा पठनपाठन हुनुपर्ने माग राखेका थिए ।**

**विद्यालय तथा अनौपचारिक शिक्षा प्रणालीले पिछडिएका तथा सुविधाविहीनहरुलाई अत्यधिक समाहित गर्न भाषाले महत्वपूर्ण भूमिका खेल्दछ । विशेषतः एसिया प्रशान्त क्षेत्रलाई जनजाति, सांस्कृतिक तथा भाषिक विविधताको क्षेत्रका रुपमा लिइन्छ । तर विश्वको राजनीतिक तथा सांस्कृतिक साम्राज्य र विस्तारवादी प्रक्रियाका कारण विभिन्न समूहका भाषा तथा भाषाका जातीहरु माथि एक भाषा र संस्कृतिको प्रभुत्व विकास भएको पाइन्छ ।**

- मातृभाषी शिक्षकहरुमा उत्प्रेरणा र सिर्जनशिलतामा बृद्धि हुन्छ र शिक्षकहरु बीच पेशागत प्रतिस्पर्धामा सकारात्मक परिवर्तन आउँछ।

### २.२. सामाजिक/शैक्षिक न्याय

समाजमा विद्यमान असमानता हटाउन भाषा एक महत्वपूर्ण संयन्त्रका रुपमा रहेको हुन्छ। भाषा सामाजिक न्याय र समानताको माध्यय पनि हो। विद्यालय तथा अनौपचारिक शिक्षा प्रणालीले पिछडिएका तथा सुविधाविहीनहरुलाई अत्याधिक समाहित गर्न भाषाले महत्वपूर्ण भूमिका खेल्दछ। विशेषत: एसिया प्रशान्त क्षेत्रलाई जनजाति, सांस्कृतिक तथा भाषिक विविधताको क्षेत्रका रुपमा लिइन्छ। तर विश्वको राजनीतिक तथा सांस्कृतिक साम्राज्य र विस्तारवादी प्रक्रियाका कारण विभिन्न समूहका भाषा तथा भाषाका जातीहरु माथि एक भाषा र सस्कृतिको प्रभुत्व विकास भएको पाइन्छ। यस प्रकार धनी तथा गरिब, बहुसंख्यक र अल्पसंख्यक हुने खाने र हुँदा खानेहरुका बीच भाषिक दूरी प्रतिस्थापित हुनं गएको देखिन्छ। खासगरेर कुलीन, सभ्रान्त वर्ग, उच्च र मध्यम वर्गका मानिसहरु विद्यालय, सरकारी कामकाजमा प्रयोग गरिने भाषा बोल्दछन् भने गरिब तथा पिछडिएका वर्गहरुले बोल्ने भाषाहरुले उनीहरुको आफ्नो समुदायबाहेक अन्यत्र मान्यता पाएका हुँदैनन्। सामान्यतया: राष्ट्रियस्तरको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पठनपाठनको माध्यम बहुसंख्यकले बोल्ने भाषाका आधारमा तय हुने हुँदा बहुभाषिक पाठ्यसामग्री र द्वैभाषिक तथा बहुभाषिक शिक्षकको अभावमा अन्य भाषीहरुलाई सम्बोधन नगरिने हुँदा अल्पभाषिक समूहका व्यक्तिहरुले शिक्षाको अधिकार र शैक्षिक मूलप्रवाहीकरणबाट वञ्चित रहनु पर्ने अवस्था सिर्जना हुन गएको छ।

अध्ययनहरुले भाषा नीति तथा शिक्षाको योजना तर्जुमा प्रक्रियामा सबभन्दा अन्यायमा परेका तीन समूहरुमा १) महिला तथा बालिकाहरु, २) गरिब तथा ३) औपचारिक मान्यता नपाएका भाषाभाषी समूहहरु रहेको देखाएको छ (कोरसन, १९९३)। यसै अध्ययनले भाषा र लैङ्गिक अन्यायबीच प्रत्यक्ष सम्बन्ध रहेको पनि देखाएको छ। प्रभुत्वमा रहेको भाषाको पहुँचमा अवरोधका कारण महिलाहरु औपचारिक पेशामा भन्दा घरधन्दामा संलग्न हुन बाध्य छन्। भाषाकै कारण विद्यालय तथा अन्य शैक्षिक संस्थामा पनि बालिका तथा महिलाहरु पुरुष तथा केटाहरुको तुलनामा विभिन्न अवसरबाट बञ्चित हुनु परिरहेको छ। यसलाई शिक्षाको माध्यम भाषाको समस्या भन्दा महिला तथा पिछडिएको वर्गको क्षमताको कमीको रुपमा विश्लेषण गर्ने गरिन्छ। अध्ययनहरुले के पनि देखाएको छ भने मातृभाषामा पठनपाठन गर्न नपाउने विद्यार्थीको तुलनामा मातृभाषामा अध्ययन गर्ने विद्यार्थी विशेष गरी बालिकाहरु विद्यालय अवधि लामो हुने, उत्कृष्ट विद्यार्थीको रुपमा अगाडि आउने, परिक्षामा राम्रो नतिजा ल्याउने, कक्षा नदोहोर्‍याउने गरेको पाईन्छ। यसले के देखाउँछ भने मातृभाषामा शिक्षा प्रदान गर्दा विशेष गरी बालिक/केटीहरुमा शिक्षामा पहुँच तथा शिक्षाको स्थिति सुधारमा ठूलो परिवर्तन आउन सक्छ।

### २.३ शैक्षिक उपलब्धी

बालबालिकाहरुमा ज्ञान तथा अनुभवहरुको विकास, पढाइ, लेखाई एवं सोचाई सीपको विकासको शुरुवात प्रथम भाषा अर्थात् मातृभाषामा आधारित हुन्छ। उनीहरुको मातृभाषाको ठोस आधारशिलामा नै दोश्रो वा बहुभाषिक सीपको विकास हुन्छ, जसले भविष्यमा विद्यालय शिक्षा तथा जीवनकै लागि उच्चतम् आत्मविश्वास र सुदृढता प्रदान गर्दछ। तसर्थ कम्तिमा प्रारम्भिक शिक्षाको छ बर्षका लागि शिक्षणको मुख्य माध्यम मातृभाषा हुनुपर्दछ भन्ने तथ्य प्रमाणित भैसकेको छ। कोलियर र थोमस (२०००) ले प्रभावकारी शिक्षाका लागि मातृभाषाको महत्वका बारे निम्न सुझावहरु प्रस्तुत गरेका छन्:

- कमसेकम छ वर्षसम्म द्विभाषिक तथा बहुभाषिक शिक्षा हुनु पर्ने
- मुख्य विषयहरुलाई मातृभाषाको पाठ्यक्रममा प्राथमिकता दिनु पर्ने
- शिक्षणका लागि कम्तिमा मातृभाषा र दोश्रोभाषामा गरी दुई भाषाको व्यवस्था मिलाउनु पर्ने
- प्राथमिक तहमा शिक्षण समयको कम्तिमा ५०% तथा प्रारम्भिक कक्षा शिक्षणमा ९०% समय हुनु पर्ने
- बहुभाषिक शिक्षण वातावरणको सिर्जना गर्न प्रशासन, शिक्षक र अभिभावकबाट पूणत: सहयोग हुनु पर्ने

- विद्यार्थी सहपाठीहरु तथा शिक्षक-विद्यार्थीबीच सकारात्मक अन्तरक्रिया हुनु पर्ने
- उच्च गुणस्तीय शिक्षकहरुको व्यवस्था हुनु पर्ने
- विद्यालय व्यवस्थापनमा अभिभावक-हरुको सक्रिय सहभागिता हुनु पर्ने

मातृभाषामा आधारित शिक्षा प्रणालीले बालबालिका विशेष गरी बलिकाहरुको सहभागिता, शिक्षामा पहुँच, गुणस्तरीयता, प्रभावकारिता तथा अवसरको समानतामा सकारात्मक प्रभाव हुने विभिन्न देशको अनुभव र अध्ययनबाट देखिएको छ। तल उल्लेखित तत्वहरूले मातृभाषामा आधारित शिक्षाबाट गुणस्तरीय शिक्षा प्राप्तीमा प्रभावकारी भूमिका खेल्न सक्छन्:

बालबालिका विशेष गरी बालिकाहरु मातृभाषा तथा आफु परिचित भाषा पढ्ने अवसर पाएमा विद्यालयमा भर्ना दर बढी हुने र पढाई पनि नियमित हुने गर्छन्।

मातृभाषा प्रयोग र पठनपाठनले विद्यालय व्यवस्थापन र गुणस्तरीय शिक्षामा अभिभावकको सहभागिता तथा प्रभावमा बृद्धि हुन्छ।

संबन्धित मातृभाषी तथा स्थानीय भाषा तथा सँस्कृतिसँग परिचित शिक्षकहरु बालबालिकाहरुले उत्प्रेरणा जगाउने र राम्रोसँग अध्यापन गर्दछन् र नतिजा राम्रो आएको देखिन्छ। त्यस्ता शिक्षकहरु पेशा प्रति बढी इमान्दार हुने र बालबालिका माथि शिक्षकहरुद्वारा हुने दुर्व्यवहार पनि कम हुने गरेको छ।

मातृभाषामा पठनपाठन हुँदा बालबालिका विशेष गरी बालिकाहरु धेरै समय विद्यालयमा उपस्थित हुने र लामो समयसम्म अध्ययन गर्छन्।

बालबालिकाले मातृभाषा प्रयोग गर्दा राम्रो सिक्न र गरेर देखाउन सक्छन्। मातृभाषाको पठनपाठनले स्थानीय तहमा विशेष गरी केटी तथा महिलाहरु नमूनायोग्य भूमिका निर्वाह गर्न सक्छन्।

मातृभाषामा शिक्षा प्रदान गर्ने शिक्षकहरुले केटा तथा केटीहरुमाथि समान व्यवहारको अभ्यास गर्छन्।

मातृभाषामा शिक्षाले बालबालिकाहरुमा विविधताको सम्मान गर्ने र सिर्जनात्मक अभ्यासहरु सहभागि हुन्छन्।

मातृभाषामा शिक्षाले विद्यालयप्रति मातृभाषि, स्थानीय समुदाय र समाजसेवीको सहभागिता र अपनत्व बृद्धि गर्न सहयोग पुग्छ।

मातृभाषाको पठनपाठनका कारण लैङ्गिक विभेद, जातीय तथा साँस्कृतिक विभेदमा कमी आउँछ।

मातृभाषाले बालबालिका तथा शिक्षकहरुमा सिर्जनशिलताको अभ्यास बढ्छ र शान्ति संस्कृतिको विकासमा सहयोग पुग्दछ।

मातृभाषामा पठनपाठनले समाजमा विद्यमान संरचनागत अवरोध हटाउन र हिंसा कम गर्नमा सहयोग पुऱ्याउँछ।

**२.४ बैधानिक प्रावधान**

मानवअधिकारको सरक्षण र सामाजिक न्यायको पक्षमा आज राष्ट्रिय एवं अन्तरराष्ट्रियस्तरबाट संबैधानिक तथा कानूनी व्यवस्था भई सकारात्मक वातावरणको सिर्जना भईरहेको छ। यस सम्बन्धी निम्नानुसारका व्यवस्थाहरु भएका छन्:

**मानवअधिकाकारको विश्वव्यापी घोषणा-पत्र, १९४८:** मानवअधिकार संबन्धि घोषणाको यस दस्तावेजले प्रत्यक्ष रुपमा भाषिक अधिकारको प्रत्याभूति नगरे पनि विभिन्न किसिमले मानवीय असमानता उन्मुक्ति सम्बन्धि प्रदत्त अधिकारले अल्पभाषिक अधिकार प्रदान गरेको देखिन्छ। उक्त दस्तावेजको धारा २ अनुसार "कसैसँग जात, रङ्ग, लिङ्ग, भाषा, धर्म, बैचारिक राजनीतिक, सम्मत्ति, राष्ट्रियता, सामाजिक मौलिकता तथा जन्मको आधारमा भेदभाव गर्नु नपाउने अधिकार र स्वतन्त्रता सबैलाई हुनेछ।" त्यस्तै युनेस्कोको विशषज्ञ बैठक १९५१ ले विश्वव्यापी रुपमा कक्षाकोठामा भाषासमबन्धि प्रयोगको सिफारिस गरेको पाइन्छ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६:** प्रतिज्ञापत्र आफैमा कानूनी उपकरण हो। स्वतन्त्रता र सामाजिक न्याजस्ता अधिकारको आधारमा प्रत्येक व्यक्तिले पूर्णरुपमा प्रयोग गर्न पाउने अधिकारको संरक्षण सुनिश्चितताको लागि १९६६ डिसेम्बर १६ मा पारित र जनवरी ३, १९७६ का दिन देखि लागू भएको र मे १४, १९९१ मा प्रजातन्त्रको पुनर्स्थापना पछि नेपालले प्रमाणीकरण गरि लागू गर्ने प्रतिबद्वता गरेको छ। जसमा प्रत्येकका लागि शिक्षाको अधिकारका साथै आधारभूत शिक्षामा समान पहुँचको व्यवस्था गरेको छ।

**बालअधिकार महासन्धी**, १९८९: १४ वर्ष मूनिका बालबालिकाहरुलाई काममा लगाउन नपाउने, सबै बालबालिकालाई शिक्षा प्रदान गर्नु पर्ने, हुकाउने र बढाउने व्यवस्था गर्नु पर्ने प्रावधान छ भने सँस्कृति, भाषा, मौलिकता, एवं पहिचानका दृष्टिकोणले भेदभाव व्यवहार नगर्ने भन्ने व्यवस्था गरेको छ।

**नेपालको अन्तरिम संबिधान**, २०६३: भाग १ को धारा ५ को उपधारा १ मा नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् भनेको छ। साथै भाग ३ मौलिक हक अन्तर्गत धारा १७ को उपधारा १ मा प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था छ।

**दशौं योजना** (२००२-२००७): विभिन्न जाजजातिका भाषिक समूहहरुको शिक्षामा संलग्नता बढाउन मातृभाषामा शिक्षा प्रदान गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने रणनीति दशौं योजनाले अबलम्बन गरेको छ।

**स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६:** ऐनको दफा २६ र ९४ मा गाविस/ नगरपालिकाको काम, कर्तव्य अधिकार अन्तर्गत "गाउँ किवास/नगरपालिका क्षेत्रभित्र मातृभाषामा

प्राथमिक तहको शिक्षा उपलब्ध गराउन, सहयोग गर्ने" प्रावधान रहेको छ।

**शिक्षाको राष्ट्रिय नीति, २०५५:** अनुसार राष्ट्रिय भाषाहरुको माध्यमबाट शिक्षा दिन व्याकरण, पाठ्यक्रम, पाठ्यपुस्तक, कोश, शब्दावली शिक्षक तालिमको व्यवस्था गर्ने र तिनको विकास गर्न चरणबद्ध कार्यक्रम बनाई कार्यान्वयन गर्ने मातृभाषीहरु र राष्ट्रभाषीहरु बीचको सम्बन्धलाई अझै घनिभूत पार्न र मातृभाषाबाट राष्ट्रभाषामा संक्रमण गर्न सरल तुल्याउन द्विभाषिक माध्यमको भाषालाई प्रोत्साहन गर्ने भनिएको छ।

**शिक्षा ऐन, २०२८ (संशोधन सहित):** विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी भाषा हुनेछ तर प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ। अन्य भाषामा सिकाउँदा माध्यम सोही हुन सक्नेछ भन्ने व्यवस्था भएको देखिन्छ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,** २०४९: कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागू गर्न चाहेमा त्यस्तो पाठ्यक्रम राष्ट्रिय शिक्षाको उद्देश्यसँग मेलखाने हुनु पर्दछ। र नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्विकृत गरेको हुनु पर्दछ भन्ने उल्लेख छ।

**राष्ट्रियभाषा नीति सुझाव आयोगको प्रतिवेदन, २०५०:** मातृभाषालाई माध्यम र विषय दुवै रुपमा लागू गर्नु पर्ने व्यवस्था सिफारिस गरेको छ। हाम्रो देशमा धेरै मातृभाषा (९२ समूह) हरु भएका हुनाले मातृभाषीहरुको जनसंख्या र लेख्य परम्पराका आधारमा प्राथमिकता निर्धारण गरी चरणबद्ध रुपमा पठनपाठन गराउनु पर्ने साथै लेख्य परम्परा र लिपी नभएका भाषाहरुलाई पनि क्रमिक रुपमा लेख्य परम्परामा ल्याउन पहल गर्ने र त्यसपछि मात्र विद्यालयको पाठ्यसामग्री विकास गर्नुपर्ने कुरा उल्लेख छ।

**सबैका लागि शिक्षा: राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५):** मातृभाषाको माध्यमबाट आधारभूत र प्राथमिक शिक्षाको सुनिश्चितताको कुरा उठाएको त छ। भएका नीतिगत व्यवस्थाको भावना बमोजिम मातृभाषामा पठनपानका लागि विद्यालय स्थापना, पूर्वाधार निर्माण र सञ्चालन गर्नमा आवश्यक संयन्त्र र श्रोतको अभाव रहेको उल्लेख गरिएको छ। यसका साथै देशभित्र धेरै भाषा, भाषिक वातावरण प्रति विचार पुऱ्याउनु पर्ने, विभिन्न भाषाको विभिन्न स्थिति हुनुलाई राज्यले मातृभाषामा शिक्षाको चूनौतिको रुपमा लिएको छ।

**प्राथमिक शिक्षामा मातृभाषाको प्रवेशसम्बन्धी प्रतिवेदन २०६२:** यसै गरी डा. योगेन्द्रप्रसाद यादव सहितको अध्ययन टोलीले मातृभाषामा शिक्षाको प्रवेश गराउने सम्बन्धमा एउटा अध्ययन गरेर 'Mother Tongue Intervention at Primary Level' शीर्षकको प्रतिवेदन २७ जुलाई २००५ मा शिक्षा विभागलाई बुझाएको छ।

**आदिबासी तथा जनजातीहरुको अधिकार सम्बन्धी आई.एल.ओ, महासन्धी १६९:** नेपालको अन्तरिम व्यवथापिका-संसदले आइ.एल.ओ. ले सन् १९८९ मा अपनाएको जनजाति तथा आदिबासीका अधिकार संबन्धी महासन्धी २०६४ साल भदौ ५ गते अनुमोदन गरी भदौ १९ मा आई.एल.ओ. मा औपचारिक रुपमा पेश गरेको छ। यो समेत गरी विभेद विरुद्ध, बालश्रमिक र बधुवा, सँगठनको अधिकार र सामुहिक सौदाबाजी सम्बन्धि ११ वटा आइ.एल.ओ. महासन्धीहरु नेपालले अनुमोदन गरिसकेको छ। यस महासन्धीले जनजाति/आदीबासीहरुको आफ्नो विकासको सबालहरुमा छलफल र सहभागिताका लागि उनीहरुको अधिकारको सुनिश्चितता र स्व-व्यवस्थापनको सिद्वान्तलाई समर्थन गर्दछ। यसले आदिबासी तथा जनजातिहरुका लागि समानतामूलक व्यवहार, राज्यका सेवामा समान पहुँच तथा उनीहरुको संस्कृति, समुदायहरुको संरक्षण र सम्बर्धनका लागि विशेष व्यवस्था सुनिश्चितता गर्दछ। यस बाहेक यसले परम्परागत अर्थतन्त्र, जमिन र श्रोतमा अधिकार तथा शिक्षामा मातृभाषाको प्रयोगको अधिकार पनि संरक्षण गर्दछ। यो महासन्धी जनजाति तथा आदिबासी जनताको अधिकार संबन्धि कानूनी रुपमा बन्धनकारी संयन्त्र हो। यसले समाजलाई अझ समानता तथा समावेशी प्रक्रियामा डोऱ्याउनका लागि संबैधानिक तथा कानूनी परिवर्तनमा सहयोग प्रदान गर्दछ।

**सन्दर्भ सामग्री**


१. शिक्षाजगतको अर्धवार्षिक शैक्षिक पत्रिका "**शिक्षा**" २०६२। नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर।
२. नेपालको अन्तरिम संविधान, २०६३
३. राष्ट्रिय नीतिहरु (राष्ट्रि नीति, रणनीति, दीर्घकालीन योजना, कार्यनीति, अनौपचारिक क्षेत्र अनुसन्धान तथा अध्ययन केन्द्र, २००६,
४. Carol Benson, Girls, Education and Equity and Mother Tongue-Based Teaching, UNESCO, Bangkok, 2005
५. Education for Promoting People's Rights, Progress and Democratization SOCIETY AND EDUCATION, OCCASIONAL JOURNAL OF POPULAR EDUCATION, Forum for Popular Education, EDUCATION NETWORK, NEPAL, Volume 1, 2007
६. जनमुखी शिक्षा, बर्ष-८, अङ्क-१६, २०६४ विशेष। शिक्षा व्यवस्थाको पुन:संरचना विशेष, जनमुखी शिक्षा सरोकार मञ्च-शिक्षा समूहको सामयिक जर्नल।

# प्राथमिक शिक्षा : नि:शुल्क र गुणस्तरको सवाल

उषा थपलिया

सन् २०१५ सम्म सवैकालागि शिक्षा पुऱ्याउने उद्देश्य बोकेको अन्तराष्ट्रिय अभियानमा नेपाल पनि प्रतिबद्ध छ र उद्देश्य प्राप्तीकालागि १५ वर्षे योजना तथा पाँच वर्षे रणनीतिक कार्यक्रमसमेत अगाडी ल्याएको छ। यस अभियानको आधा अवधि समाप्त भई सकेको परिप्रेक्षमा लक्ष्य बमोजिम उपलब्धी हासिल गर्न भने नेपालको लागि धेरै चुनौतीहरु यथावत छन्। सबैभन्दा ठूलो चुनौती भनेको करिव १२ दशमलव ६ प्रतिशत बालबालिका अझैपनि विद्यालयको घेरा भन्दा बाहिर रहनु हो, जुन शिक्षा मन्त्रालयकै तथ्यांकमासमेत उल्लेख गरिएको छ। त्यस्तै "भर्ना अभियान" तथा "विद्यालय स्वागत कार्यक्रम" मार्फत विद्यालय ल्याईएका मध्ये ५० प्रतिशतले प्राथमिक शिक्षा पुरा नगरी फेरी समुदायमा नै फर्केको स्थिति विद्यमान छ। त्यसैले विद्यालय नआएकालाई विद्यालयतर्फ डोऱ्याउनु जति महत्वपूर्ण छ, आएकाहरुलाई टिकाएर प्राथमिक शिक्षा पूरा गराउनु पनि त्यत्तिकै आवश्यक छ यो लक्ष्य हासिल गर्न।

सरकारले प्राथमिक शिक्षा नि:शुल्क भनेको धेरै वर्ष भईसकेको छ, तर व्यवहारमा स:शुल्क कायमै छ, जसले गर्दा ४२ प्रतिशत गरीविको रेखामुनि रहेका जनतालाई सरकारले गरेको प्राथमिक शिक्षा नि:शुल्कको घोषणा झन बढी घाँडो भएको यसर्थ बुझ्न सकिन्छ कि त्यसरी लिईने रकम कुनै एकरुपता र निश्चित सिमा भन्दा बाहिर गएर मनमौजी हुने गरेको छ। विशेष गरी विद्यालयको भौतिक अवस्था सुदृढ पार्न र नीजि श्रोतबाट शिक्षकहरुलाई तलव प्रदान गर्न केही रकम विद्यार्थीहरुबाट उठाउनु परेको विद्यालयहरु पनि स्वीकार्छन्। तर हरेक वर्ष विद्यार्थीहरुबाट जति रकम असुल गरेपनि न शिक्षक र विद्यार्थीविचको संख्यात्मक अनुपातको दुरी घट्न सकेको छ न विद्यालयको कक्षा कोठा पर्याप्त नै हुनसकेका छन्। फलस्वरुप एक वा दुई जना शिक्षकहरुले पुरै प्राथमिक कक्षा जिम्मा लिएर अध्यापन गराई रहेको तथा कक्षा कोठाको अपर्याप्तताका कारण विद्यार्थीहरुले खुल्ला चौरमा चर्को घाम, दर्के पानी र कठ्याङ्ग्रिने जाडोसँग पौठेजोरी खेप्दै पढ्नु परिरहेको समाचारहरु पत्रपत्रिकाहरुमा सदृश्य प्रकाशन हुने क्रम झन बढिरहेको छ।

कार्यान्वयनको पाटोलाई एकातिर पन्छाउने हो भने नीति बनाउने कुरामा सरकारको कामलाई धेरै आलोचना गरिरहनु नपर्ला। नेपालको अन्तरिम संविधान २०६३ मा "प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा पाउने हक हुनेछ" भनी उल्लेख गरिएको छ। संविधानको मौलिक हकभित्र राखिएको अधिकारलाई फेरी कुन कानूनले व्यवस्था गरेपछि उपभोगयोग्य हुने, यो अन्यौल आफ्नो ठाउँमा भएपनि नयाँ बन्ने संविधानमा माध्यमिक शिक्षा सम्मलाई नै नि:शुल्क गराउने कुरालाई संस्थागत गर्न यसले मार्ग प्रसस्त गर्नेछ भन्न सकिन्छ। यसबाहेक गत आर्थिक वर्षदेखि शिक्षा क्षेत्रमा सुधार गर्न सरकारले सवभन्दा बढी शिक्षा क्षेत्रमा खर्च गर्ने लक्ष्यकासाथ कुल राष्ट्रिय बजेटको लगभग १६ प्रतिशत बजेट छुट्याउने गरेको छ। त्यसलाई अझ बढी प्राथमिकता दिन गत वर्षको तुलनामा ५ अर्ब ३८ करोड बृद्धि गरी यस आर्थिक वर्षकालागि २८ अर्ब ३९ करोड रूपैया पुऱ्याएको छ, जुन स्वागतयोग्य छ, तर पर्याप्त भने होइन। यस बाहेक विभिन्न

**नेपालको अन्तरिम संविधान २०६३ मा "प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा पाउने हक हुनेछ" भनी उल्लेख गरिएको छ । संविधानको मौलिक हकभित्र राखिएको अधिकारलाई फेरी कुन कानूनले व्यवस्था गरेपछि उपभोगयोग्य हुने, यो अन्यौल आफ्नो ठाउँमा भएपनि नयाँ बन्ने संविधानमा माध्यमिक शिक्षा सम्मलाई नै नि:शुल्क गराउने कुरालाई संस्थागत गर्न यसले मार्ग प्रसस्त गर्नेछ भन्न सकिन्छ ।**

**सम्पूर्ण बालबालिकालाई विद्यालयभित्र ल्याएर मात्रै पनि सरकारको शिक्षाप्रतिको दायित्व पुरा हुन सक्दैन, शिक्षालाई युगअनुसार गुणस्तरीय बनाउदै दक्ष जनशक्ति निर्माण गर्नु पनि राज्यकै कर्तव्यभित्र पर्दछ। अहिलेको अवस्थामा जीवन धान्नयोग्य बनाउने गुणस्तरीय तथा व्यवसायिक शिक्षाको आवश्यकता रहेको छ, तर विद्यार्थीलाई जीवनोपयोगी ज्ञान दिने र सीप सिकाउने खालको पढाई समग्र रुपमा सार्वजनिक विद्यालयमा सुरु गरिएकै छैन।**

संघसंस्थामार्फत शिक्षाकालागि भएको विदेशी लगानी कति छ भनि यकिन गर्न सकिने अवस्था नभएतापनि खासै उपलब्धी छैन।

बालबालिकालाई विद्यालयतिर आकर्षित गर्न सरकारद्वारा गरिएका कतिपय प्रयत्नहरुको प्रभावकारिता अनुगमन तथा पुर्नमुल्यांकन गर्नुपर्ने भएको देखिएको छ। उदाहरणकोलागि पाँच कक्षासम्म अध्ययन गर्ने १६ जिल्लाका बालिकालाई विद्यालयमा आकर्षित गर्न हरेक महिना दुई लिटर खानेतेल सरकारले उपलब्ध गराउदै आएको छ तर अभिभावकले तेल पाउदासम्म विद्यालय पठाउने र पाँच कक्षा सकिएपछि छोरीहरुलाई विद्यालयबाट झिकिदिने गरेको पनि जानकारीमा आएको छ। अझ तेलकैलागि आफ्ना छोरीहरुलाई पाँच कक्षामै फेल गरिदिन अभिभावकहरुले शिक्षकसँग आग्रह गर्ने गरेको पनि चर्चामा आएको छ।

"सबैकालागि शिक्षा अन्तराष्ट्रिय अभियान" अर्न्तगत सम्पूर्ण बालबालिकालाई प्राथमिक शिक्षाको पहुँचमा पुऱ्याउने मात्रै नभई उक्त शिक्षा अनिवार्य तथा गुणस्तरीय बनाईने कुरामा पनि राज्यले प्रतिबद्धता जनाएको छ। तर सरकारले नि:शुल्कलाई नै पूर्ण कार्यान्वयन गराउन नसकाले अभिभावकलाई बाध्य बनाउने कुनै आधार पनि सरकारसँग छैन। त्यसैको परिणाम हो अझै पनि ठूलो संख्यामा बालबालिकाहरु विद्यालय बाहिर रहनु। सम्पूर्ण बालबालिकालाई विद्यालयभित्र ल्याएर मात्रै पनि सरकारको शिक्षाप्रतिको दायित्व पुरा हुन सक्दैन, शिक्षालाई युगअनुसार गुणस्तरीय बनाउदै दक्ष जनशक्ति निर्माण गर्नु पनि राज्यकै कर्तव्यभित्र पर्दछ। अहिलेको अवस्थामा जीवन धान्नयोग्य बनाउने गुणस्तरीय तथा व्यवसायिक शिक्षाको आवश्यकता रहेको छ, तर विद्यार्थीलाई जीवनोपयोगी ज्ञान दिने र सीप सिकाउने खालको पढाई समग्र रुपमा सार्वजनिक विद्यालयमा सुरु गरिएकै छैन। यी कुराको जग बसाउन प्राथमिक तहकै पाठ्यक्रम गुणस्तरीय बनाउनु जरुरी छ। नीजि तथा सामुदायिक विद्यालयवीचको गुणस्तरको फरकपनाले वर्गीय विभेदलाई बढाउने दुई असमानस्तरको शिक्षा समाजमा विद्यमान छ। सार्वजनिक विद्यालयको शिक्षा गुणस्तरीय हुन नसक्दा बहुसंख्यक रुपमा वेरोजगारउन्मुख शिक्षित जनशक्ति उत्पादन र यसबाट युवाहरुमा उत्पन्न निराशाले विद्रोहलाई मलजल पुऱ्याउँने यथार्थतालाई हामी सवैले अनुभूत गरिसकेका छौं र यस्तै स्थिति रहिरहे यो प्रक्रिया भविष्यमा पनि नदोहोरिएला भन्न सकिन्न।

समग्रमा राज्यले शिक्षाप्रति गरेको लगानीबाट प्रतिफल हासिल गर्न तथा नीजि र सार्वजनिक विद्यालयवीचको गुणस्तरको दुरीलाई कम गर्न सरकारले मात्रै प्रयास गरेर पुग्ने अवस्था छैन। यसकालागि राजनीतिक दल, शिक्षक, विद्यार्थी, अभिभावक, तथा नागरिक समाज सवैको सहकार्य अनिवार्य छ। विद्यालयको व्यवस्थापनमा सुधार गरेर अनुगमन संयन्त्रलाई क्रियाशील नबनाएसम्म लगानीको उपलब्धी हासिल हुन सक्दैन। आफ्नो सन्तानको पढाईबारेको चासो अभिभावक भन्दा बढी अरुलाई नहुने हुनाले अभिभावकलाई विद्यालय व्यवस्थापनको जिम्मेवारी दिईनु पर्दछ तर यसो गरिए पनि सरकारले आफ्नो दायित्वलाई कहिल्यै पनि विर्सनु हुदैन। शिक्षा क्षेत्र सुदृढ र व्यवस्थित भयो भने अन्य क्षेत्र आफै व्यवस्थित वन्दै जान्छ। नि:शुल्क, अनिवार्य र गुणस्तरीय प्राथमिक शिक्षा आज आवश्यक मात्रै नभएर अपरिहार्य भएकोले त्यसतर्फ राज्यको ध्यान बढी केन्द्रित हुनु जरुरी छ। अहिलेको वदलिदो राजनीतिक परिवेशमा पनि प्राथमिक शिक्षाभित्र यी तीन कुरा सुनिश्चित नभएसम्म नयाँ नेपालको वास्तविक अध्याय सुरु हुदैन। त्यसैले यस क्षेत्रमा राज्यले लगानी बढाउनुको साथै प्रभावकारीतामा पनि बृद्धि गर्दै जानु र सम्पुर्ण सरोकारवालाहरुलाई उत्साहित बनाउनु जरुरी देखिएको छ।

**सन्दर्भ सामग्री**


१) नेपालको अन्तरिम संविधान २०६३
२) बालबालिकाका कार्यक्रम २०६३, केन्द्रीय बाल कल्याण समिति।
३) Ten Years Plan for Children. Ministry for Women, Children and Social Welfare
४) सबैकालागि शिक्षा नेपाल (२००१-२०१५), युनेस्को।
५) हिमाल खवरपत्रिका, १-१५ फागुन २०६२
६) बार्षिक राष्ट्रिय बजेट आ.व. २०६४/०६५

# शिक्षा क्षेत्रका समस्या : गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको सवाल

प्रतिबेदन बैद्य

बिश्व व्यापार संगठनको सदस्यता लिएर बिश्वव्यापी प्रतिस्पर्धामा उत्रिएपनि बिश्व आर्थिक मञ्चको व्यापार र आर्थिक बृद्धिसँग सम्बद्ध तथ्याङ्कका आधारमा तयार गरिएको बिश्व प्रतिस्पर्धा प्रतिबेदनमा शिक्षा, स्वास्थ्य र पूर्वाधारलगायतका क्षेत्रमा नेपाल निकै पछाडि रहेको छ। बिश्व व्यापार सँगठनको सदस्य भैसकेको बर्तमान अवस्थामा नेपाल प्रतिस्पर्धात्मक रुपमा पछाडि पर्नु चिन्ताको विषय हो। १ सय ३१ देशलाई समेटेर गरिएको अध्ययनमा शैक्षिक प्रणालीको गुणस्तरमा नेपाल ९९ औ स्थानमा रहेको छ। प्राथमिक शिक्षाको गुणस्तरको बिश्व प्रतिस्पर्धामा नेपाल १ सय ९ औ स्थानमा रहेको छ। प्राथमिक तहमा बिद्यालय भर्नादरमा यो १ सय ८ औ स्थानले पछाडि परेको छ। शिक्षाका क्षेत्रमा खर्चमा १ सय ३ स्थानमा परेको छ। नेपालले सहश्राब्दि बिकास लक्षमा उल्लेख गरिएको सन् २०१० सम्ममा सबैका लागि अनिवार्य शिक्षासमेत प्राप्त गर्न कठिन देखिन्छ। सरकारको बिभिन्न प्रयासका बाबजुद हालसम्म करिब १३ प्रतिशत बिद्यालय जाने उमेरका बालबालिका बिद्यालय शिक्षाबाट बञ्चित छन्। यसरी एकातिर बढ्दै गएको प्रतिस्पर्धा र अर्कोतर्फ नेपालले गुमाउँदै गरेको प्रतिस्पर्धात्मक क्षमताकाबिच समन्वय ल्याउनु अहिलेको प्रमुख चुनौती हो।

शिक्षक बिद्यार्थीको अनुपातमा रहेको ठुलो भिन्नता, दुर्गम क्षेत्रका बिद्यालयहरुले भोग्नुपरेको साधन र श्रोतको अभाव, शैक्षिक क्षेत्रमा बारम्वार भैरहने बन्द तथा हडतालका कारण समयमा कोर्ष नसकिनु, पाठ्यक्रममा समयसापेक्ष परिवर्तन हुन नसक्नु हाल शिक्षा क्षेत्रमा बिद्यमान प्रमुख चुनौतीहरु हुन जसले शिक्षाको गुणस्तरमासमेत असर गरिरहेको छ। अहिले सहरी क्षेत्रमा शिक्षक र बिद्यार्थीको अनुपात अत्यन्त न्युन रहेको छ भने ग्रामिण क्षेत्रमा यो अनुपात अत्यन्त धेरै रहेको छ। ग्रामिण क्षेत्रमा बिषय शिक्षकको अभावका कारणसमेत बिद्यार्थीहरु गुणस्तरीय शिक्षा लिनबाट बञ्चित भएका छन्। कतिपय दुर्गम क्षेत्रमा त शिक्षकको अभावका कारण दुई - तीनवटा कक्षाका बिद्यार्थीहरुलाई एउटै कक्षामा राखेर पढाउनुपर्ने बाध्यता रहेको छ जसवाट सहजै अनुमान गर्न सकिन्छ बिद्यार्थीले कति गुणस्तरीय शिक्षा प्राप्त गरिरहेका छन्। गुणस्तरीय शिक्षाको लागि हाल बिद्यमान रहेको १ : ५५ शिक्षक बिद्यार्थी अनुपातलाई १ : ३० गरिनुपर्दछ र सोही अनुसारको शिक्षक दरवन्दी दिइनुपर्दछ। सूचना र प्रबिधिको विकासले गर्दा सिँगो बिश्वनै एउटा गाउँमा परिणत भएको बर्तमान अवस्थामा केही बिद्यार्थीहरुले इन्टरनेट र इमेलबाट शिक्षा लिइरहेको अवस्थामा त्यस्तो सुबिधा त परै जाओस सरकारी बिद्यालयमा अध्यनरत कतिपय बिद्यार्थीहरुले श्रोत र साधनको अभावका कारण अगाडि शिक्षकले पढाएको पछाडि नसुनिने अवस्थामा शिक्षा लिन बाध्य छन्। ग्रामिण क्षेत्रका बिद्यार्थीहरुको लागि इन्टरनेट र इमेलमा पहुँच त केवल आकासको फल आँखा तरी मर सरह भएको छ। यस्तो भएतापनि न्युनतम साधन बाल पुस्तकालय, बाचनालय, बुलेटिन बोर्ड आदिको समूचित व्यवस्था र प्रयोगमा अनिवार्यताको नीति लागु गर्नुपर्दछ।

बिद्यालयलाई शान्ति क्षेत्र बनाइनुपर्छ भन्ने माग चौतर्फी रुपमा उठिरहेपनि बिद्यालयहरुले राजनीतिको सिकार हुनबाट छुट पाएका छैनन्। प्रत्येक राजनीतिक दलहरुले शिक्षण संस्थालाई नै राजनीति गर्ने थलोको रुपमा प्रयोग गर्ने तथा बिद्यार्थीलाई राजनीतिक गतिबिधिमा प्रयोग गर्ने कार्यलाई निरन्तरता दिनुले शिक्षा क्षेत्रमा अत्यन्त नकारात्मक असर पारेको छ। प्राय सबै राजनीतिक दलहरुले बिद्यार्थीलाई उनीहरुको स्वेच्छाले भन्दा जर्वजस्ति रुपमा राजनीतिक गतिबिधिमा संलग्न गराउनुले उनीहरुको निर्वाध रुपमा अध्ययन गर्न पाउने अधिकारसमेत हनन

**प्रत्येक राजनीतिक दलहरुले शिक्षण संस्थालाई नै राजनीति गर्ने थलोको रुपमा प्रयोग गर्ने तथा बिद्यार्थीलाई राजनीतिक गतिबिधिमा प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइनुले शिक्षा क्षेत्रमा अत्यन्त नकारात्मक असर पारेको छ। प्राय सबै राजनीतिक दलले बिद्यार्थीलाई उनीहरुको स्वेच्छाले भन्दा जर्वजस्ति रुपमा राजनीतिक गतिबिधिमा संलग्न गराउनुले उनीहरुको निर्वाध रुपमा अध्ययन गर्न पाउने अधिकारसमेत हनन भएको छ।**



भएको छ। शसस्त्र द्वन्द्वको अन्तपश्चात बिद्यालयहरु प्रत्यक्ष रुपमा आक्रमणको सिकार नभएपनि शैक्षिक क्षेत्रमा व्याप्त राजनीतिक हस्तक्षेप जारी नै रहेको छ। बिद्यालयमा बारम्वार भैरहने बन्द हडताल जस्ता क्रियाकलापले गर्दा समयमै कोर्ष नसकिने, निर्धारित समयमा परीक्षा संचालन हुन नसक्ने जस्ता क्रियाकलापले गुणस्तरीय शिक्षामा नकारात्मक असर परिरहेको छ। हरेक क्षेत्रमा व्याप्त राजनीतिकरणको मार शिक्षा क्षेत्रलेसमेत व्यहोर्नुपरेको छ। शिक्षालाई राजनीतिकरण गर्ने परिपाटी गुणस्तरीय शिक्षामा एउटा प्रमुख तगारोको रुपमा रहेको छ। हालै बिश्वबिद्यालयका पदाधिकारी नियुक्ति गर्ने बिषयमा उत्पन्न बिवाद यसको ज्वलन्त उदाहरण हो। शिक्षा क्षेत्रमा हुने राजनीतिकरणलाई नरोकेसम्म गुणस्तरीय शिक्षाको कुरा केवल हात्तिको देखाउने दाँत साबित हुनेछ।

नेपाल बिश्व व्यापार संगठनको सदस्य भैसकेको बर्तमान अवस्थामा शिक्षालाई बिश्वव्यापी रुपमा प्रतिस्पर्धि बनाउनुपर्ने चुनौती नेपालको सामु रहेपनि नेपाल यो चुनौती सामना गर्ने दिशामा तत्पर भएको देखिँदैन। पाठयक्रमलाई समसामयिक बनाउन पाठयक्रममासमेत समसामयिक परिवर्तन गर्नुपर्नेहुन्छ तर नेपालमा यस्तो हुनसकेको देखिदैन। नीति निर्माताहरुमा दिर्घकालीन सोचको अभावका कारण शिक्षा सम्वन्धि दिर्घकालीन नीति बन्नसकेका छैनन् भने भएका नीति नियमहरुसमेत हठातरुपमा परिवर्तन गरिंदा यसले शिक्षा क्षेत्रमा नकारात्मक असर पार्ने देखिन्छ। जस्तो सरकारले केहि बर्ष पहिलेनै प्रमाणपत्र तहलाई दश जोड दुइले बिस्थापन गर्ने नीति लिएको थियो र प्रमाणपत्र तहको पाठयक्रम परिवर्तन गरेको थिएन तर हालसम्म नत प्रमाणपत्र तह बिस्थापित हुन सकेको छ नत पाठयक्रम नै परिवर्तन। त्यस्तै सरकारले स्नातक तहलाई चारबर्षे बनाउने योजनासमेत हाल हराउन पुगेको छ। सरकारको प्रभावकारी अनुगमन संयन्त्रको अभावमा एउटै तहमासमेत भिन्न भिन्न शिक्षा दिइएको छ। सरकारले नीजि शिक्षण संस्थालाई बिदेशी बिश्वबिद्यालयका पाठयक्रम अध्यापनको लागि अनुमति दिएको छ तर यस्ता सिक्षण संस्थाको प्रभावकारी अनुगमन संयन्त्र नहुँदा शैक्षिक गुणस्तरमासमेत प्रश्नचिन्ह उठने गरेको छ।

त्यस्तै अन्यत्र प्रचलनमा रहेको बिद्यार्थीहरुले आफ्नो रुचि अनुसार बिषय तथा संकाय परिवर्तन गर्नपाउने सुबिधासमेत दिइनुपर्दछ। दक्ष शिक्षकको छनोट गरेर उनिहरुलाई प्रयाप्त तालिम दिएर शिक्षाको गुणस्तर उकास्नुको साटो शिक्षा क्षेत्रलाई आफ्ना कार्यकर्ता भर्ना गर्ने थलोको रुपमा परिणत गर्ने राजनीतिक दलहरुको सोचाइमा कमि नआएसम्म शिक्षा क्षेत्रको गुणस्तर सुधिने कुरामा आस्वस्त हुन सकिदैन। शिक्षा क्षेत्रमा व्याप्त अराजकता र शिक्षकप्रतिको भावनाको कारण दक्ष व्यक्तिहरुको अन्तिम छनोट मात्र शिक्षा क्षेत्र हुने गरेको छ तसर्थ यो भावनामा परिवर्तन ल्याई शिक्षालाई सम्मानित पेसाको रुपमा बिकास गरिनुपर्ने देखिन्छ।

अहिले नीजि र सरकारी शिक्षणसंस्थाहरुमा शिक्षाको गुणस्तरमा अत्यन्त भिन्नता रहेको छ। सरकारी शिक्षणसंस्थाहरु बिभिन्न अव्यवस्थाका कारण बेरोजगार उत्पादन गर्ने कारखानाको रुपमा परिणत हुँदैछन भने नीजि शिक्षण संस्थाहरु आम नागरिकको पहुँचभन्दा बाहिर रहेका छन् यस्तो अवस्थामा सरकारले शिक्षामा रहेको असमानता हटाएर आम नागरिकलाई गुणस्तरीय शिक्षा दिने कार्यमा सरकार अग्रसर हुनुपर्ने देखिन्छ। सरकारी उदासिनताका कारण न त नीजि सिक्षण संस्थाहरुको शुल्कमा एकरुपता छ नत गुणस्तरमानै। तसर्थ सरकारले शिक्षाको गुणस्तर अभिबृदिका लागि प्रभावकारी अनुगमन संयन्त्रको बिकास गर्नुपर्ने जरुरी देखिन्छ। शिक्षामा अहिलेको प्रमुख एजेन्डा नि:शुल्क गुणस्तरीय शिक्षा हुनुपर्दछ।

अहिले एकातर्फ शैक्षिक बेरोजगारहरुको संख्या बढिरहेको छ भने अर्कोतर्फ राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनसक्तिको अभाव खड्किरहेको छ। यस्तो अवस्थामा बिद्यमान पाठ्यक्रममा आमुल परिवर्तन गरेर रोजागारीमूलक शिक्षा नीति अपनाइनुपर्दछ। शिक्षा केवल प्रमाणपत्र हासिल गर्न लिइनेजस्तो नभएर बिद्यार्थीलाई भविष्यमा आइपर्ने चुनौतीहरुको सामना गर्न सक्ने असल नागरिक बनाउन सहयोग पुर्‍याउने खालको हुनुपर्दछ। गुणस्तरिय र रोजगारमुलक शिक्षाको लागि शिक्षामा राष्ट्रिय लगानीको यथोचित बृद्धि गरिनुपर्दछ र राष्ट्रका सम्पूर्ण सरोकारवालाहरु यस सम्वन्धमा गम्भीर हुन जरुरी छ।

●

# सरकारका यस्ता नीतिले दलितको धोको पुरा होला ?

आमाको काखमै हुँदा विवाह भएकी उनी स्कुलमा पनि अरु विद्यार्थीबाट छुटाइन्छिन्। कक्षाका अन्य विद्यार्थीसँगै बस्न पाउँदिनन्, उनलाई छोइछिटो गरिन्छ। कस्तो व्यवहार सबै मानिसको रगत उस्तै हो तर पनि विभेद छ। सानो झुपडीमा बस्दै आएकी उनी स्कुल बिदापछिको समयमा बाँसका सामग्री बनाएर परिवारलाई सहयोग गर्छिन्। सिरहा जिल्लाको करजन्हा गाविसस्थित श्री जनसेवा माध्यमिक विद्यालय करजन्हामा अध्यापन गरिरहेका रामवीर पासवानले सोही जिल्ला करजन्हा गाविस निवासी १२ वर्षीया बालिका रिंकु मलिकको वेदनालाई यसरी बताए।

रिंकु अहिले आमाबुवासँगै बस्छिन्, उनी धेरै पढ्न चाहन्छिन्। तरपनि उनका अगाडि चुनौती छन् - एकातिर गरिबी, अर्कातिर समाजिक विभेद। आफ्नो जग्गासमेत नभएकाले उनका परिवार ऐलानी पर्ति जग्गामा छाप्रो बनाई बसेका छन्। लैंगिक विभेदलाई पनि सामना गर्दै आएकी रिंकु बाधा व्यवधानको समाधान पनि गर्दै आएकी छिन्। धेरै पढ्ने रहरलाई गरिबी, अशिक्षा र जातीय विभेदका कारण कुन दिन पूर्णविराम लगाउनुपर्ने हो उनलाई नै थाहा छैन। नेपालका ४५ लाख दलितहरुमध्ये अति गरिब दलित समुदायकी रिंकु मलिकको व्यथा हो यो। उच्च शिक्षा हासिल गरी देश सेवामा केही योगदान गर्ने उनको चाहनालाई राज्यले अझै सम्बोधन गर्न सकेको छैन।

प्रजातन्त्रमा दलित समुदायले आस गरेका शिक्षासम्बन्धी नयाँ नीति किताबमा मात्र सिमित छन्। अब केही परिवर्तन होला र बनेका नीतिहरुको कार्यान्वयन होला भन्ने लोकतन्त्र स्थापनापछि पलाएको आशा मरिसकेको छ। कुनै सरकारले दलितका लागि नयाँ नीति ल्याउलान् भन्ने आशा पनि मरिसक्यो। सरकार समयसमयमा मौसमी फल जस्तै फेरिदै गए कसैले केही गरेनन्। दलितहरु उचित शिक्षा नपाएर आर्थिक, राजनीतिक, सामाजिक, साँस्कृतिक रुपले पछाडि परेका छन् तर सरकार अझै पनि दलितका लागि प्रगतिशील आरक्षण दिन उदासिन छ।

शिक्षा पाएकी भए देश सेवामा अझै सहयोग हुन्थ्यो। सानैमा बाल बिवाह भएकी उनी नेपालको पहिलो पेन्टरको रुपमा परिचित एक अशिक्षित महिला हुन्। तर आफूमा रहेको आँट र हिम्मतले ती दुःख र पीडालाई पन्छाउँदै उनी अगाडि बढिन्। शिक्षा नपाएकै कारण दुःख पाएकी उनी पढेलेखेको भए शिक्षिका, डाक्टर बनी देश सेवा गर्थे भन्छिन् तर घरको आर्थिक अवस्था कमजोर भएकै कारण बुवाआमाले नपढाएको बताइन्। सरकारको शिक्षा नीति ग्रामीण क्षेत्रमा कार्यान्वय नभएकै कारण दलित महिलाहरु शिक्षाबाट वञ्चित हुन पुगेको र आफू पनि त्यसको सिकार भएको बताउँछिन्, सप्तरी शम्भुनाथ गाविस-१ कचन्दाहा टोलमा घर भएकी ३१ वर्षीया सरिता पासवान। उनी राजधानी आएको १४ वर्ष भएको छ। ०५८ सालदेखि पेन्टरको काम गर्दै आएकी उनले सात वर्ष बौद्धस्थित बौद्ध अटो वर्कशपमा काम गरिन्। बौद्ध अटोमा पाँच-छ महिनासम्म सित्तैमा श्रम गरेकी उनलाई सो समयमा चियासमेत नदिइएको दुःखेसो पोखिन्। पुरुष सरह उनले काम गर्न खोज्दा सिकाउनेले झर्केर बोल्ने, महिलाले पेन्टरको काम गर्न सक्छे भनी खिल्ली उडाउने पनि कम थिएनन्। परिवार र श्रीमान्को हौसला र सहयोग पाएको उनले बताइन्। बौद्ध वर्कशपमा छ महिनापछि महिनाको पाँच सय रुपैयाँ पाएको बताउँछिन्। हाल उनी काठमाण्डौ महानगरपालिका चाबहील विशालनगरस्थित शंकर मोटर वर्कशपमा पेन्टरको काम गर्दै दुःखसुखले पारिवारिक जीवन निर्वाह गर्छिन्।

शिक्षा देश परिवर्तनको शक्ति हो। शिक्षा प्राप्त गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो। शिक्षालाई सर्वव्यापी तथा सर्वसुलभ बनाउने दायित्व सरकारको हो तर सरकारले अझैसम्म पनि शिक्षालाई दलित समुदायसम्म पुऱ्याउन तुलनात्मक रुपमा सकेको छैन। शिक्षा प्राप्तिबाट कुनै पनि समुदाय तथा वर्ग वञ्चित नहोऊन् भन्ने उद्देश्यका साथ नेपाल सरकारले राज्यका स्रोत-साधनबाट शिक्षाको विकासमा प्राथमिकता दिँदै आएको छ। "सबैको लागि शिक्षा हाम्रो सामूहिक प्रतिबद्धता" भन्ने मूल नारालाई सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उठाउँदै आएको छ। शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रम ल्याउँदा समेत ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका गरिब तथा असहाय समुदाय २१ सौं शताब्दिमा आएर पनि शिक्षाबाट वञ्चित छन्।

शिक्षा क्षेत्रमा कार्यरत विज्ञ तथा सरोकारवालाहरुले समस्या र चुनौतीलाई प्रष्टसँग बुझ्न सकेनन्। समस्याको खोजी मात्र गरे तर चुनौतीलाई भने स्वीकारेनन्। शिक्षाको सन्दर्भ के हो ? शिक्षामा लगानी केका लागि ? यसका प्रक्रियालाई कसरी स्तरीय बनाउने ? शिक्षा क्षेत्रबाट लिनु पर्ने उपलब्धी के के हुन ? जस्ता कुरामा सरकार उदासिन देखिएको विज्ञहरु बताउँछन्। यसका कारण शिक्षामा गुणस्तरीयता बढ्न सकेन बरु घट्दै गएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा दलितका लागि छुट्टै छात्रवृति छुट्याउने गर्छ। सरकारले रकम विनियोजन गर्दा पनि दलित समुदायको शैक्षिक स्तरमा अपेक्षाकृत सुधार आउन सकेको छैन। केन्द्र र जिल्लामा छुट्याइने छात्रवृतिको रकमको सोधखोज नगर्दा कतिपय स्थानमा विद्यायल सञ्चालक समिति र प्राधानाध्यापक स्वंयले सो रकम दुरुपयोग गरेका सामाचार आइरहेका छन्। दलित बालबालिकालाई सरकारले छात्रवृत्तिका लागि वर्षेनी छुट्याएको रकम समुदायका बालबालिकाले पाइरहेका छैनन्। सरकारले अनुगमन गर्ने संयन्त्र निर्माण गर्नु आवश्यक देखिन्छ।

सप्तरी जिल्ला कुसहा गविसमा रहेको श्री मसिलाल जनता माध्यमिक विद्यालयका दलित विदार्थीलाई वितरण गर्न भनी छात्रवृतिको रकम दुरुपयोग भएको छ। आर्थिक वर्ष ०६३-६४ का लागि विद्यालयले १०७ जना दलित छात्र-छात्राको लागि भनेर निकासा गरेको रकम स्कुल संचाकल समिति र प्रअले दुरुपयोग गरे। स्कुलमा अध्ययनरत ३५ जना दलित छात्र-छात्रालाई मात्र रकम वितरण गरी अन्य रकम हिनामिना गरको स्थानिय दलित अधिकारकर्मी दिनेश पासवानले बताए। त्यहाँका स्थानीय व्यक्तिहरुले सो कुरा

जानकारी पाएपछि विद्यालयमा बुझ्न जाँदा विद्यालयका संचालक समिति र प्रधानाध्यापकले छात्रवृति वितरणको हिसाबसमेत देखाउन नचाहेको उनले जानकारी दिए।

तथ्यांक विभागले वर्तमान अवस्थामा नेपालको साक्षरता प्रतिशत ५३ दशमलव ७ देखाएको छ। हुनेखाने ब्राह्मण र क्षेत्रीको साक्षरता प्रतिशत ६७ दशमलव ५ रहेको छ। हुँदा खाने दलितहरुको साक्षरता भने ३३ दशमलव ८ प्रतिशत मात्र रहेको देखिन्छ। दलितभित्र पनि मधेसी दलितको साक्षरता २१ दशमलव १ प्रतिशत मात्र देखिन्छ। तथ्यांक हेर्दा दलितभित्र पनि मधेसी दलितको साक्षरता प्रतिशत निकै कम छ। उनीहरुलाई राज्यको संयन्त्रमा समावेशीकरण गर्न सरकारले छुट्टै शिक्षा नीति बनाउनुपर्दछ। शिक्षा नै देशको सम्पत्ति भएकाले राज्यले शिक्षा क्षेत्रमा लगानी गर्दा ग्रामीण क्षेत्रमा प्राथमिकता दिनुपर्दछ। दलित बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन सरकारले कार्यनीति बनाएर व्यवहारमा लागू गर्नुपर्दछ।

दलित समूदायका बालबालिकाका लागि सरकारले उच्च शिक्षासम्म नि:शूल्क शिक्षा र पाठ्यपुस्तकको व्यवस्था गरे मात्र दलित समूदायका बालबालिका शिक्षाको मूलधारमा आउने छन्। दलित समुदायका लागि सरकारले नयाँ नीति र जनचेतनाका कार्यक्रम ग्रामिण क्षेत्रमा लानु उसको दायित्व हो भन्ने कुरा बिर्सनुहुन्न।

**राजु पासवान**
काठमाण्डौ

---

# सानै छ भुन्टे तर , पिठ्यूमाथि भारी.....

गन्तब्य निकै टाढा छ पुग्न कति दिन लाग्छ थाहा छैन हुस्सु र तुषारोले ढाकिएको जीउ कठ्याङ्ग्रिने जाडो एक सातासम्म भारीले थिचिएर थिलथिले शरिर अझै, पैताला खियाउनु छ । आफूभन्दा भार वहन गर्दै मुहार र पिठ्यूँ रातो भैसकेको छ तैपनि हँसिलै देखिन्छन् । गायक जीवन शर्माको गीत जस्तै छ रसुवाका ग्रामिण भारी बोकेरै बालबालिकाको जीन्दगी बित्दै छ ।

रसुवा जिल्ला सदरमुकाम धुन्चे गाविस-२ ठाडेका १० वर्षीय सुरेस तामाङ स्थानीय सरस्वती प्रावि ठाडेमा कक्षा ४ मा अध्ययन गर्छन्। सुस्ताउदै एकपल्ट लाङटाङ हेर्दै हाँस्दै भने केहि दुख भएपनि रमाईलो ठाँउहरु हेर्न पनि कम्ती मजा हुन्न । यस्ता ठाँउहरु हेर्न बिदेशी पर्यटक नआइ दिए हामी कसरी लाङटाङ हेर्न आईपुग्थ्यौं र ? प्लाष्टिकको ठूलो बोत्तलमा झरनाको चिसो पानी भरेर भारीमा झुण्ड्याएका हुन्छन् जहाँ प्यास लाग्यो त्यहाँ पानी पिउदै हिड्छन् । बिद्यालय जाने उमेरका कलिलै अबस्था देखि पढ्न रहर हुँदाहुदै घरायसी दु:खले भारी खेप्नतिर लागियो अब त्यतै तिर रमाईलो साथीभाई मिलेर खायो, हिड्यो त्यसैमा रमाईलो हुन्छ यसरी भारी खेपेर पाँच बर्ष बिताएका रेप्पा तामाङ भन्छन्, "हिँउ, चर्को घाम, बर्षे झरी नभनी ३५/४० किलो गऱ्हुँगो भारी बोकेर आजसम्म चलेको छ, खानैका लागि भने पनि केही त गर्नै पऱ्यो नि ।"

असार साउनका बेला पर्यटक आउने मौसम होइन त्यसबेला उनीहरु पहिरोले अबरुद्ध पासाङ ल्हामु मार्गको सडकमा यात्रीका झोला खाद्यान्नका भारीहरु तार्न तल्लीन हुन्छन् । उनीहरु बस आएको परैबाट देख्नासाथ दौडेर तछाड माछाड गर्दै भारी खेप्न लागि आउछन् । पहिल्यै भारीको दर तोकेर मात्र समातेको भारी बोक्छन् भारी पहिरो तारेर ठाँडे पुऱ्याए पछि बसमा चढाएरमात्र पैसा लिएर फर्कन्छन् । राम्चे ,बिद्यालय खुल्ने समयमा पनि राम्चे , ग्राङ र ठाँडेका बालबालिकाहरु कमै मात्रामा बिद्यालय आउछन् । 'उनीहरु भारी खेप्नै ब्यस्त हुन्छन् अरुबेला पनि अभिभावकसँग गोठालो जान्छन्' स्थानीय ग्राङ प्राबिका शिक्षक नारद काफ्लेले बताए ।

अहिले पर्यटक घटे पनि मौसमका लागि र त्यहाँ बस्ने ब्यापारीका लागि खाद्यान्न ओसार्नु पऱ्यो । हिउँ परेको बेला होस कि चिसो बर्षे भरी उकाली आरालीमा कहिले गोसाँईकुण्ड त कहिले ब्रवलभीर, कहिले मुलखर्क पहिरो त कहिले लाङटाङ जादै ४० किलोको भारीले थिचिएको अवस्थामा भेटिने डाडागाउँका १२ बर्षीय कान्छा तामाङ भन्छन् "के गर्ने गरिबका कोखामा जन्म भए पछि दु:ख त परि गयो, तर दु:ख मान्दिन बाबु बाजेले पनि तिब्बतबाट नुनको भारी बोकेर गुजारा चलाए, हामी त आफ्नै देशमा घुम्नपनि पाईया छ ।" पर्यटक आउने मौसममा केहि समय पढाई छाडेर भारी बोक्ने उनी ५ कक्षामा पढ्छन् । सुरेस र कान्छाको मात्र होईन, यहाँका सयौं बालबालिकाको स्थिति यस्तै हो ।

कतिपयको परिवार पाल्ने बाध्यता रहे पनि कति भने सुशि नै दखिन्छन्, पकेट खर्च बनाउनका लागि महिनामा एक दुई पल्ट यसरी भारी बोकेर ट्रेकिङ्ग गर्नेहरु पनि छन् भने बिद्यालयको छुट्टिमा पनि पढाई खर्च जुटाउन भारि बोक्ने बालबालिकाहरु पनि यहाँ थुप्रै छन् । ग्राङकै कक्षा ४ का अर्का ११ बर्षीय रजमान तामाङले भने, आजभोली दैनिक ३ /४ सय जति कमाइन्छ, कापी कलम र बर्ष भरीको पाकेट खर्च पनि चलेको छ । सडक अबरुद्ध भने हाम्रो त अम्दानीको बाटो नै हट्छ ।" अरुजस्तै बिद्यालय गएरं पढ्ने , भविष्यमा नीति निमार्णका लहमा पुग्ने आफ्ना भित्री इच्छालाई दबाएरै भारी बोक्न बाध्य कलिला यी बालबालिकाको मुहारमा कसले ध्यान दिने ? बाध्यता जस्तै छ बाबु/आमा सँगसँगै गोठालो, होटलमा, गाडीमा काम गर्न अबरुद्ध पासाङ ल्हामु सडकमा भारी बोकेर पहिरो तार्न जस्ता जोखिमपूर्ण कामगर्न बाध्य बालबालिकाहरुको मुहारमा खुसी ल्याइदिने को ?

**हेमनाथ खतिवडा**
रसुवा

# बेपत्ता नागरिक परिवारको पीडा : छोरीलाई कसरी पढाउँ ?

मम्मी मम्मी हाम्रो बाबा खोई ? कता जानु भएको छ ? कहिले आउँनु हुन्छ ? अनि मलाई के ल्याइदिनु हुन्छ नी ? सात वर्षीया छोरी ममता भण्डारीले निरन्तर बाबुको खोजी गरी सोधिरहने प्रश्नले आमा आरती शर्मा अक्क न वक्क हुन्छिन्। उनीसँग छोरीले सोधेका मार्मिक प्रश्नहरुको जवाफ नै छैन्, भन्छिन- छोरीको उत्तर कसरी दिउँ उसको कुरा सुन्दा मलाइ नै मक्कानो छुट्ला जस्तो हुन्छ आफुलाई सम्हालु की छोरीलाई सम्झाउ अप्ठ्यारोमा पर्छु। यसरी छोरीले सोध्दा मैले बाबा इन्डिया जानु भएको छ, भोलिपर्सी आउनु हुन्छ भनि जवाफ दिने गरेकी थिए, उसले त्यही सम्झेर बाबाको खोजी गरिरहन्छे, उनी सुनाउँछिन्। "बच्चाहरु खेल्दाखेरी तेरो बाबा त कहिल्यैपनि आउँदैन भनि छोरीलाई जिस्काउँने र गाली गर्ने रहेछन् अनि छोरीले सोध्छे, मैलै ढाँटेरै सक्दिन्,उत्तर दिएरै साध्य छैन् एकोहोर सोधी रहन्छे म के उत्तर दिउँ?" उनले आँखा भरी आसु झार्दै भन्छिन्।

किचनास-६, खैरीकोट स्याङ्जा घर भई लेखनाथ नगरपालिका-१३ गगनगौडास्थित सुकुम्वासी टोलमा अस्थायी रुपमा बसोवास गर्दै आएका २७ वर्षीय टंकप्रसाद शर्मा भण्डारीलाई २०५८ माघ ९ गते तत्कालीन शाही नेपाली सेनाले सोही ठाँउको सुकुम्वासीटोलस्थित घरबाट विहान ७ बजे गिरफ्तार गरि लगेकोमा उनको अवस्था हालसम्म अज्ञात रहेको छ। माओवादीको आशंकामा निर्दोष सर्वसाधारण भण्डारीलाई फुलबारी ब्यारेकबाट क्याप्टेन उत्तम थापाको नेतृत्वमा ४/५ वटा गाडीमा गएका करिव डेढ दुई सय जना सेनाको टोलीले घरबाटै गिरफ्तार गरेका थिए। गिरफ्तार पछि गाडीमा राखेर लगिएकोमा उनी हालसम्म वेपत्ता छन्। सेनाले भण्डारीसँगै सोहीठाँउका सूर्य नेपाली,प्रकाश न्यौपाने, नारायण मल्ल,मनबहादुर पुन, प्रेम विक, टोपबहादुर थापा, पार्वती वाग्ले र कृष्ण गिरीलाई माओवादीको आशंकामा सोधपुछका लागि भन्दै गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका सवैलाई सोही दिन फुलवारी ब्यारेक पोखरा लगि एक दुई दिन पछि गर्दै विजयपुर ब्यारेक लगिएकोमा अरु सवैलाई सोधपुछ गर्दै विस्तारै छाडिएको थियो, तर टंक शर्मालाई फुलबारी ब्यारेकमै राखियो वा विजयपुर ब्यारेक ल्याइयो भन्ने बारेमा केही जानकारी नभएको सगै गिरफ्तार परेकाहरुले बताए। आफुहरु तीन दिन सम्म विजयपुर ब्यारेकमा रहदाँ कुटपिट गरी यातना दिई चिच्याइरहेको टंक शर्माको जस्तो आवाज सुनेको सँगै गिरफ्तार परेका सूर्य नेपाली र पार्वतीले वाग्लेले बताएपनि पछि कता लगियो र के गरियो भन्ने बारेमा अनभिज्ञता प्रकट गरे।

सुत्केरी भएको सात महिना मात्र भएको थियो ,सात महिनाकी दुधे छोरी ममता काखमा थिई सेनाको क्याप्टेन उत्तम थापाले घरबाट निकाल्ने वेला सोधपुछ गरेर पछि पठाउँछौ भनि कुटपिट गरी हात पछाडि बाँधेर आँखामा कालेपट्टी लगाई कुट्दै गाडीमा राखेर आफ्नै अगाडीबाट साथमा रहेका पतिलाई खोसेर लगेको घटना आरतीसँग ताजै छ। पतिलाई गिरफ्तार गरेको एक हप्ता वितिसक्दासमेत आउने पत्तो नभएपछि विजयपुर ब्यारेकमा सोधपुछका लागि आफु पुगेको र त्यहाँका हाकिम शिवकुमार श्रेष्ठसँग भेट भई सोधखोज गर्दा हाकिमले मान्छे चिनाउन लगेको छ, अहिले भेटहुन सक्दैन भनि गालि गलौज गरी भोलि फोन गर् भनेर पठाएको उनी बताउँछिन्। भोलिपल्ट विजयपुर ब्यारेकमा फोन गरी सोध्दाँ शिवकुमार हाकिम छैन भनि फोन राख्ने गरे, तर सोधखोज जारी राखेपछि विजयपुर ब्यारेकका क्याप्टेन रक्षा केसीले निवेदन दिन लगाए र ०६२ पुस ९ गते विजयपुर ब्यारेकमा उनले निवेदन दिइन्। पछि पनि पटक पटक ब्यारेकमा भेट गर्न र के भैरहेको छ भनि सोध्न जाँदा हुदैछ भन्ने टार्ने मात्र काम भयो तर कुनै सुनुवाई भएन, उनले भनिन् "उहाँलाई सेनाले विजयपुर ब्यारेकबाटै वेपत्ता बनाएको हो।"

आरती अहिले माइतीमा नै सानो किराना पसल चलाएर बसेकी छन्। ग्रामिण वैकबाट पन्ध्र हजार रूपैया ऋण लिएर शुरु गरेको पसल अहिले राम्रै चलेको छ र त्यसमा आइसीआरसीले पाँच हजार रूपैयाको सामान थप सहयोग गरेको छ। पसलवाट आउने सामान्य कमाइले छोरीको पढाई र आफ्नो दैनिक खर्च चलाएको ताउँछिन् उनी। अहिले तँ छोरी सानै छ भर्खर स्कूल जाँदै गरेकी छ उसलाई कसरी पढाउँने हो यसैको चिन्तामा छु, आरती भन्छिन् "कसैले दया गरेर पठनपाठनको व्यवस्था मिलाईदिए हुन्थ्यो।"

यसैवीच बामनप्रसादको वेपत्ता नागरिक सार्वजनिक प्रतिवेदनले टंकप्रसाद भन्डारीलाई स्याङजा जिल्लाको भालुपहाड र नौडाडा वीचमा भिडन्तमा परी मृत्यु भएको नेपाली सेना कार्यरथी विभाग (मानवअधिकार)को २०६३।१।५ को च न १६५ को पत्रमार्फत जनाएको भनिएता पनि उनको लाश वा कुनै पुष्टि हुने आधिकारिक पत्र उनलाई पुगेको छैन्। परिवारलाई राज्यबाट क्षतिपूर्ति उपलब्ध पनि गराइएको छैन्। उनको राज्य, मानवअधिकारकर्मी र प्रशासनसमक्ष एक मात्र आग्रह छ- "तथ्य कुरा पत्ता लगाई सार्वजनिक गरी दोषीलाई कडा कारबाही गरियोस्।"

**टंकप्रसाद खनाल**
कास्की

# मानवअधिकार सामान्यज्ञान

(१) मानवअधिकारको घोषणापत्रको मस्यौदा तयार गर्न मुख्य योगदान कसकसको रहेको थियो ?

(२) मानवअधिकारको विश्वव्यापी घोषणपत्र कसकसमा लागु हुन्छ ?

(३) अन्तराष्ट्रिय विल अफ हयूमन राइट्स भनेको के हो ?

(४) संयुक्त राष्टसंघको कुन परिषदले के को आधारमा मानवअधिकार आयोगका सदस्य राष्ट्रहरुको छनौट गर्दछ ?

(५) संयुक्त राष्ट्रसंघको कुन मुख्य समितिले मानवअधिकारका धेरै विषयहरु हेर्ने गर्दछ ?

(६) संयुक्त राष्ट्रसंघको कुन कार्यालय दैनिक रुपमा मानवअधिकारको प्रश्न प्रति उत्तरदायी छ ?

(७) संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय कहिले स्थापना भएको हो र त्याहां कतिजना आयुक्तहरु रहिसकेका छन् ?

(८) संयुक्त राष्ट्रसंघद्धारा मानवअधिकार सम्बन्धमा कतिवटा विश्व सम्मेलनहरु सम्पन्न भए ?

(९) मानवअधिकार स्थलगत कार्यालयको भूमिका के हो ?

(१०) मानवअधिकार सम्बन्धी कुन अंगले मानवअधिकार उल्लंघनका घटनाहरु सुन्ने गर्दछ ?

११. पहिलो मानवअधिकार उच्चआयुक्त को थिए ?

१२. कार्यविधि १५०३ भनेको के हो ?

१३. विशेष समाधिक्ष के हो र त्यसले के गर्दछ ?

१४. के पीडित पक्षले संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयमा सिधै सम्पर्क गर्न सक्छ ?

१५. कुन संयुक्त राष्ट्रसंघीय मानवअधिकार सन्धि सम्झौता सबैभन्दा बढी देशहरुद्धारा अनुमोदन गरिएको छ ?

१६. मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा कतिमा हरेक मानिस तथा वालावलिकाहरुले विना भेदभाव र अनिवार्य प्राथमिक शिक्षा पाउनुपर्ने मान्यतालाई समावेश गरेको छ ?

१७. सबैका लागि शिक्षा सम्बन्धी डकार सम्मेलन कहिले भएको थियो ?

१८. कार सम्मेलनमा कतिवटा राष्ट्रका प्रतिनिधिहरुले भाग लिएका थिए ?

१९. डकार सम्मेलनमा भएको सबैका लागि शिक्षाका प्रस्तावकहरुको को को थिए ?

२०. नेपालको सन्दर्भमा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनालाई तत्कालीन मन्त्रिपषिदले कहिले अनुमोदन गरेको थियो ?

## उत्तर

१. इलिनोर रुजवेल्ट (अमेरिका), रेन क्यासिन(फ्रान्स),चार्ल्स मल्लिक(लेवनान),पेङ्ग चुन चुङ्ग (चिन)हर्नन सान्टा कुज,( चिली),अलेक्जेण्डर बोगोमोलो र अलेक्सी प्याभलोभ(रुसी महासंघ),लर्ड डुकेस्टन र जियाफे विल्सन(संयुक्त अधिराज्य, विलियम हर्डसन(अस्ट्रेलिया), जोन हम्फे (क्यानाडा)

२. प्रत्येक व्यक्ति,लिंग,जाती,धर्म अथवा सांस्कृतिक पृष्ठभूमिलाई।

३. मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार समबन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र )।

४. आर्थिक तथा सामाजिक परिषद, भौगालिक क्षेत्रअनुसार।

५. तेस्रो समिति (सामाजिक,मानवीय र सांस्कृतिक)।

६. मानवअधिकार उच्चआयुक्तको कार्यालय जेनेभा , औपचारिक रुपमा मानवअधिकार केन्द्रको रुपमा।

७. १९९३ मा, दुईजना आयुक्तहरु रहिसकेका छन्।

८. दुईवटा भए। सन् १९६८ को अप्रील २२ - मे १३ सम्म इरानको तेहरानमा र सन् १९९३ को जुन १४-२५ सम्म अष्ट्रियाको भियानामा।

९. मानवअधिकारको सम्वर्द्धन र प्रवर्द्धनका लागि राष्ट्रिय संस्थाहरुको लागि सहयोग गर्नु र मानवअधिकार सूचनाको लागि अन्य क्रियाकलापहरु संचालन गर्ने ?

१०. मानवअधिकार समितिले।

११. जोस आयला लासो (इक्विडरक)।

१२. कार्यविधि १५०३ त्यो हो जसले कुनै व्यक्ति वा कुनै समुहको व्यक्तिलाई मानवअधिकारको उलंघनको जानकारी संयुक्त राष्ट्रसंघलाई गराउन अनुमति दिन्छ।

१३. मानवअधिकार आयोगद्धारा नियुक्त विषेश प्रतिनिधीहरु हुन् जसले विभिन्न अन्तंराष्ट्रिय मानवअधिकार औजारहरुको सहायतावाट मानवअधिकार स्थिति र कानूनको पालना भए नभएको जांच्ने,अनुगमन गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने काम गर्दछन्।

१४. हो सकिन्छ, मानवअधिकार उल्लंघनका पीडितहरु,तिनका आफन्तहरु,गैरसरकारी सँगठनहरुद्धारा २४ सैं घण्टा फ्याक्स, हटलाइन(४१-२२-९१७००९२) को माध्यमवाट पनि उजुरी गर्न सकिन्छ।

१५. वालअधिकार महासन्धी।

१६. धारा २६ मा।

१७. सन् २००० मा।

१८. १६४ वटा राष्ट्र।

१९. युनस्को,युनिसेफ,युएनडिपी.र विश्व वैंक ।

२०. २०६० साल साउन ८ गते।

***प्रस्तोता : शिव खकुरेल***

# बैतडीका विभिन्न गाविसहरूमा दलितमाथि भएका जातीय भेदभाव तथा कुटपिटका घटनाको स्थलगत अध्ययन प्रतिवेदन

**घटना विवरण**

बैतडी जिल्लामा विभिन्न धर्म संस्कृति अवलम्वन गर्ने जातजातिहरूको बसाइ रहेको छ। हिन्दू धर्मावलम्वीहरूको बाहुल्यता रहेको यस जिल्लाका मन्दिरहरूमा स्थानीय बासीन्दा, छिमेकी जिल्लालगायत भारतबाट समेत आफ्नो मनोकांक्षा पूरा हुने विश्वासमा दर्शन गर्न तथा भाकल स्वरुप बोका र राँगाको बलि दिने गरेको पाइन्छ।

०६४ कात्तिक २, ३ र ४ गते क्रमश: देहीमाण्डौ, उदयदेव र पाटन गाविसस्थित मन्दिरहरूमा बलि दिइएका राँगाको मासु दलित समूदायले मात्रै खाँदा जातीय विभेद भएको महसुस गरी दलितहरूले राँगाको मासु बहिष्कार गरेपछि विवाद शुरु भयो। यसै विषयलाई लिएर कथित उपल्लो जातिका केहि व्यक्तिहरूले केहि दलितहरूलाई दुर्व्यवहार, कुटपिट तथा मन्दिर परिसरमा दलितहरूले थापेका अस्थाई पसलहरूमा लुटपाट गर्नुको साथै क्षतिसमेत पुऱ्याएका थिए। सो घटनाको मानवअधिकार सन्धी अनुगमन समन्वय समितिले ०६४ कात्तिक १५ देखि २३ गतेसम्मको अवधिमा स्थलगत अनुगमन गरेको थियो।

**निष्कर्ष तथा सुझाव**

जातीयताको विषयलाई लिएर दलितहरूमाथि गरिएको कुटपिट, धम्की तथा दलितहरूको पसलमा लुटपाट र क्षति पुऱ्याईएको यो घटनालाई जातीय विभेदकै कारण भएको ठहर यस अध्ययन टोलीको रहेको छ। एक्काइसौं शताव्दीमा आएर परम्पराको नाउँमा कुनै एक जातिले अन्य जातिमाथि गरेको अन्यायको मानवअधिकार सन्धि अनुगमन समन्वय समिति घोर विरोध गर्दछ र यस्ता समाज विरोधी गतिविधिमा सलंन सबैलाई यथाशीघ्र कारवाही गर्नका साथै राज्यको तर्फवाट पीडितकरुको अधिकारको सम्मान गर्न तथा गराउनका निम्ति आम जनसमूदायलाई अनुरोध गर्न पनि हार्दिक अपिल गर्दछ।

१. सरकारले यो मुद्दालाई जातीय विभेदको मुद्दाको रुपमा लिइ पीडितलाई तत्काल औषधी उपचार, उचित क्षतिपूर्ति तथा पीडकलाई कानुनी कारबाही गर्नु पर्दछ।

२. आगामी पर्वहरूमा पनि यस प्रकारका घटनाहरू दोहरिने सम्भावना भएको तथा मेलामा आउने श्रद्धालु भक्तजन तथा स्थानीय बासिन्दाहरूको सहभागितालाई ध्यानमा राख्दै शान्ति सुरक्षाका लागि सरोकारवाला निकायसंग समन्वय गरी र थप प्रहरी बलको व्यवस्था गरी प्रशासनले शान्ति सुरक्षाको व्यवस्था सुनिश्चित गर्नु पर्ने देखिन्छ।

३. पर्वको बेलामा हजारौको संख्यामा मानिसहरूको घुइचो लाग्ने भएको हुनाले मेलालाई व्यवस्थितरुपमा संचालन गर्नका लागि मेला व्यवस्थापन समिति तथा मन्दिर व्यवस्थापन समितिको समानुपातिक रुपमा गठन वा पुर्नगठन गर्नुपर्दछ।

४. क्षेत्रहरूमा बलि दिने प्रथालाई नै सकभर रोक लगाउने प्रयास गरिनु पर्दर्छ। दिनु परेमा दिईएका राँगाको व्यवस्थापनको जिम्मा स्वंय बलि दिन ल्याउने व्यक्तिलाईनै बनाउने व्यवस्था प्रशासनको प्रत्यक्ष निर्देशनमा मन्दिर व्यवस्थापन तथा मेला व्यवस्थापन समितिको तर्फबाट गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ। तर मन्दिर परिसरलाई राँगा गाड्ने थलो बलाउन उचीत हुदैन।

५. बलि दिँदा विभत्स एवंम क्रूर तरिकाले रांगालाई मार्ने गरिएको पाइएको छ। यस प्रक्रियालाई स्थानीय प्रशासन, मन्दिर तथा मेला व्यवस्थापन समितिको पहलमा पुनरावलोकन गरी समयसापेक्ष विधिहरूलाई अवलम्वन गरिनु पर्दछ।

६. मेला अवधिभन्दा दुई हप्ता पहिलेदेखि नै प्रशासनको निर्देशनमा मेला व्यवस्थापन समिति तथा स्थानीय सरोकारवालाहरूको समन्वयमा मेला तथा मन्दिर परिसर क्षेत्रलाई मदिरा निषेधित क्षेत्र घोषणा गरी प्रचार प्रसार र कडाईका लागु गर्नुको साथ साथै अनुगमन पनि गर्नु पर्दछ।

७. स्थानीय प्रशासन, प्रहरी, गैरसरकारी संघसंस्थाहरू र स्थानीय समूहहरूले मानवअधिकारलगायत जातीय विभेद तथा छुवाछुटका बारेमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनु आवश्यकता रहेको छ।

८. यस प्रकारका घटनाहरू हुन नदिन तथा समाधानको लागि राजनीतिक दलहरू थप कृयाशील भई सर्वदलीय बैठकबाट ठोस निष्कर्षमा पुग्नु जरुरी देखिएको छ ।

९. कुनैपनि राजनीतिक दल तथा संधसंस्थाले सामाजिक रुपान्तरका निम्ती चालिने अभियानका लागि शान्तिपूर्ण तवरले सर्वपक्षीय समन्वयमा व्यापक छलफल तथा अन्तरक्रियाका साथै प्रचार-प्रसार मार्फत सरोकारवालाहरूलाई समयमै सुसूचित पार्न आवश्यक देखिन्छ।

१०. सरकारले अवलम्बन गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन एवम् सन्धि सम्झौताहरूमा भएका व्यबस्थाहरू, मानवअधिकार, दलित अधिकार आदिका बारेमा सर्वसाधारण जनतालाई जानकारी गराउनकालागि सरकार तथा स्थानिय गैरसरकारी संध संस्थाहरूले विशेष कार्यक्रम संचालन गर्नु पर्ने।

११. यो समस्याको समाधानका लागि तत्काल सर्वपक्षीय भेलाको आयोजना गरी छलफल तथा अन्तरक्रिया गरि समाधान गरिनु पर्दछ। आगामी दिनहरूमा यस्ता घटनाप्रति कस्तो किसिमको पहल गर्नु पर्ने हो त्यसका लागि समेत साझा अवधारणा सार्वजनिक गर्नु पर्दछ।

१२. नेपालको अन्तरिम संविधान, २०६३ ले समेत छुवाछुत तथा जातीय भेदभाव निषेध गरिएको हुँदा हुँदै पनि यस प्रकारका विभेदहरू भईरहेकोमा उच्च स्तरीय तथा अधिकार सम्पन्न छानविन समितिको गठन गरी उक्त समिति मार्फत यस घटनाको निष्पक्ष छानविन गरिनु पर्ने।

१३. बैतडी जिल्लाको दशरथचन्द नगरपालिका गायत विभिन्न क्षेत्रमा राखिएका जातीय विभेद र छुवाछुत सम्बन्धि सन्देश मूलक सूचनापाटीहरू मन्दिर परिसरहरूमा पनि राखिनु पर्दछ।

# गुणस्तरीय शिक्षा र शिक्षाको अधिकार

## पूर्वाञ्चल

**सत्यनारायण मेहता**
**उपाध्यक्ष**
**नेपाल शिक्षक युनियन, सुनसरी**

मानव जीवन विकासको लागि शिक्षा अनिवार्य र नैसर्गिक अधिकार हो। शिक्षा क्षेत्रमा पछि परेका वर्ग, जाति तथा समूह वा समूदाय राष्ट्रको मूलप्रवाहमा समाहित हुन् मुस्किल पर्छ। कुनै पनि राष्ट्रको मूलकानून संविधान हुने भएकोले संविधान नै सबै नागरिकको निश्चित तह सम्मको शिक्षा निःशुल्क पाउन सक्ने ग्यारेन्टी गरिएमा नेपाली नागरिकलाई शिक्षाको अधिकारको प्रत्याभूति हुन सक्दछ। साथै एक्काइसौं शताब्दी सुहाउँदो प्रविधिक शिक्षालगायत हालसम्म पछि परेका समूदायलाई विशेष प्राथमिकता क्रममा राखिनु पर्दछ। विभेदकारी शिक्षा नितिलाई समाप्तगरी समय सुहाउँदो वैज्ञानिक शिक्षा निति अपनाई सर्वसुलभ पारदर्शी तरिकाले समान अवसर र पिछडिएका वर्गलाई आरक्षणको व्यवस्था गरी शिक्षामा समान पहुँच कायम गर्न सकिन्छ।

**उमेसकुमार डाँगी**
**अध्यक्ष**
**नेपाल शिक्षक यूनियन, संखुवासभा**

शिक्षा व्यवहारिक प्राविधिक, व्यवसायिक तथा सीपमुलक हुनुपर्दछ। शिक्षा प्राप्त गरेका व्यक्तिले आजको जस्तो वेरोजगार वस्न नपर्ने किसिमको भएमा शिक्षाको सबैले खोजी गर्न थाल्दछन्। यो मेरो हो भन्ने भावना जाग्न थाल्दछ। शिक्षाको आर्थिक दायित्व सरकारले नै लिनुपर्दछ। गरिव जनतालाई आर्थिक दायित्व जिम्मा लगाईयो भने शिक्षा लिनबाट जनता तर्सेर भाग्दछन्। शिक्षालाई मौलिक अधिकारको रुपमा परिवर्तन गर्ने नीति लिनुपर्दछ। शिक्षा सर्वशुभ र गुणस्तरीय हुनुपर्दछ। शिक्षा सवै स्तरका जनताले प्राप्त गर्न सकेका छन् वा छैनन्, त्यसले नै शिक्षा सर्वसुलभ भए नभएको पुष्टि गर्दछ। यदि सर्वसुलभ शिक्षा भएमा कोही पनि विद्यालय शिक्षा प्रात्त गर्ने उमेरका बालबालिकाहरु गोठाला खेताला भएर वस्ने र युवाहरु विदेशिने कार्यबाट अलग रही शिक्षा प्राप्त गरिरहेका हुनेछन्। शिक्षा प्राप्त गरेका व्यक्तिहरु आफुले सिकेका ज्ञान सीप प्रयोग गरी आफ्नै खुट्टामा आफै उभिन सकिरहेका छैनन्। वा शिक्षित बेरोजगार भएर जागिरको खोजीमा छन्।

**तुलाराम गुरुङ**
**प्राचार्य, सत्यनारायण उच्च मावि,**
**विराटनगर, मोरङ**

शिक्षाको अधिकारको प्रत्याभूति संविधान एवं कानूनमा स्पष्ट गरिनु पर्दछ। संविधान, कानूनमा मात्र लेखेर होइन व्यवहारमा लागू हुने गरी कार्यक्रमसहित आउनु पर्दछ। शिक्षा जन्मसिद्ध अधिकारको रुपमा परिभाषित गरी एउटा निश्चित तहसम्म सर्वसुलभ, अनिवार्य शिक्षाको व्यवस्था गरिनु पर्दछ। नेपालको साक्षरता ५६ प्रतिशत र विद्यालययोग्य उमेर ८१ प्रतिशत बालबालिकाहरुको शिक्षामा पहुँच पुगेको तथ्याङ्कबाट देखिन्छ। परिमाणात्मक शिक्षाले सर्वसुलभता र गुणात्मक शिक्षाले गुणस्तरीयतातर्फ संकेत गर्दछ। उपरोक्त परिपेक्षमा नै सर्वसुलभ शिक्षा र गुणस्तरीय शिक्षाका मापदण्डहरु निर्धारित हुन्छन्। तथापि, नेपालको सन्दर्भमा अलि भिन्न चित्र देखापर्दछ। सर्वसुलभ शिक्षातर्फ जोड गर्दा शिक्षाको गुणस्तरीयता मागेको र गुणस्तरीय शिक्षातर्फ जोड गर्दा शिक्षा सर्वसुलभ हुन नसकेको - सुविधाविहीन वर्ग- महिला, जनजाति, मधेसी तथा निरपेक्ष गरिवीको रेखामुनी रहेका समूह र दुर्गम भेगका मानिसहरु तथा तिनका बालबालिकाहरु शिक्षाको उज्यालो घामबाट अझै वञ्चित छन्। वस्तुत सर्वसुलभ शिक्षाको मापदण्ड भनेको सशप्रतिशत विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय जान पाउने अवस्था हो। सवै वर्ग , क्षेत्र , लिङ्ग, समूहका व्यक्तिहरू शिक्षाको अवसरबाट छुट्नु हुँदैन।

**सविता शर्मा**
**प्राध्यापक**
**धनकुटा वहुमूखी क्याम्पस, धनकुटा**

सबै नागरिकहरुको शिक्षा हरेक क्षेत्रमा समान पहुँचको आधार भित्र प्रथमत : संवैधानिक तथा कानूनी सुनिष्चितता नै देखा पर्दछ। त्यसपछि जनचेतना ,समाज का विभिन्न रचनात्मक संघ संस्थाहरु कानूनी प्रशासनिक निकायआदिको सक्षम ,असक्षम ,ठूला साना जस्ता विभेद विहिन व्यवहार ले नै सकारात्मक भूमिका निर्वाह गर्न सक्दछन।समान कानून , अधिकारमूखि जनचेतना , संस्थागत वा सँगठनात्मक व्यवस्थाले नै सबै नागरिकलाई नजिक पुऱ्याउन सक्ने आधारहरु हुन । सर्वसुलभ र गुणस्तरीय शिक्षाको समायोचित भागलाई मूल उद्देश्य भित्र ,दिशा निर्देशन भित्र र वास्तविक लक्ष्य परिपूर्तिका लागि पाठ्यक्रम पाठ्यपुस्तक अध्ययन प्रणाली, परिक्षा प्रणाली जस्ता परम्परागत संरचना मा परिवर्तन गर्दै समावेशी मूलक वनाउनु पर्ने देखिन्छ। शिक्षाको आधारहरु वजेट शिक्षक जनता आदीमा समन्वयात्मक दायित्व को व्यवस्थामा सिर्जना गर्नु पर्दछ।

**भैरवप्रसाद गेलाल**
**शिक्षक, जनता नमूना उच्च मा.वि.**
**असनपुर गोलबजार, सिरहा**

शिक्षाको क्षेत्र ब्यापक बन्दै गईरहेको र निम्नस्तरको चेतना प्रवाहले बर्तमान सन्दर्भमा मानवीय ब्यवहारहरु सफलतापूर्वक सञ्चालन हुन नसक्ने बर्तमान अवस्थामा गाँस, वास, कपास र स्वास्थ्य जत्तिकै शिक्षा पनि मानवका लागि आधारभूत आवश्यकता बनेको छ। नागरिकका आधारभूत आवश्यकताहरुको पूर्ण प्रत्याभूति गर्नु हरेक राज्यको दायित्व हुने भएकोले वर्तमान सन्दर्भमा नागरिकको शिक्षाको अधिकारलाई सु-निश्चित गर्न राज्यले सवैकालागि शिक्षा भन्ने नाराका साथ प्रभावकारी कार्यकम तर्जुमा गर्नु जरुरी छ। राज्यले नागरिकलाई सर्वसुलभ र गुणस्तरीय शिक्षा दिन त्यसको आर्थिक ब्यवस्थापनको दायित्व बहन गर्नु पर्दछ। जनसंख्याको आधारमा बिद्यालय तथा दक्ष शिक्षकको ब्यवस्थापन गर्नु र भौगोलिक बिकटतालाई समेत ध्यानमा राखि बिद्यालयको पर्याप्त ब्यवस्था गर्नुपर्दछ। बिद्यालयको भौतिक पूर्वाधार ब्यबस्थापनमा राज्यले उचित ध्यान पुऱ्याउनु पर्दछ। शिक्षालाई समयसापेक्ष सीपमूलक, अधिकारमुखि बनाउँदै शिक्षाप्रति जनचासो बढाउनु पर्दछ।

**प्रस्तुतिः लीलाप्रसाद श्रेष्ठ / दीपेन नेउपाने /देवराज पोखरेल /सुकदेव चौधरी/ गीता अधिकारी**

## मध्यमाञ्चल

**बावुराम अधिकारी**
**महासचिव, नेपाल राष्ट्रिय शिक्षक संगठन**

शिक्षा सवैको पहुँचभित्र पर्नु जरुरी छ र त्यसका लागि शिक्षा निशुल्क मात्र नभई अनिवार्य पनि बनाइनु पर्दछ। कम्तीमा पनि आधारभुत तथा प्राथमिक शिक्षा अहिलेको परिवेशमा अनिवार्य छ। शिक्षा, स्वास्थ्यलगायतका आधारभुत कुराहरु राज्यको दायित्व भित्र पर्दछ। यसमा कतिपय विदेशका मोडेलहरु पनि छन्। विदेशका कतिपय ठाउँहरुमा शिक्षा नि:शुल्क छ। उच्च शिक्षा पनि नि:शुल्क छ। सर्वसुलभ शिक्षा हामीले के अर्थमा भनिरहेका छौं भने अब सर्वसुलभ र गुणस्तरीय शिक्षाको बढी नै व्याख्या गर्न जरुरी देखिन्छ। सर्वसुलभ भन्दा पनि हामीले सर्वसुलभ शिक्षाको मापदण्ड बनाउन सवैले त्यो ग्रहण गर्न सक्ने हुनुपऱ्यो। त्यो नै सर्वसुलभ शिक्षा हो। अहिले सामुदायिक तहको शिक्षा सर्वसुलभ नै छ भन्नुपर्छ। तैपनि माध्यमिक तहको शिक्षा त्यस्तो छैन। त्यसलाई पनि सर्वसुलभ भन्दा पनि निशुल्क गरिनुपर्दछ। बर्षौदेखि शिक्षकहरु अस्थायी रुपमा कार्यरत रहँदा उनीहरुको मानसिकतामा अलिकति आँच आइरहेको छ। शिक्षामा करिव १२-१३ हजार शिक्षक अस्थायी रुपमा कार्यरत छन्। एउटा प्रकृया पुऱ्याएर उनीहरुलाई स्थायी गरिनु पर्दछ। द्वन्द्वको क्रममा यदि राज्यको उपस्थिति कतै थियो भन्दा शिक्षकहरुको उपस्थिति बुझ्नुपर्छ। बिगतमा द्वन्द्वको क्रममा १८४ जना शिक्षकहरु मारिएका छन्। अफठ्यारो, असजिलो, अमिल्दो वातावरण हुँदाहुँदै पनि उनीहरुले काम गर्दै आएका छन्। सबैतिरको वातावरण गुणस्तरीय हुनुपर्दछ। लगानीसमेत शिक्षा क्षेत्रमा गुणस्तरीय हुनुपर्दछ। त्यसो भए मात्र शिक्षाका मापदण्डहरु गुणस्तरीय हुन सक्दछन्। गुणस्तरीय पठनपाठन, शिक्षामा गुणस्तरीय लगानी यी सवै कुराहरुको परिपुर्तिबाट मात्र गुणस्तरीय शिक्षाको परिकल्पना गर्न सकिन्छ।

**सुप्रभात भण्डारी**
**अध्यक्ष, नेपाल अभिभावक संघ**

शिक्षाको अधिकारको प्रत्याभूतिका लागि अन्तरिम संविधानमा "सवैका लागि नि:शुल्क शिक्षा" को प्रावधान भएपनि त्यो अझै अस्पष्ट छ। कानून बनाएर मात्र गर्ने भनिएको छ। जुन कुरा अन्तरिम संविधान लागु भएको महिनौं भइसकेको अवस्था छ तर कुनै पनि अभ्यास नभइरहेको अवस्था छ। त्यसकारण त्यो प्रत्याभूतिका लागि पहिला सवैका लागि प्रतिस्पर्धात्मक शिक्षाको अवसरको ग्यारेन्टी संविधानत: हुनु जरुरी छ र त्यो नि:शुल्क हुनुपर्दछ। गुणस्तरीयता र सर्वसुलभताबीच अनावश्यक सम्बन्ध हुन्छ। गुणस्तरीयताको विभेदको अन्त्य गरिसकेपछि मात्र सर्वसुलभता र गुणस्तरीयता हुन्छ। किनभने सरकारी स्कुलमा पढ्नेको गुणस्तरीयता नै छैन भन्ने मानसिकता छ। यो सामाजिक मानोविज्ञानको अन्त्य हुनु जरुरी छ। निश्चित तहको अध्ययन गरि सकेपछि उसले सोही अनुसारको काम पाउनु पऱ्यो। त्यसलाई गुणस्तरियता भनिदो रहेछ। विदेशमा जाँदा समान रुपले बुझ्नु पऱ्यो भने त्यसलाई गुणस्तरीयता भन्ने गरिन्छ। तर हामीले गुणस्तरीयता भन्दा खेरी राम्रो लवधाङ्क पत्र गर्ने, राम्रो मार्कसिट ल्याउनेलाई मात्र गुणस्तरीयता भन्ने गरेको पाइन्छ। तर त्यो गुणस्तरीयताको परिभाषा हैन। यो आफैमा नेपाली समाजका लागि ठीक छैन। जुन तहमा पाएको डिग्री छ सोही डिग्रीको आधारमा बजारमा काम पाउन सक्नु, रोजगारी पाउन सक्नु , त्यसलाई समान स्तरमा अन्य देशहरुले पनि चिन्न सक्नु नै गुणस्तरीय शिक्षा हो।

**बाबुकाजी श्रेष्ठ,**
**जिल्ला शिक्षा अधिकारी, ललितपुर**

शिक्षा अधिकार हो भन्ने प्रत्याभुतिको लागि बालबालिकाको शैक्षिक अधिकारको बारेमा अभिभावहरुलाई जानकारी दिनुपर्छ। आफ्ना छोरोछोरीले पढ्न पाउनुपर्छ भन्ने भावना अभिभावकमा विकास हुनुपर्छ। नियमित रुपमा बालबालिकालाई स्कुलमा पढाउन पठाउने वातावरण सृजना भयो भने शिक्षाको अधिकारको प्रत्याभुति हुन्छ। शिक्षाको गुणस्तर बजारले निर्भर गर्छ। शैक्षिक संस्थाको आधारमा बजारले कुन विद्यार्थी राम्रो छ भनी छनौट गर्न पाउनुपर्छ। त्यसको आधारमा गुणस्तर निर्भर हुन्छ। विद्यार्थीले आफ्नो योग्यता र क्षमता अनुसार प्रयाप्त साधन स्रोतमा शिक्षा हासिल गर्न पायो भने र त्यसलाई व्यवहारमा प्रयोग गर्न सक्यो भने मात्रै गुणस्तरीयता निर्धारण हुन्छ। अन्यथा बोल्ने एउटा गर्ने अर्को भयो भने गुणस्तरीयता हुदैन। ललितपुरमा ७२ प्रतिशत भन्दा वढि

साक्षरता छ। यसका अलावा ज्यादै दुर्गम गाविसहरु यस जिल्लामा रहेको हुँदा त्यस भेकका विद्यालयहरुमा प्रयाप्त सेवा र सुविधाहरु पुर्‍याउन सकिएको छैन। शिक्षकहरु लगनशील भएमा, जावाफदेही प्रधानाध्यापक र व्यवस्थापन समिति भएमा, अभिभावकहरु सचेत भएमा र विद्यार्थीहरु स्वंयम् लगनशील भएमा शैक्षिक स्थिति सुधार भएर जाने देखिन्छ।

**नवराज महत,**
**उपाध्यक्ष, प्याब्सन, ललितपुर**

शिक्षा सबैकालागि हुनुपर्छ भन्ने मान्यता छ। शिक्षा हुने खानेको लागि भन्दा पनि हुदाँ खानेको लागि हुनपर्छ। सबै तहका बालबालिकाले सहज ढंगले शिक्षालाई आफ्नो पहुँचमा पार्नुपर्ने वातावरण तयार गरिनुपर्छ जुन हाल भएको छैन। अहिले शिक्षा परिक्षामुखी र रोजगारमुखी भएको पाइन्छ। प्राविधिक ढंगले कुनैपनि व्यक्तिले यति पास गरेपछि उसको यो हदसम्म सीप, क्षमता र दक्षता अभिवृद्धि हुन्छ भन्ने भन्दा पनि परिक्षामा राम्रो अंक ल्याउने र जागीर खाने शिक्षा रहेको छ। समग्रमा यसलाई परिवर्तन गरी रोजगारमुलक, सीपमुलक, पूर्णरुपमा व्यवसायिक र क्षमता अभिवृद्धि गर्ने खालको शिक्षा हुनुपर्छ भन्ने मेरो मान्यता हो। यसप्रकारको शैक्षिक नीति र प्रणाली देखिएको छैन। नयाँ नेपाल बनाउनको लागि नयाँ शिक्षा नीति ल्याउनुपर्छ।

**श्रीकृष्ण वेंजु**
**संयोजक**
**जिल्ला शिक्षा कार्यालय, गुणस्तरीय शिक्षा कार्यक्रम, काभ्रे**

वर्तमान सन्दर्भमा शिक्षाको अधिकार प्रत्याभूतिका लागि पहिलो विषय विकेन्द्रित नीति अपनाई सबैलाई शिक्षामा पहुँच पुर्‍याउन आवश्यक छ। शिक्षण सिकाइलाई बालकेन्द्रित बनाउनुपर्छ। सबै शिक्षकलाई आधारभूत तालिमको व्यवस्था गरिनुपर्दछ। शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक संघ-संगठनका पदाधिकारीहरूलाई जीवनपयोगी सीपसम्बन्धी जानकारी दिई विद्यार्थीलाई जीवनपयोगि सीप सिकाउन जरूरी छ।

शिक्षामा सबै नागरिकको समान पहुँचका लागि शिक्षाका मुद्दाहरूलाई सार्वजनिक गर्दै शिक्षासम्बन्धी जनचेतना जगाउदै शिक्षा र आय आर्जनलाई समानान्तर रुपमा लानुपर्छ। सर्भसुलभ र गुणस्तरीय शिक्षाका लागि पहिलो सर्त शिक्षामा सबैको पहुँच हुनुपर्छ। बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया, शिक्षामा जीवनपयोगि सीप शिक्षा र प्राप्त शिक्षाको व्यवहारमा कार्यान्वियनको स्तर मापन हुनुपर्छ।

**प्रस्तुती :- राजु पासवान / गोपीकृष्ण भट्टराई /भोजराज तिमिल्सिना**

## पश्चिमाञ्चल

**भद्रकाली लामिछाने**
**प्रधानाध्यापक, श्री ताल बाराही उच्च मावि,वैदाम, कास्की**

शिक्षाको अधिकारको प्रत्याभूतिका लागि शैक्षिक एजेण्डाहरु लिखित सिद्धान्तको रुपमा नभई ब्यवहारिक रुपमा लागु गर्न सकिने (सीपमुलक/ब्यवहारिक) खालका सिद्धान्तहरुको आवश्यकता पर्दछन्। शिक्षामा राज्यद्धारा सम्पूर्ण लगानी भएको हुनुपर्दछ। विकेन्द्रित शिक्षा प्रणाली लागु गर्नुपर्दछ। जातीय, वर्गीय र लैङ्गिक आधारमा शिक्षा प्राप्त गर्ने खालको परिस्थिति अन्त्य हुनुपर्दछ। शिक्षा जीवनको आधारभूत एवं अपरिहार्य आवश्यकता हो भन्ने सोचाइको विकास गराउँनु पर्दछ। शिक्षा घोकन्ते शैलीको नभई जीवन उपयोगी खालको भएमा शिक्षामा स्वत:स्फूर्त आकर्षण आउन सक्दछ। गुणस्तरीय शिक्षाको लागि हचुवाको भरमा लगानी मात्र नगरेर प्रयाप्त एवं विज्ञ विशेषज्ञहरुबाट अनिवार्य अनुगमन गराएर मात्र शैक्षिक गुणस्तर हासिल गर्न सकिन्छ।

**दानबहादुर के.सी**
**शिक्षासेवी, गुल्मी**

जनकल्याणकारी र लोकतान्त्रिक सरकारको पहिचान जनताको शिक्षा, स्वास्थ्य र रोजगारीको पक्षमा अधिकतम प्रत्याभूति दिनु हो। यसको लागि नेपालको कुना–काप्चामा रहेका प्रत्येक जाति/जनजाति, पछाडि परेको वा पारिएको क्षेत्र र वर्गका अत्यन्त निम्न तथा विपन्न व्यक्तिहरूको घरदैलोमा सहज रूपमा शिक्षा हासिल गर्न र गराउन स्कूल खोलेरमात्र पुग्दैन। अहिले पनि जहाँ/जहाँ स्कूल खोलिएका छन्, त्यहाँ विपन्न वर्ग र पछाडि पारिएका समुदायका बालबालिकाहरू विद्यालय जान सकेका छैनन्। त्यसकारण यस्ता वर्गका बालबालिकाहरूको शिक्षा हासिल गर्ने अधिकार दिलाउन उनीहरूलाई खाने, बस्ने र पढ्ने व्यवस्था मिलाउनु पर्दछ। यस्तो जटिल काम राज्यले गर्नु पर्दछ अथवा राज्यले बालबालिकाका अविभावकहरूको आर्थिक स्तर वृद्धि गराउने खालका आयआर्जनका कार्यक्रम सञ्चालन गरेर उनीहरूका बालबालिकाहरूलाई शिक्षाको अवसर प्राप्त गर्न सक्ने वातावरण मिलाउने व्यवस्था मिलाउनु पर्दछ। यस्तो गर्न सकेमात्र शिक्षाको अधिकारको प्रत्याभूति आमनागरिकहरूले लिन सक्नेछन्। अन्यथा शिक्षाको अधिकारको प्रत्याभूति दिन सकिन्छ भनेर चर्चा गर्नु गफाडिहरूको गफमात्र सावित हुनेछ।

**विष्णु पोखरेल**
**शिक्षक,नमुना उच्च मावि, पाल्पा**

विकासको प्रत्येक तह र चरणमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ भने उचित शिक्षा र ज्ञानको माध्यमवाट मात्र दक्ष जनशक्ति उत्पादन हुनसक्छ। नेपालको अन्तरिम संविधान २०६३ ले समेत प्रत्येक नागरिकले शिक्षा पाउनु पर्ने विषयलाई मौलिक हकको क्षेत्र भित्र राखेको छ। शिक्षा मानवको व्यक्तित्व विकास, सामाजिक सद्भाव एवं विश्व शान्तिको लागि अपरिहार्य शर्त हो। शिक्षा प्राप्त गर्नु मानिसको प्राथमिक मानवअधिकार हो। मावन संसाधन विकासको पहिलो र प्रमुख आधार पनि हो। शिक्षा भन्ने वित्तिकै मानिस (बालक, युवा, बयष्क) ले कुनै कुरा जान्न, गर्न र सँगसँगै

बाँच्न सिक्ने कुरा पर्दछ। शिक्षाले प्रत्येक व्यक्तिको प्रतिभा र क्षमतालाई उजागर गर्दछ, सिकारुको व्यक्तित्व विकास गराई जीवनस्तर सुधार गर्न मद्दत गर्छ र समाजलाई परिवर्तन गर्दछ। तसर्थ शिक्षामा एकरुपता, व्यापकता, सर्वसुलभता तथा समावेशिता हुनुपर्छ। यस्तो शिक्षा प्राप्त गर्न पाउने आधारभूत अधिकारको प्रत्याभूतिका लागि देश र समाजको मौलिक यर्थाथतामा आधारित भई प्रत्येक नागरिकले मौलिक हकको रुपमा शिक्षा प्राप्त गर्न पाउने र सक्ने किसिमको शैक्षिक नीति र कार्यक्रम बनाई लागु गर्नुपर्दछ। शिक्षा सर्वसुलभ र गुणस्तरीय हुन जरुरी छ। यसवाट सीमित व्यक्ति वा समुदाय मात्र लाभान्वित हुन पाउने/सक्ने किसिमको र अनुत्पादक जनशक्ति उत्पादन गर्ने भएमा समाज र राष्ट्रका लागि विडम्वना सिवाय केही हुदैन।

**टीकाराम सापकोटा**
**प्राचार्य ,भीमसेन उच्च मावि विहु, वाग्लुङ**

शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानवअधिकारको विश्वव्यापी घोषणा सन् १९४८ ले शिक्षाको अधिकारलाई प्राथमिक मानवअधिकारको रुपमा स्वीकारेको छ। मुलुक सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणको संघारमा उभिएको वर्तमानमा शिक्षाको अवसर र पहुँच अति सिमान्तकृत वर्गसम्म पुऱ्याई शिक्षाको अधिकारको वास्तविक प्रत्याभूतिका लागि सर्वप्रथम नागरिकहरुको अधिकार प्राप्ति प्रतिको जागरुकता र राज्यको पूर्ण प्रतिवद्धता आवश्यक छ। नयाँ निर्माण हुने संविधानमा शिक्षालाई मौलिक अधिकारको रुपमा स्पष्ट व्यवस्था गरिनुपर्दछ। नेपाल जस्तो बहुसांस्कृतिक बहुधार्मिक, बहुभाषिक, बहुजातीय र भौगोलिक हिसाबले विविधतायुक्त मुलुकको शिक्षा प्रणाली केन्द्रीकृत नभै राज्यको पुनसंरचनामार्फत संघात्मकतामा आधारित विकेन्द्रित भएमा शिक्षामा सबैको पहुँच, अवसर र सहभागिता वृद्धि गर्न सकिन्छ। गुणस्तरको मापदण्ड उत्पादनको स्तरीयता, जनचाहना अनुसारको सेवा र सेवाग्राहीको सन्तुष्टि, पढेको ज्ञान र सिकेको सीपलाई गरिखाने तागतमा बदल्न सक्ने शिक्षार्थीको दक्षता र क्षमतासँग जोडेर निर्धारण गरिनुपर्दछ।

**डा. गितु गिरी**
**क्याम्पस प्रमुख,रुपन्देही क्याम्पस, भैरहवा**

व्यक्तिगत विकास, चरित्र निमार्ण, उतरदायित्वको भावना विकास,सस्कृतिको सरक्षण तथा हस्तान्तरण, जनशक्ति विकास जस्ता महत्वपूर्ण दायित्वहरु शिक्षामा निहित रहने गर्दछन्। यसलाई औपचारिक पद्धतिबाट मात्र आर्जन नगरी अनौपचारिक, अनियमित तथा आकस्मिक प्रक्रिया मार्फत पनि आर्जन गरिन्छ। समयसापेक्ष वर्तमान अवस्थामा शिक्षाका केही पक्षमा रहनुपर्ने तथ्यहरुलाई यसप्रकार प्रस्तुत गरिन्छ। जनचेतना अभिवृद्धि गरिनु पर्ने, विद्यालयस्तरसम्म निः शुल्क शिक्षाको व्यवस्था ,निः शुल्क पाठ्यपुस्तक को व्यवस्था, समुचित रोजगारका अवसर प्रदान गरिनु पर्ने, अनिवार्य रुपमा व्यवहारिक, प्रयोगात्मक तथा व्यवसायिक शिक्षा, विधार्थिले उत्पादन गरेका सामाग्रीको बिकी वितरणको प्रवन्ध, शिक्षकलाइ समयसापेक्ष प्रशिक्षण तथा पुनर्ताजकीकरण,नीतिगत कार्यान्वयन तथा सुपरिवेक्षणको प्रवन्ध ,छात्रवृति, पुरस्कार तथा दण्डको प्रभावकारिता हुनुपर्छ।

**कृष्णबन्धु पौडेल**
**सहायक प्राध्यापक,श्री दिव्य ज्योति बहुमुखी क्याम्पस वर्दघाट,नवलपरासी**

"शिक्षाको समान अवसर", "सवैका लागि शिक्षा" जस्ता नारा आधुनिक शैक्षिक जगतभित्र लोकप्रिय बनेका छन्। तैपनि व्यवहारिक कार्यान्वयनका लागि भने समाजमा विद्यमान विविध तत्वहरुले नकारात्मक प्रभाव परिरहेका हुन् त्यसैले शिक्षामा समानाधिकार प्रत्याभूतिका लागि बाधक बनेर रहेका सामाजिक तत्वहरुको पहिचान गरी तिनको निराकरण गरिनु पर्दछ र यसका साथै शिक्षाको ब्यापारिकरणलाई अन्त्य गरी राज्यले नै सम्पूर्ण शैक्षिक जिम्मेवारी लिनु पर्दछ। समाजमा विद्यमान जनतीय उचता-निचता, लैङ्गिक विभेद, वर्गीय वैविध्यता पेसागत अमर्यादा, नीतिगत अस्पष्टता, शासकीय अनुदारता आदि जस्ता कुराहरुले शैक्षिक अधिकारको प्रत्य भुतिमा बाधक तत्वको भूमिका खेलिरहेकाले राजनीतिक तहवाटै यिनीहरुको निराकरण गरिनु पर्दछ तव मात्रै शैक्षिक अधिकारको प्रत्यभूति संभव हुन आउँछ।

**बेनबहादुर सुयल**
**शिक्षासेवी, बेसीशहर लमजुङ**

शिक्षा जीवनका ऐना हो। सुनौलो भविष्यको मार्गदर्शक हो र व्यक्ति समाज हुदै राष्ट्रलाई आधुनिक वैज्ञानिक समय सँगसँगै दौडाउने अचुक अस्त्र पनि हो। विकासको चरणमा धेरै चमत्कारिक फड्को मारिसकेका विकसित मुलुकहरुको वर्तमान शैक्षिक अवस्था र भर्खर भर्खर वामेसर्न लागेका विकासोन्मुख मुलुकहरुको शैक्षिक अवस्थालाई तुलनात्मक रुपमा हेर्ने हो भने पनि शिक्षाको महत्व र आवश्यकता वारे सहजै अनुमान गर्न सकिन्छ। जुनसुकै मुलुकको भविष्य त्यस देशको वर्तमान शैक्षिक अवस्थाले निर्धारण गरेको हुन्छ। त्यस देशका वालवालिकाहरुले प्राप्त गरेका शिक्षाको अवसर देशको राष्ट्रिय निति नियम राजनीतिक अवस्थामा भर पर्दछ। शिक्षा व्यक्ति, समाज र राष्ट्रको मुहार फर्ने आधार हो। शिक्षा समयसापेक्ष युग परिवर्तनको आधारशिला भएकोले यसमा आधुनिक परिवर्तन प्रयोगहरु पनि हुदै आइरहेका छन्। तथापी द्वैद शिक्षाको अन्त्य गरी एकै प्रकार शिक्षाको व्यवस्था गरी सबै नागरिकलाई समान शिक्षाको अवसर दिन सकेमा सबै नागरिकको समान पहुँच पुग्न सक्छ।

**डम्बरदेव कैनी**
**व्यास नपा-१०,तनहुँ**

शिक्षाप्रति पूर्ण जवाफदेहिता र जिम्मेवारी बोकेको राज्यव्यवस्थामा शिक्षालाई मानवअधिकारका रुपमा स्थापित गर्नुपर्छ र जनचेतना अभिवृद्धिका लागि सामाजिक र शैक्षिक कार्यक्रमहरु संचालन

गर्नुपर्छ। सामाजिक, आर्थिक समानता। सबै तह तप्का र वर्गको समावेशी राज्य व्यवस्था, उपयुक्त शैक्षिक वातावरण र चेतनाका विकास शिक्षामा सबै नागरिकको समान पहुँचका आधारहरु हुन्। देशका सबै नागरिकले हासिल गर्न सक्नेगरि व्यवस्थित र संचालित शिक्षा सर्वसुलभ शिक्षा हो। व्यक्तिको सर्वाङ्गीण विकास गराउने शिक्षा नै गुणस्तरीय शिक्षा हो। शिक्षा र व्यक्तिका यिनै गुण र क्षमता मापनका लागि अपनाईने सैद्धान्तिक तथा प्रयोगात्मक विधिहरु (जाँचबुझ, अवलोकन र प्रयोगात्मक क्रियाकलाप आदि) यसका मापदण्ड हुन्।

**प्रस्तुति :टंक खनाल /खिमप्रसाद मरासिनी/ दिलशोभा पुन/ दुर्गा न्यौपाने /रामबहादुर जि.सी./ नारायण पराजुली /कृष्णप्रसाद अधिकारी /प्रकाशचन्द्र भट्टराई**

## मध्यपश्चिमाञ्चल

**रोहितकुमार चौधरी**
**मानवअधिकार सहजकर्ता**
**डुरुवा -७ दाङ**

बर्तमान सन्दर्भमा शिक्षाको अधिकारको प्रत्याभूतिका लागि नयाँ नेपालको पुन:संरचना सगै बिभिन्न खाले सरोकारवालाहरुको विचार सँगै, सर्वपक्षीय सम्वन्धको अवधारणाको विकास गरिनुपर्छ जसले सबै राजनीतिक ,बर्गीय जातीय तथा लैङ्गिक अपेक्षा सम्बोधन गर्ने साझा शैक्षिक सरकारी नीति आउन आवश्यक छ , शिक्षा प्रायोजित वस्तु नभै आधारभूत आवश्यकताको विषयवस्तुको रुपमा देशको मूल कानूनमा लेखिनुपर्छ , शिक्षालाई राज्यले पहिलो प्राथमिकतामा लिनुपर्छ। जहासम्म शिक्षामा सबै नागरिकको समान पहुचका आधार के हुन सक्छ भन्ने सवाल, शिक्षासँग जोडिएका मूल प्रश्नहरु आर्थिक , राजनीतिक, सामाजिक , सास्कृतिक क्षेत्रमा पिछडिएका र पछाडी वर्ग, तह तथा तप्काका नागरिकहरुलाई अगाडी ल्याउने निश्चित मापदण्ड सहितको योजना वनाइनु पर्छ। साथै त्यस्ता वर्ग तहका बालवालिकाहरुका लागि जातिगत,भाषा सस्कृतिअनुसार आफ्नै मातृभाषामा प्राथमिक शिक्षा र बहुभाषिक विश्वविद्यालय खोल्न सरकारी योजना वनाउनुपर्छ , यसकालागि सम्पूर्ण पुर्वाधार तयारीको जिम्मा राज्यले लिनुपर्छ,सवै क्षेत्रका नागरिकहरुले समान रुपमा शिक्षा उपभोग गर्ने नीति सरकारले ल्याउनुपर्छ।

**खडानन्द खड्का**
**प्रधानाध्यापक, सिद्धार्थ प्रा.बि.रझेना-८, बाँके**

शिक्षाको अधिकार लिने व्यक्ति स्वयं आफैमा सक्षम हुनु जरुरी छ। सबै पक्षलाई समेट्नेगरी पदाधिकारी को चयन गर्नुपर्दछ। समय सापेक्ष देश बिदेश सुहाउँदो शिक्षा नीति लागु गरिनुपर्छ। यी यस्तै खालेविषयबस्तुहरु समेटिने गरी शिक्षाको अधिकारको प्रत्याभुति दिईनुपर्दछ। सबै नागरिकको पहुँच शिक्षामा पुऱ्याउन सर्वप्रथम सूचनाको व्यापक प्रवाह एक आपसमा गर्नुपर्छ। बोलीमा मात्र नभएर व्यावहारमा पनि शिक्षा नीति लागु गरिनुपर्छ। एक आपसमा विश्वासको वातावरण सिर्जना गरिनुपर्छ। शिक्षा सस्तो र सर्वसुलभ बनाईनु पर्छ। दुई खाले शिक्षालाई सुधार गरिनुपर्छ। राज्यले शिक्षाको जिम्मेवारी लिनुपर्छ। दक्ष जनशक्तिलाई राज्यको सबै ठाँउमा पुऱ्याउनु पर्छ। शिक्षामा नकारात्मक प्रभाव पार्ने तत्वहरुलाई निरुत्साहित पारिनु पर्छ। पाठ्यक्रममा सुधारगरी मातृभाषाको शिक्षालाई व्यापक गरिनु पर्छ।

**रबिन्द्र रेग्मी**
**प्रिन्सिपल, डाइनामिक उच्च मा.बि.कोहलपुर-३ बाँके**

शिक्षामा समान पहुँच पुऱ्याउनको लागि राज्यको तर्फबाट मुलभुत दुई वटा पक्षहरुलाई अंगिकृत गरिनुपर्दछ। पहिलो : बिभिन्न आय आर्जनको कृयाकलापमा समान पहुँच बनाई वर्ग बिभाजनको अवस्थालाई समाप्त पार्नु पर्दछ। दोश्रो बर्तमान अवस्थामा देखिएको शैक्षिक व्यापारीकरणको अन्त्य हुनुपर्दछ। शैक्षिक व्यापारीकरण अन्त्य पश्चात शिक्षा क्षेत्रको सम्पूर्ण लगानी राज्यद्धारा नै प्रत्याभूति गरिनुपर्दछ। नागरिकद्धारा गरिएको लगानीले बिभेद गर्ने भएकोले राज्य नै यसका लागि जिम्मेवार हुनुपर्दछ।

**प्रस्तुतिः सेमन्त गौतम**

## सुदूरपश्चिमाञ्चल

**माधवप्रसाद अवस्थी**
**क्याम्पस प्रमुख,स्नातक क्याम्पस, दार्चुला**

हाम्रो देश बिभिन्न भौगोलिक एवम् सांस्कृतिक बिभिदताको देश भएकोले बिभिन्न क्षेत्र र वर्ग पहिचान गरी विभिन्न धार्मिक तथा सांस्कृतिक मान्यता बोकेका वर्गका लागि प्राथमिक तहसम्म मातृ भाषामा शिक्षा दिने व्यवस्थाका साथै सम्पुर्ण बालबालिका र निरक्षकहरुका लागि अनिवार्य शिक्षाको कानूनी व्यवस्था मुल कानूनमा नै गरेर कार्यन्वयन पक्षमा विषेश जोड दिन सकेमा शिक्षाको अधिकारको पूर्ण प्रत्याभूति दिन सकिन्छ।

**गणेश बि.के.**
**अध्यक्ष, राष्ट्रिय दलित नेटवर्क,धनगढी**

शिक्षालाई मौलिक हकका रुपमा उपयोग गर्दै दलित तथा गरीवहरुलाई शिक्षा र रोजगारीमा विशेष अधिकारका रुपमा लिई आवधिक संवैधानिक आरक्षणको व्यवस्था गर्न सके शिक्षाको अधिकारको प्रत्याभूति हुन सक्दछ। शिक्षामा सवै नागरिकको समान पँहुच बढाउनका लागि सर्वप्रर्थम सवै जाति,भाषा,धर्म र समुदायको पहिचानको कायम गर्नु पर्दछ। सवैको अर्थपुर्ण सहभागिता सहितको पँहुचको ग्यारेन्टी गरिनु पर्दछ। यसका लागि जातीय, लैङ्गिक, क्षेत्रीय, भाषिक र धार्मिक विभेदहरुको समूल अन्त्य गरिनुपर्दछ। शिक्षा प्राप्त गर्ने केन्द्रिकृत प्रणाली अर्थात विभेदकारी राज्य संरचनाको संघिय लोकतान्त्रिक गणतन्त्र मुलुक हुने गरी पुर्नसरचना गरिनुपर्दछ। स्थानीय निकायले स्थानीय स्रोत साधनको परिचालन गर्न सक्ने अधिकार दिइनुपर्दछ।

**प्रस्तुतिः मदनसिह धामी/कृष्णबहादुर बिक**

# शीत लहर

**– सुधीर यादव**

"बाछो जाडोले मर्न लागि सक्यो। गुदडीले ओढाइदिनु पर्‍यो।"

बाबुको आदेश छोरीले मान्न खोजिन, "हामीले के ओढ्ने ? एउटा कम्बल ल्याइदेउ भनेको ल्याइदिने होइन ?"

बाबुले आँखा तरेर हात उठायो "तेरी आमाको बाउले कुन सम्पत्ति दिएको छ र कम्बल किन्नलाई ?

छोरीले गुदडी ल्याएर बाउतिर फ्याँकिदिई। बाउले फेरि आँखा तर्‍यो। छोरी डराई। यस्तोबेला बाउको नजिक पुग्यो भने दुईचार थप्पड भेटिन्छ।

पुराना लुगालाई बडो मेहनतका साथ सिएर आमा छोरीले गुदडी बनाएका थिए। आमाछोरी दुवै त्यही ओढ्ेर रात काट्दथे, बिहान घाम लागेपछि त जिउ तताउन सकिने आसमा।

हप्तौ भइसक्यो घामको अनुहार पनि देखिएको छैन। त्यो गुदडी पनि बाउले लिएर गोरुलाई ओढाइदियो। बाबु गोरुलाई साह्रै माया गर्छ। पूरा पाँचहजार तिरेर मालहटियामा किनेको गोरु। शीत लहर शुरु भएदेखि झन गोरुको स्याहार सम्भारमा बाउ झन लागेको छ। अब अर्को वर्ष एउटा गोरु किनेपछि एकहल हुन्छ। दुई बिघा खेत समार्न अनि कसैको मुख ताक्नु पर्दैन। गोरुको कुरा गर्‍यो कि उ ससुरालाई सम्झिन्छ। विहे गर्दा एकहल गोरु, साइकल र घडी दिने बाचा गरेको थियो। तर दिएन। त्यसैले स्वास्नीलाई गाली गर्दा उ बेइमानकी छोरी भन्ने गर्छ। सात वर्षकी छोरीले पनि यो बुझेकी छ। उसले यो पनि बुझेकी छ उ जन्मेकोमा उसको बाउ असन्तुष्ट छ। छोरा भएको भए दहेज ल्याउँथ्यो, छोरी भएकीले दिनु पर्छ। बेला कुबेला उसलाई पिटेर बाउ आफ्नो असन्तुष्टी पोख्ने गर्छ।

बाबुले उनीहरूले ओढ्ने गरेको गुदडी गोरुलाई ओढाइदियो। छोरीले दुईचारओटा पुराना बोरा खोजेर ल्याई। जसोतसो रात काट्न सकिन्छ कि। राति झन चिसो हावा चल्यो। बाउले गोठमा आगो बालिदियो। आमाले छोरीलाई पनि गोठमा लगी। बोरा ओढेको देखेर बाउले भन्यो "तिमीहरू आगो तापेर बस। बरु बोरा गोरुलाई ओढाइदिन्छु।" उनीहरूले ओढेको बोरा बाउले गोरुलाई ओढाइदियो।

घुरको छेउमा आमा छोरी कतिखेर निदाए, थाहै भएन। बिहान बाउ बम्किन थाल्यो" बेइमानका सन्तान अझै सुतेर बसेका छन्।"

लोग्नेको आवाज सुन्नासाथ थरथर काप्ने स्वास्नी अझै उठिन। आँखा मिच्दै उठेकी छोरीले आमालाई उठाउन खोजी। तर पातलो धोतीमा बेरिएको उसको शरीर चलेन।

केही बेरमै बाउले मलामी जम्मा पार्‍यो। बाउले छोरीको अनुहारतिर हेर्‍यो। छोरीको दनदनती बलिरहेको आँखालाई उसले धेरैबेर हेर्न सकेन।

**फिचर**

## फेरि बालिका शिक्षाको कुरा

सार्की टोलका गाइने, मुरली, दयाबहादुर र सानाबाबुजस्ता सार्कीहरू घरनजिकै स्कुल हुँदा पनि छोरीलाई पढाउन नसकेकोमा चिन्तित छन्। साठीघर भगवती गाविस-४ सार्कीटोलमा घरनजिकै प्राथमिक विद्यालय खुलेपनि त्यहाँका दलित परिवारले छोरीलाई विद्यालय पठाउँदैनन्। सात प्रतिशतमात्र दलित महिला साक्षर रहेको हाम्रो मुलुकमा महिलालाई विद्यालयसम्म ल्याउन सकिएको छैन।

"छोरीलाई पनि पढाउनुपर्छ" भन्दा बालिका शिक्षाको अनिवार्यता झल्कनसक्छ। समाजमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतना बढिरहेको अवस्थामा कुनै ठाउँ विशेषमा मात्र यसलाई जोड दिनु उपयुक्त हुँदैन। तर, साठीघर भगवती गाविसमा छोराको तुलनामा छोरीले कम मात्र अवसर पाएका छन्। शिक्षा, स्वास्थ्य र चेतनाको क्षेत्रमा बालिकाको स्थिति अत्यन्त कमजोर छ। छोराको आशमा यहाँका दलित महिलाले छोरीको बथान थुपारेका प्रशस्त उदाहरण भेटिन्छन्।

बालअधिकार महासन्धिको धारा २८ र २९ को शिक्षासम्बन्धी अवधारणाले प्राथमिक शिक्षालाई अनिवार्य र नि:शुल्क गर्नुपर्ने व्यवस्था गरेको छ। शिक्षा ऐन-०२८ लाई संशोधन गर्न बनेको ऐन-०५८ ले गरिवीको रेखामुनि रहेका दलित, जनजाति र महिलालगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ। शिक्षा मन्त्रालय र रातो किताबका अनुसार सन् १९९८ मा सरकारी प्राथमिक विद्यालयमा प्रति विद्यार्थी ६ सय ३१ रुपैयाँका दरले सरकारले खर्च गरेको छ। माध्यमिक तहमा १ हजार ५८ रुपैयाँ प्रति विद्यार्थी सरकारी लगानी भएको देखिन्छ। त्यस्तै एक जना विद्यार्थीका लागि एक बर्षमा एक परिवारले ८ सय ३८ रुपैयाँ बराबर खर्च गर्छ। सन् १९९६ को केन्द्रीय तथ्यांक विभागको आँकडाअनुसार पहाडमा प्रति विद्यार्थी ४ हजार ७ सय बराबर खर्च हुने गरेको देखिन्छ।

पर्याप्त महिला शिक्षिका नहुनु पनि बालिका शिक्षाको अर्को समस्या हो। सार्क राष्ट्रहरूमध्ये भारत, पाकिस्तान र बंगलादेशमा ३० प्रतिशतभन्दा बढी महिला शिक्षिका छन् भने नेपालमा प्राथमिक विद्यालयमा २३ प्रतिशतमात्र महिला शिक्षिका छन्। अर्को कारण डा. लेखनाथ बेलबासेको तर्क झैं धेरै विद्यार्थी फेल भए भने शिक्षकको जागीर जाने प्रावधान यहाँ छैन। खासगरी नेपालमा पूर्व प्राथमिक र प्राथमिक गरी २९ हजारभन्दा बढी विद्यालयमा १७ लाख बालिकाले अध्ययन गरिरहेका छन्। बालकहरूको तुलनामा यो संख्या ४ लाख कम छ। काभ्रे जिल्लाको सन्दर्भमा ९ सय ३७ विद्यालयमध्ये छ सय ७१ मात्र प्राथमिक तहका विद्यालय छन्। साठीघर भगवती गाविसका ६ वटा विद्यालयमा पाँच वटा प्राथमिक तहका विद्यालय भए पनि बालिका शिक्षाको महत्व अर्थहीन भएको छ।

सहपाठी वा महिला शिक्षिकाको अभाव पनि बालिका शिक्षाको बाधक कुरा हो। नेपालमा २३ प्रतिशत, काभ्रेमा १४ प्रतिशत र यस गाविसमा एक जनामात्र महिला शिक्षिका हुनुले यस कुराको पुष्टि गर्दछ। अर्कोतिर यति थोरै महिला शिक्षिकामध्ये तालिमप्राप्त एक चौथाई पनि छैनन्। महिला साक्षरता ३७ प्रतिशत रहेको हाम्रोजस्तो मुलुकमा जिल्लाको छात्रा भर्नादर १४ प्रतिशतमात्र हुनु दु:खदायी कुरा हो। गाउँलेको सोचाई, विद्यालयमा दलित छात्राको उपस्थिति र गाउँको समग्र पक्षको अध्ययन गर्दा यहाँ बालिका शिक्षाको आवश्यकता टड्कारो देखिन्छ।

**भोजराज तिमिल्सिना**
काभ्रे

# समावेशी शैक्षिक वातावरण अनिवार्य



प्रा. कृष्ण पोखरेल

**शिक्षाको अधिकारबाट वञ्चित समूदायलाई अवसर नदिदासम्म अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको व्यवहारिक कार्यान्वयन असम्भव प्रायः हुन्छ । परिणामस्वरूप शाषित वर्गको उच्च र गुणस्तरीय शिक्षामा पहुँच हुँदैन भने शोषक वर्ग जहिले पनि अवसरहरूको सामिप्यमा हुन्छ । सबैका लागि शिक्षा अभियानलाई पुरा गर्न नेपाल सरकारले समावेशी र समतामूलक शैक्षिक वातावरणको सिर्जना गर्नु अनिवार्य छ ।**

*अध्यापनमा स्वतन्त्रता हुने भएकाले सो पेशा रोजेको बताउनुहुने राजनीतिशास्त्रका **प्राध्यापक कृष्ण पोखरेल**को जन्म २००४ सालमा बिराटनगरमा भएको हो। आदर्श बिद्यालय बिराटनगरमा माध्यमिक शिक्षकको रूपमा शिक्षण पेशा सुरु गर्नुभएका पोखरेलले २०२८ सालमा झापास्थित मेची महाबिद्यालयबाट राजनीतिशास्त्र बिषयको प्राध्यापनमा संलग्न हुनुभएको हो। केही समय बिराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसमा अध्यापन गर्नुभएका पोखरेल २०५४ देखि २०५८ सालसम्म पूर्वाञ्चल बिश्वबिद्यालयमा सेवा आयोगको अध्यक्ष हुनुहुन्थ्यो। पोखरेल हाल त्रिभुवन बिश्वबिद्यालयको जनप्रशासन केन्द्रीय बिभागमा प्राध्यापन गर्नुहुन्छ।*

*शिक्षालाई नागरिक अधिकारका रूपमा स्थापित गर्न शिक्षाबाट वञ्चित समूदायलाई समान अवसर दिइनुपर्ने बताउनुहुने प्राध्यापक पोखरेल मानवअधिकार संरक्षण मञ्च (मासम) का उपाध्यक्षसमेत हुनहुन्छ। गुणस्तरीय शिक्षा र शिक्षाको अधिकारका बिषयमा केन्द्रित रही पोखरेलसँग ०६४ मंसिर ८ गते **प्राचीका सम्पादक लक्ष्मणदत्त पन्त**द्वारा गरिएको कुराकानीमा पोखरेलले भन्नुभयो, "शिक्षाको अधिकारको प्रत्याभूतिका लागि संवैधानिक प्रतिबद्धता मात्र प्रयाप्त हुदैन, यसका लागि राष्ट्रिय राजनीतिमा वहिष्कृत ठूलो समूदायलाई राजनीतिको मूलप्रवाहमा समाहित गर्नु अनिवार्य सर्त हो।"*

**अन्तर्वार्ताको सारसंक्षेप**

**प्राची** : तपाईले नेपालमा शिक्षासँग आमनागरिकको पहुँचको बिषयलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

**पोखरेल** : नेपाली समाज बिभिन्न भाषा र संस्कृतिमा बिभाजित छ। यहाँको राष्ट्रिय राजनीतिमा जनसंख्याको ठूलो हिस्सा बहिस्कृत छ। सामाजिक जीवनमा यसको प्रभाव शिक्षाको पहुँचमा परेको छ। हुनेखाने र सामन्तका लागि शिक्षा सर्वसुलभ भएको छ भने हुँदाखाने र राजनीतिक मूलप्रवाहमा पछि पारिएकाहरूका लागि शिक्षा अभिसाप सिद्ध भएको छ। आर्थिक तथा सामाजिक चेतना कमजोर भएका वर्ग त अहिले पनि सामान्य शिक्षाबाटसमेत वञ्चित छन्। पछिल्लो लोकतान्त्रिक आन्दोलनलेसमेत वञ्चित वर्गका लागि व्यवहारिक पहल गरेको देखिदैन्। शिक्षाको अधिकारको प्रत्याभूतिका लागि संबैधानिक प्रतिबद्धता मात्र प्रयाप्त हुँदैन, यसका लागि राष्ट्रिय राजनीतिमा वहिष्कृत ठूलो समूदायलाई राजनीतिको मूलप्रवाहमा समाहित गर्नु जरूरी छ।

**प्राची** : शिक्षालाई अधिकारका रूपमा पनि हेरिन्छ, नेपालको सन्दर्भमा यसको सार्थकता कति छ ?

**पोखरेल** : हो मानवअधिकारको बिश्वब्यापी घोषणापत्र, १९४८ ले समेत शिक्षालाई अधिकारका रूपमा स्थापित गरेको छ, जसअनुसार कमसेकम प्रारम्भिक तथा आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्दछ। तर त्यसलाई मौलिक हकमा रूपमा नेपालले व्यवहारिक बनाउन भने सकेको छैन्। नेपालको अन्तरिम संविधान, २०६३ मा प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हकबारे उल्लेख भएपनि सरकारले शिक्षालाई राष्ट्रिय लगानीका रूपमा अगाडी बढाउन सकेको देखिदैन्। अर्कोतिर अझैपनि आर्थिक सम्पन्नताले शिक्षाको पहुँच अर्थ्याउनुले पनि शिक्षालाई अधिकारका रूपमा व्यवहारिक बनाउन सकिएको छैन्। शिक्षामा भएको निजिकरणले राज्यको बोझ केही मात्रामा कम गरेपनि त्यो सर्वसाधारणका लागि पहुँचको बिषय बन्न सकेको छैन्। बिगतमा प्रदान गरिने गरिएको छात्रवृतिसमेत अहिले कटौति

गरिएको छ या त कम भएको छ। यो सबै अहिले दुई ध्रुवीय विश्वबाट एक विश्व हुनुको प्रभाव हो। वास्तवमा अहिले सामाजिक र आर्थिक रूपले कमजोरहरूको पहुँच शिक्षामा कम भएको हो।

**प्राची** : सन् २०१५ सम्ममा नेपालले अन्तर्राष्ट्रिय अभियानअन्तर्गत सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्न गुणस्तरीय तथा आधारभूत शिक्षामा पूर्ण र समान पहुँचका लागि जाहेर गरेको प्रतिबद्धता पुरा होला?

**पोखरेल** : अहिले राज्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संवैधानिक संयन्त्रको नियमन गर्ने बिषयमा चुकेको देखिन्छ। प्रतिबद्धता कार्यान्वयन गर्ने संयन्त्रको अभावले नागरिक न्युनतम स्तरको शिक्षा पाउनबाटसमेत वञ्चित भएका छन्। समान धरातलमा समान अवसर दिन समानता जरूरी छ, असमानहरूकाबीच समानताको कुरा सान्दर्भिक हुदैन। शिक्षाको अधिकारबाट वञ्चित समूदायलाई अवसर नदिँदासम्म अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको व्यवहारिक कार्यान्वयन असम्भव प्राय: हुन्छ। परिणामस्वरूप शाषित वर्गको उच्च र गुणस्तरीय शिक्षामा पहुँच हुदैन भने शोषक वर्ग जहिले पनि अवसरहरूको सामिप्यमा हुन्छ। सबैका लागि शिक्षा अभियानलाई पुरा गर्न नेपाल सरकारले समावेशी र समतामूलक शैक्षिक वातावरणको सिर्जना गर्नु अनिवार्य छ।

**प्राची** : नेपालमा विद्यमान शैक्षिक समस्या समाधानका सम्भावित रणनीतिहरू के हुन सक्दछन् ?

**पोखरेल** : नीति निर्माण एक राजनीतिक कार्य हो,जसको आत्मा राजनीतिक नेतृत्वसँग रहेको हुन्छ। राजनीतिले नै सबै कुरालाई निर्देशित गर्ने भएकोले कुनैपनि क्षेत्रले तय गर्ने रणनीति राजनीतिक नेतृत्वबाट टाँढा रहन सक्दैन्। त्यसैले नेपालमा बिद्यमान शैक्षिक समस्यारूको समाधानका लागि राजनीतिक स्थायित्व हुनु आवश्यक छ। शिक्षा क्षेत्रका तमाम समस्याहरु पुरा गर्न र शिक्षालाई अधिकारका रूपमा स्थापित गर्न सरोकारवालाहरू राजनीतिक स्थायित्वमा चुकेका छन्। हामीकहाँ बाह्य रूपमा निर्देशित कुराहरू बढी छन्। राजनीतिक दृष्टि स्पस्ट र प्रभावकारी छैन्। उच्च



शिक्षामा पनि त्यही देखिन्छ, बिश्वबिद्यालयहरू खुलेका छन्, तर स्पस्ट दृष्टिकोण देखिदैन्। तसर्थ राज्यले शिक्षामा भएको विभेदीकरणको अन्त्य गरी वञ्चित समूदाय र पछाडी पारिएका वर्गको शिक्षामा बिशेष जोड दिने किसिमको शैक्षिक रणनीति तयार गरी त्यसलाई तत्काल कार्यान्वयनसमेत गर्नुपर्दछ।

**प्राची** : बिभिन्न जनजाति, आदिवासीलगायत् अल्पसंख्यक भाषाभाषीले अहिले आफ्नो मातृभाषामा आधारभूत एवम् प्राथमिक शिक्षा पाउनुपर्ने माग उठाइरहेका छन्। के यसले वञ्चित वर्गलाई शिक्षाको मूलप्रवाहमा समाहित गर्न सहयोग गर्ने देखिन्छ ?

**पोखरेल** :अहिलेको युग प्रतिस्पर्धाको युग हो। तर बिभिन्न जनजाति, आदिवासीलगायत वर्ग, धर्म, क्षेत्र र समूदायले आफ्नो भाषा-संस्कृतिलाई जर्गेना गर्न पाउनु बिश्वब्यापी रूपमा स्वीकार्य मानवअधिकार पनि हो। यस सन्दर्भमा पाठ्यपुस्तक, शिक्षक र बिद्यालय बनाउने कुरामा राज्यले बिशेष ध्यान दिनुपर्दछ। बिभिन्न भाषाभाषीहरूका बीच समानता र सहअस्तित्वको अवधारणा बिकास गरी उनीहरूको अधिकारको रक्षाका लागिसमेत मातृभाषामा आधारभूत एवम् प्राथमिक शिक्षा पाउनुपर्ने मागलाई अधिकारका रूपमा स्थापित गरिनुपर्दछ।

**प्राची** : अहिले शिक्षामा गुणस्तरकोसमेत कुरा उठिरहेको छ। गुणस्तरीय शिक्षाको सवाललाई कसरी सम्बोधन गर्न सकिएला ?

**पोखरेल** :कुनै पनि बिषयमा स्पस्ट र ब्यवसायिक ज्ञान हुनुले गुणस्तरलाई जनाउँदछ। शिक्षा क्षेत्रमा पनि नविनतम अनुसन्धानहरूको माध्यमबाट यसको गुणस्तरबारे सचेत गराउन सकिन्छ। अहिले संसारैभरी शिक्षामा प्रतिस्पर्धा छ। हाम्रो शिक्षा पनि अन्तराष्ट्रिय बजारमा उपभोग्य हुन जरूरी छ। गुणस्तरीय शिक्षाको सवाललाई सम्बोधन गर्न बिपन्न वर्गको पहिचान गरी सार्वजनिक संस्थाहरूलाई शिक्षक, साधन र अनुगमनको अधिकार सुम्पिनु पर्दछ। त्यस्ता संस्थाहरूमा बिपन्नहरूको पहुँच स्वत: हुनुपर्दछ। यसले सक्नेलाई शिक्षा र नसक्नेलाई अभिसापको बिद्यमान परिस्थितिको अन्त्य गरी शिक्षाको अधिकार प्रत्याभूति गराउन सक्दछ।

**प्राची** : विपन्न वर्ग र पछाडि पारिएका समूदायका लागि शिक्षाको अधिकार सुनिश्चित गर्न तत्कालका लागि के रणनीति अपनाउन सकिन्छ ?

**पोखरेल** : विपन्न वर्ग र पछाडि पारिएका समूदायका लागि शिक्षाको अधिकार सुनिश्चित गर्न नेपालको समग्र शैक्षिक प्रणालीलाई पुनरावलोकन गर्नु जरूरी छ। यसका लागि प्राथमिकदेखि उच्चमाध्यमिक तहसम्मको पाठ्क्रम परिमार्जन गर्ने, अन्तर्राष्ट्रिय स्रोत-साधनको प्रभावकारी प्रयोग, वहिष्कृत समूदायको मूलधारमा पहुँच र शिक्षामा निरन्तर अभिप्रेरणा हुनु आवश्यक छ। समूदायको आवश्यकतासँग शिक्षाका रणनीतिहरू जोडिनुपर्दछ।

## पुस्तक परिचय

पत्रकार पूर्ण बस्नेत र अधिकारकर्मी सुभाष दर्नालद्वारा सम्पादित विशेषअधिकार र आरक्षणको राजनीति नामक पुस्तक विशेषअधिकार र आरक्षण तथा समानुपातिक प्रतिनिधिसम्बन्धी लेखहरूको सँगालो हो। जागरण मिडिया सेन्टरको पुस्तक श्रृङ्खला-२ अन्तर्गत प्रकाशित पुस्तकमा नेपालमा आरक्षणको राजनीतिक बहसका सन्दर्भमा विद्वान लेखकहरूका लेखहरू संग्रहित छन्। तीन खण्डमा विभाजित पुस्तकको पहिलो खण्डमा आरक्षणसम्बन्धी अवधारणाको सैद्धान्तिक विश्लेषण गरिएको छ। पुस्तकको दोस्रो खण्डमा दलित मुक्तिका सन्दर्भमा आरक्षण अधिकारको बारेमा चर्चा गरिएको छ भने तेस्रो खण्डमा रहेका दुईवटा लेखमा लोकतान्त्रिक व्यवस्थामा प्रतिनिधित्व सम्बन्धी नीतिहरू विश्लेषणात्मक टिप्पणीका साथै बजार विभेद तथा आर्थिक असमानताको विश्लेषण गर्दै निजी क्षेत्रमा आरक्षणको नीति सम्बन्धी विषय समेटिएका छन्।

पृथ्वीनारायण शाहले नेपाल एकिकरण थालेदेखि नेपालको शासनमा पहाडेमूलका हिन्दू उच्चजातीय मानिसको प्रभुत्व कायम भयो। जसका कारण समाजमा दलित, जनजाति, मधेशी, महिला र अल्पसंख्यकहरू शासन तथा निर्णय प्रक्रिया भन्दा बाहिर रहे। वि.सं. १९११ मा राणा प्रधानमन्त्री जंगबहादुरद्वारा जारी गरिएको मुलुकी ऐनले बाहुनवादी संस्कार र परम्परालाई मलजल गर्दै समाजलाई जातको आधारमा वर्गीकरण गऱ्यो। जसको रूप आजसम्म विद्यमान छ। जसका कारण जनसंख्याका हिसाबले उल्लेख्य उपस्थिति भएका मानिसहरूको शासन सत्तामा पहुँच पुगेन। माओवादीले २०५२ सालमा विद्रोह शुरु गर्दा समाजमा व्याप्त कुरीति कुसंस्कार र विभेदका विरुद्धमा आवाज उठाएका थिए। सशस्त्र द्वन्द्वका दश वर्षमा यस्ता विभिन्न विभेदहरूका कारण पाखा पारिएका व्यक्तिहरूको उल्लेख्य सहभागिता रह्यो।

साल दल र माओवादीबीच २०६३ कात्तिक २२ गते भएको ऐतिहासिक सहमति र नेपाल सरकार तथा माओवादीबीच सोही वर्षको मंसिर ५ गते सम्पन्न बृहत् शान्ति सम्झौताले नेपालमा परिवर्तनको ढोका उघारेको छ। दश वर्ष लामो सशस्त्र द्वन्द्वका कारण र त्यसका असरहरू यो बीचमा समीक्षा हुनु जरुरी छ। नेपालका सन्दर्भमा आरक्षणको कुरा गर्दा दलित, महिला, मधेशी समूदायको कुरा विशेषरूपमा चर्चा गरिनुपर्छ र यो सन्दर्भले




विगतमा भन्दा शान्ति सम्झौताका पछिल्ला महिनाहरूमा चर्चा पायो। आफ्ना अधिकारका लागि क्रियाशील त्यस्ता समूह र वर्गको राज्यले उपेक्षा गर्न मिल्दैन।

पुस्तकमा विदेशी लेखक माला तुनको के लिङ्ग जनजाति जस्तै हो? पहिचान सम्बन्धी समूहहरूको राजनीतिक प्रतिनिधित्व विषयक लेखमा विश्वका विभिन्न देशमा लैङ्गिक र जनजातीय आरक्षणका सम्बन्धमा विस्तृत रूपमा चर्चा गरिएको छ। यो लेखमा ती देशमा कसरी लैङ्गिक र जनजातीय आरक्षणको व्यवस्था गरिएको छ भनेर विस्तृत विवरण दिन खोजिएको छ। जसले नेपालमा आरक्षणमा बहस गर्नेहरूकालागि सन्दर्भ सामग्री उपलब्ध गराउन सक्छ। यसैगरी अर्का लेखक सुखदेव थोराटको निजी क्षेत्रको आरक्षण नीति शीर्षकको लेखमा बजार अर्थतन्त्रमा आरक्षणको सवालको विषयलाई प्रभावकारी ढंगले उठाएका छन्। यो लेखमा मुलतः भारतका विषयहरूलाई उठाइएको छ।

समग्रमा देशमा विद्यमान समानता र विभेदका बीच आरक्षण र विशेषाधिकारका बारेमा चर्चा गरिएको यो पुस्तकले समस्या र समाधानको मार्ग देखाएको छ। आरक्षणको सवालमा चर्चा गर्दा यसको प्रक्रिया के हुने भन्ने बारेमा पुस्तकमा बहस गरिएको छ। पुस्तकमा भनिएको छ- "निम्नलिखित क्षेत्रहरूका सरोकारवाला समूहहरूलाई आरक्षणको आवश्यकता छः

प्रतिनिधित्वमा निजामति सेवा, सुरक्षा वल, कार्यकारिणी, विधायिका, न्यायपालिका र स्थानीय निकायहरूमा), राज्यका सबै क्षेत्रहरूमा (शिक्षा, स्वास्थ्य आदि), सेवा र सुविधाहरूको क्षेत्रमा, तथा गैरसरकारी संगठन निजी क्षेत्रमा। तर जनताका खासखास समूहका लागि कोटा वितरण गर्दा अनुशरण गर्नुपर्ने ढाँचाहरू र तरिकाहरू के कस्तो हुनुपर्ला भन्ने कुरा चाहिं एउटा ठूलो चुनौती हो। समग्रमा पुस्तक पठनीय र जानकारीमूलक छ। नेपालमा विद्यमान विभेद र समस्याका बारेमा पुस्तकले यथेष्ट जानकारी दिन्छ।

**पुस्तकको नाम** : विशेषअधिकार र आरक्षणको राजनीति

**सम्पादक** : पूर्ण बस्नेत
सुभाष दर्नाल

**प्रकाशक** : जागरण मिडिया सेन्टर

**– मदन पौडेल**













# इन्सेकका केही प्रकाशनहरू















# नेपालको पहिलो

# मानवअधिकार समाचार अनलाइन



## नेपाली र अंग्रेजी भाषामा

## www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरू समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।


BY AIRMAIL